विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती



## संस्मरण-अङ्क-८

८८

ISSN 2362-1117
Vaijayanti Rs 100.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १६ अङ्क ४ पूर्णाङ्क ८८ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८० कार्तिक-मङ्सिर

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**

**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना : वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्

# सम्पादकीय

नेपाली निबन्धका विभिन्न बान्की विकास भइरहेका छन् । यी बान्कीका आधारमा हेर्दा यो निबन्धको विकासको चरण हो यद्यपि बान्कीअनुसारका सिर्जनात्मक मूल्यहरू अपेक्षित रूपमा समुन्नत बनिरहेका छैनन् । साहित्यको विकास र सैद्धान्तिक विकासका लागि विशिष्ट सिर्जनात्मक अभ्यास चाहिन्छ । ती सिर्जनाका नमुनाका आधारमा सिर्जनाको सिद्धान्त बन्छ । उच्च सिर्जनाका अभावमा सिद्धान्त पनि कमजोर हुन्छ । सरसरती हेर्दा अन्य विधाका तुलनामा निबन्ध विधाका तत्त्वहरू सीमित हुन्छन् । विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैली निबन्धका मूल तत्त्व हुन् । दृष्टिविन्दुलाई तत्त्व मान्ने वा नमान्ने विवाद नै छ । शीर्षक तत्त्वका रूपमा विमर्शमा पर्दैन । दृष्टिविन्दु, शीर्षकीकरण अन्य विधाका पनि साझा तत्त्व हुन् । निबन्ध सीमित तत्त्वका कारण नै सिर्जनात्मक विस्तारका विकल्प खोजिरहेको विधा हो । अलिकति आख्यानतत्त्व, अलिकति नाट्यतत्त्व र अलिकति कवितात्मक तत्त्व अटाएर निबन्धले विविध उपविधाहरू विकास गरिरहेको छ । यस विकासका क्रममा देखिएको एउटा उपविधा संस्मरण वा संस्मरणात्मक निबन्ध हो ।

नेपाली संस्मरणात्मक निबन्धको इतिहास छोटो भएर पनि यसको विकास निकै द्रूत गतिमा भइरहेको छ । यस विधाले आत्मकथा र नियात्रासँग पनि निकट सम्बन्ध राख्दै आफूलाई स्वतन्त्र विधाका रूपमा विकास गर्ने प्रयत्न गरिरहेको छ । यस विधाले दैनिकी, नियात्रा, निपत्र, निवार्ता, आत्मजीवनी, यात्रावृत्तान्त, जीवनी, आत्मलाप जस्ता विधाका खास खास पक्ष आफूमा गर्भित गर्न सकेको छ । यसमा दैनिकीका दिनदिनैका टिपोट पनि अटाउन सक्छन् । नियात्रा लेखनका क्रममा प्रकट हुने यात्रा संस्मरण वा विवरण पनि स्मृतिका रूपमा मिसिएर आउन सक्छन् । निपत्रका रूपमा लेखिने पत्रमा आउने संस्मरण वा प्रत्रोत्तरका सन्दर्भ पनि संस्मरणका अङ्ग बन्न सक्छन् । निवार्ता पनि वार्तापछिको निबन्धात्मक लेखन हो र यसको सिर्जनामा पनि संस्मरण तत्त्व प्रबल रहन्छ । आत्मजीवनी, आत्मकथा र जीवनी पनि संस्मरणकै आधारमा लेखिने विधाहरू हुन् र यिनमा पनि संस्मरण विधाको प्रत्यक्ष सम्बन्ध रहन्छ । यिनै विधाले संस्मरणलाई झिनो भए पनि आख्यान तत्त्वका कथा, पात्र र परिवेश प्रदान गर्छन् यस अर्थमा निबन्धका विविध बान्कीमध्ये थुप्रै पक्षलाई समेट्न सक्ने बान्की विशेष संस्मरण हो ।

संस्मरण साहित्यिक कला वा निबन्धात्मक उपविधा मात्र होइन । यसले श्रुति, स्मृति, लेखकले भेटेका व्यक्तिका आप्त वाक्य, पढे, देखे, बुझेका ज्ञान अनुभव, लेखकले भेटे भोगेको लोकका लोकोक्ति र लोकज्ञान विज्ञानको अभिलेखन र विस्तार पनि हो । यसमा आख्यानेत्तर गद्य र आख्यानात्मक गद्यको पनि स्वाद रहने हुँदा संस्मरणात्मक निबन्ध रचनाको बान्की निकै सबल देखिन्छ ।

*वैजयन्ती* विधा केन्द्रित साहित्यिक पत्रिका हो । यसले संस्मरणलाई पनि प्रमुख विधाका रूपमा प्रस्तुत गर्दै गाएको छ । संस्मरण अङ्कको आठौँ शृङ्खलाका रूपमा प्रकाशन भएको यस अङ्कले संस्मरण विधाका विकासमा केही योगदान गर्न सकोस् भन्ने हाम्रो कामना हो ।

## यस अङ्कमा


| क्रम. रचना | रचनाकार | पृष्ठ |
|---|---|---|
| १. मैले पढेको माध्यामिक विद्यालय | आत्माराम खरेल | ५ |
| २. रमाइला दिन | आर्या घिमिरे | ९६ |
| ३. खटकँदो यात्रा | केशवप्रसाद उपाध्याय | ९ |
| ४. अमेरिकी राष्ट्रपतिको घरमा पुग्दा | खेमराज पोखरेल | १५ |
| ५. दुर्गमका डाक्टर वैद्य | कृष्णप्रसाद बस्याल | २३ |
| ६. दिव्यज्योति बहुमुखी क्याम्पस... | डा. घनश्याम न्यौपाने'परिश्रमी' | २८ |
| ७. चङ्गा | दिव्य गिरी | ३४ |
| ८. साहित्य दिवस..... | डा. नारायण निरौला | ४१ |
| ९. गोवा यात्राको सम्झना | पुण्य कार्की | ४४ |
| १०. आफ्नै केही मृत्यु अनुभव ... | प्रा. पुरुषोत्तम दाहाल | ५५ |
| ११. नाज्माको अघोरी बूढो | बिनोद खड्का | ६५ |
| १२. रातो बिहे र सेतो बिहे | रञ्जुश्री पराजुली | ७४ |
| १३. अक्षरयात्रामा अमराई | लक्ष्मण अर्याल | ७८ |
| १४. लकडाउन अनुभूति | समिना खनाल 'पृथा' | ८४ |
| १५. सहस्राब्दी कार्यक्रम....... | हरि थापा | ९० |


### स्थायी स्तम्भ


**पुछारको पातो** : संस्मरणको सैद्धान्तिक विमर्श — डा. रमेश शुभेच्छु — ९७


**आवरण चित्र** : कुन्ती कोइराला, काठमाडौं ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

**अब हाम्रो पालो**

नाटक, मुक्तक, गजल, लघुकथा, गीत आदि अङ्क ।

# वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिबारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी. (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |
| अङ्क ७३. डा. प्रदीपकुमार मैनाली (गजल) | अङ्क ७४. तिलस्मी प्रभास (मुक्तक) |
| अङ्क ७५. प्रा.डा. कृष्णचन्द्र शर्मा (समीक्षा) | अङ्क ७६. पुण्य कार्की (निबन्ध) |
| अङ्क ७७. हरि थापा (गद्यकविता) | अङ्क ७८. कलानिधि दाहाल (छन्दकविता) |
| अङ्क ७९. जीवराज भट्टराई (संस्मरण) | अङ्क ८०. कृष्ण बाउसे (हाइकू) |
| अङ्क ८१. प्रेम राई परीक्षित (लघुकथा) | अङ्क ८२. कलाधर काफ्ले (विदेशयात्रा) |
| अङ्क ८३. प्रा.डा. लक्ष्मणप्र. गौतम (अन्तर्वार्ता) | अङ्क ८४. शिव त्रिपाठी (छन्दकविता) |

# मैले पढेको माध्यामिक विद्यालय



**आत्माराम खरेल**

मैले जुद्धोदय पब्लिक (जे.पी.) हाइस्कुलमा अध्ययन गरेको थिएँ । कक्षा पाँच बिहानी समयमा र कक्षा छदेखि कक्षा दशसम्म दिवा समयमा पढेको थिएँ । यसरी आफ्नो शैक्षिक जीवनको आधा जुग त्यहाँ बिताएको थिएँ । यतिवेला त्यो विद्यालयको सम्झनाले निकै भावुक भइरहेछु ।

केहीबेर भयो- आफ्ना संस्मरण' ओपन' गर्न खोजिरहेछु तर कतिपय अंशहरू' ओपन' भएनन् । सायद ती संस्मरणकै कुनै कुनामा टाँसिएर रहेका छन् । खुब प्रयास गरेँ- तिनलाई नयनसामु ल्याउन । ती बल्लतल्ल पग्लिए - सायद मेरो सकारात्मक सोचदेखि । 'रेडि फर ओपन' भयो । शीर्षक माग्यो । भनेँ - मैले पढेको हाइस्कुल । बल्ल 'जे.पी. हाइस्कुल' शीर्षकको' मेमो-भिडियो ओपन' भयो । आज एकाएक त्यो स्कुल जाऊँ जाऊँ लाग्यो । त्यो स्कुलमा हेरुँ हेरुँ लाग्यो- अगाडिको तीनतले र पछाडिको भुइँतले भवन । एकएक गरी नियाल्न मन लाग्यो - आफूले पढेका कक्षा कोठाहरू । क्षेत्रपाटी हुँदै ठमेलतिर जाँदा त्यो स्कुल भवन हेर्ने गर्थें । एकआध वर्षको अन्तरालमा आज यतातिर आइरहेछु । स्कुलको मूल ढोकाको एक छेउमा उभिएर- स्कुल भवन हेरिरहेछु अनि पछाडि ढोकाको एकछेउमा उभिएर भुइँतले भवन हेरिरहेछु । त्यसको माथिल्लो तलामा पढेको थिएँ पाँच, आठ र नौ कक्षा । भुइँतलामा पढेको थिएँ छ र सात कक्षा अनि पछाडि रहेको भुइँतले भवनमा पढेको थिएँ दश कक्षा । आफूले पढेका ती प्रत्येक कक्षा कोठाको माया लागेर आउँछ । ती ती कक्षा कोठाका ती ती बेन्चमा बस्न मन लाग्छ अनि आफूसामु रहने ती ती कालापाटी हेर्न मन लाग्छ । कारण यी पनि हुन्- त्यो स्कुलले इतिहास रचेको छ । शैक्षिक क्षेत्रमा उल्लेखनीय सेवा गरेको छ र यसले नयाँ माहोलमै पनि शिक्षण सेवा दिँदै आइरहेछ ।

वि.सं. २०५९ सालपछिको कुरो हो । जे.पी. हाइस्कुलअगाडि उभिइरहेको थिएँ । बाल्यकालमा फर्किरहेको थिएँ । त्यो शैक्षिक भवनमा पहिलेको कुनै रङ बाँकी थिएन । आफूलाई हेरेँ- ममा पनि पहिलेको रङ एक रत्ति बाँकी थिएन ।

स्कुलको मोहडासामु पहिलेको प्रवेशद्वार पनि थिएन । स्कुलको सिमानामा रहेको पर्खालको कुनै नाम निसान थिएन । त्यहाँ त लहरै सटर बनेछन् । भाडामा लगाइएका तिनै सटरले विद्यालयको सिमाना कायम गरेछन् । सडक छेउ एक कुनोमा उभिएर हेरिरहेछु । एउटा सटरमा चिया-गिलासका ट्वाङ्टुङ् ट्वाङ्टुङ् आवाज आउँछ । अर्को सटरबाट-'सर ! इट इज अ भेरी गुड प्राइस' भनिरहेको सुनिन्छ । फुटपाथहीन त्यो सडकमा स्वदेशी तथा विदेशी पैदल यात्रु निकै छन् । सबारी साधनले बाटो अलिक जाम भइरहेछ । टिँ टिँ ... टुँ टुँ ... हर्न बजिरहेछन् । एकातिर विद्यालयको सङ्केतपाटीले'जुद्धोदय माध्यामिक' भनिरहेछ । स्कुलको सिमाना भने' शटरोदय माध्यामिक' भइरहेछ । 'स्कुल भनेको शान्त ठाउँमा हुनुपर्छ' भन्ने परिभाषा कता हराइरहेछ कुन्नि ! कतैबाट अमुक आवाज आइरहे झैं लाग्छ- पढाउने वातावरण, स्कुलको जीर्ण भौतिक संरचना र आर्थिक आवश्यकताले हो । मलाई पनि एउटा विशिष्ट अनुभूति हुन्छ- पैसाको मुखेन्जी शैक्षिक प्रशासनको पनि त्यस्रो नेत्र खुल्दो रहेछ ।

म त्यो बाटो वर्षौंदखि हिँड्दै आइरहेछु । आफ्नो वयस्क कालमा पनि । पर्यटन व्यावसायी हुनुका नाताले पनि । एकताकाको कुरो हो- त्यो बाटोका लागि साढे दुई वर्ष बेपत्ता नै भएँ । उफ्, मलाई त्यो विद्यालयको नियास्रो लाग्यो । एकाएक आज फेरि यतातिर आएँ । पटक-पटक ओहोरदोहोर गरेँ तर त्यो स्कुल देख्दै देखिएन । मलाई विश्वासै लागेन । त्यो विद्यालय त्यहाँ छैन  भनेर । आफैमाथि शङ्का गरेँ- सायद मैले नै देखिनँ कि ? मेरै आँखाले पो धोखा दियो कि ? उतिवेला त्यो विद्यालय र गणेमान सिंहको क्याम्पको दूरी करिब दुई सय मिटर थियो । त्यतातिर जाँदै गर्दा म झसङ्ग भएँ । मैले त गणेशमान सिंहको क्याम्प पनि पार गरिसकेछु । फेरि अघिकै बाटो फर्कन्छु तर मैले वर्षौं पढेको त्यो स्कुल फेला परेन । म अघिकै कुनोमा आएर उभिएँ । दायाँ-बायाँतिर आँखा तानी तानी हेरेँ । ए हे ! अलिक उता स्यानो गल्ली जस्तो बाटो देखियो । कहिले बनेको हो कुन्नि ? त्यहाँबाट कता पुगिन्छ कुन्नि ? गल्लीसामु पुगेँ र आँखा तानी तानी हेरेँ ।  आम्मै नि त !' जुद्धोदय माध्यामिक विद्यालय' लेखिएको सानोखाले सङ्केतपाटी देखियो । त्यो सङ्केतपाटी भन्दा अलिक पर सुरक्षाकर्मी जस्तो मानिस पनि देखिए । उनी भएतिर लम्किएँ र सोधेँ-'जे.पी. हाइस्कुल अलिकभित्र सरेको हो ?'

'नयाँ भवन तयार हुँदैछ । त्यही भएर अलिक भित्र जस्तो देखिएको हो अनि सर केही काम विशेषले .... ?'

भनेँ-'काम विशेष त होइन ... आफू पढेको स्कुलको सम्झनाले आज यतातिर ... ।'

पालेदाइ-'माथि जाऔं न सर । हेडसर पनि हुनुहुन्छ । केही स्मारिका पनि

पाइन्छन् । जाऔं न सर ...'

म गएँ- माथि तलामा । हुनुहुन्थ्यो- प्रधानाध्यापक लक्ष्मण पौडेलज्यू पनि । मैले स्कुलसितको नातो जोड्दै परिचय दिएँ । आगन्तुक पुस्तिकामा लेख्न लगाइयो । लेखें । चियापान हुँदै गर्दा मेरो जापान बसाइका बारेमा पनि केही कुराकानी भए । लक्ष्मणज्यूबाट सोधनी भयो-'तपाईंलाई जापानमा छाप परेका तीनवटा कुरा सुनौं न ।' मेरा लागि उक्त जिज्ञासा निकै सुखद थिए किनकि अब म उहाँलगायत समाजकै एक वयस्क विद्यार्थी थिएँ ।

मलाई जापानमा प्रभाव परेका तीन कुरा-

(क) जापानी समय- कार्यालयमा आफ्नो कार्यसमय भन्दा अगावै पुग्नु । कार्यसमय सकिनै लाग्दा पनि घर जान हतारो नगर्नु । वरिष्ठले आजलाई भयो नभनुन्जेल नाडीघडी वा भित्तेघडी पनि नहेर्नु जापानीहरूको विशेषता हो ।

(ख) वरिष्ठको जस्तोसुकै आदेश पनि मान्नु कनिष्ठको दायित्व हो र आदेशलाई मनैदेखि स्वीकार गर्नु जापानीहरूको विशेषता हो ।

(ग) अङ्ग्रेजी भाषा फुट्टीभाङ नजाने पनि हुन्छ तर थोरै भए पनि जापानी भाषाको ज्ञान हुनु आवश्यक छ । जापान अङ्ग्रेजी भाषामा कमजोर मुलुक हो ।

लक्ष्मणज्यूबाट अर्को प्रश्न हुन्छ- 'कति सालमा दश कक्षा' सेन्ट अप' हुनु भा'को हो ?'

'२०२७ सालमा ।'

प्रत्युत्तरमा उहाँले शारीरिक तथा नयन भाषामा भन्नुभयो- 'ओहो ! तर पनि त्यति उमेरको बिलकुल देखिनु हुन्न ।'

भनें- 'सानोमा पिण्डरोगी थिएँ । त्यसलाई मनन गरेर पनि शरीरको विशेष ख्याल गरिरहन्छु ।'

२०२५ सालतिरको कुरो हो । त्यो स्कुल हाताभित्रको वातावरण निकै शान्त हुन्थ्यो । यदाकदा सबारी साधनका टिँ टिँ र टुँ टुँ आवाज सुनिन्थे । सुन्दरप्रसाद तिम्सिना सर भन्नुहुन्थ्यो-'त्यो दिन आउँछु भनेको विदेशी पाहुन आएछ तर स्कुल एकदमै सुनसान देखेर ठानेछ- 'कारणवश आज बिदा भएको होला ।' मूल ढोकाबाटै फर्कने तरखर गर्दा ढोकामा पालेदाइ आएर बसेछन् । विदेशी पाहुनाले सोधेछन्- 'इज दी स्कुल ओपेन ?'

पालेदाइले माथितिर औंलाले इशारा गर्दै भनेछन्- 'एस्, एस्, प्लिज अप् ... प्लिज...!' ती पाहुना विस्तारै माथि उक्लिएछन् । दायाँ-बायाँका कक्षातिर आँखा लगाएछन् । आवाज आइरहेथ्यो पढाइरहेको । विद्यार्थीहरू एकचित्तले पाठ सुनिरहेको दृश्य देखेछन्- भुइँतलादेखि माथितलासम्मै । प्रध्यानाध्यपकको कार्यालयमा पुगेछन् र सोधेछन् - यहाँ कतिजना विद्यार्थी छन् ?

तत्कालीन प्रधानाध्यापक रामजीप्रसाद शर्माले भनेछन्- '१४३७ जना ।'

आश्चर्य व्यक्त गर्दै ती पाहुना- 'ओह माइ गड् ! यति धेरै विद्यार्थी तर कति शान्त वातावरण । आज विदा रहेछ क्यार भनेर फर्कन पो लागेथें ।'

सुन्दर सरले भन्नुभयो- 'ती विदशीले आगन्तुक पुस्तिकामा लेखेरै गएका छन् ।'

त्यो माध्यामिक विद्यालय आज पनि रूख विरूवा माझ हाँसिरहेको हुनुपर्थ्यो तर आज त्यो सटरैसटर माझ रोइरहेछ । आफ्नो दुःखेसो सङ्केतपाटीमा पोखिरहेछ । उफ्, मेरो मुखले पनि त लामा सुस्केरा हालिरहेछ । अब त यतातिर प्रदूषण पनि उत्तिकै बढिरहेछ । निकै परसम्म हेर्छु- आतेजाते गरिरहेका मानिस प्रशस्तै छन् । स्वदेशी कम, विदेशी अधिक । अझ परपरसम्म हेर्न मन लाग्छ । नयन तेर्स्याउँछु । ममा प्रदूषित हावाका केही झोक्का लाग्छन् । नयन पिरा हुन्छन् । दिमाग रन्थनिन्छ, हृदय उजाडिन्छ ।

निकै अघिको कुरो हो- म त्यो विद्यालयसामु हुँदै हिँडिरहेको थिएँ । त्यस विद्यालयको सङ्केतपाटी'जुद्धोदय पब्लिक हाइस्कुल' मा मेरो नजर पुग्छ र जिज्ञासा उठ्छ- यसरी लेख्नुको साटो त्यतिवेला जुद्धोदय माध्यामिक विद्यालय किन लेखिएन होला ? सायद हुकुमी आदेशलाई भाषा-गुरुहरूले अक्षरशः पालना गरे होलान् ।

अब म आफैलाई हेर्छु । त्यो विद्यालय कहिल्यै भुलिएन । त्योसितको भावनात्मक सम्बन्ध कहिल्यै बिर्सिएन । म त्यहाँको हावा सुँघ्न सक्छु । त्यहाँको जमिन छुन सक्छु र त्यहाँका एकएक गल्ली पनि चहार्न सक्छु । वि.सं. २०३२ साउन महिनाको कुरो हो । म बडो उत्सुकताका साथ त्यो विद्यालय गएँ । जाँदा आफ्ना दुईवटा पुस्तक पनि लगेको थिएँ । ती पुस्तक त्यही साल वैशाख र असारमा छापिएका थिए । रामजी सरलाई निबन्धसङ्ग्रह' के लेख्ने ?' र सामाजिक उपन्यास' मसलाको पोको' उपहारस्वरूप टक्र्याएँ । उहाँको छेवैमा रहनुभएका कृष्णप्रसाद पराजुली सरतिर हेर्दै भन्नुभयो- 'यो केटाले त हामीलाई पनि जितिदियो ...' अनि मतिर हेर्दै भन्नुभयो-'आत्मारामजी ! तिमीलाई धेरैधेरै बधाइ छ ।'

**काठमाडौँ ।**

---

अन्तर्वार्ता-१, हाइकु-१, पूर्वस्मृति-१, गीत-१, चाड/पर्व/संस्कृति-३, लघुउपन्यास-२, नाटक/एकाङ्की-२, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-८, संस्मरण-८, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१३ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८८ औं अङ्क **नाटक-अङ्क ८** हुनेछ ।

# खटकँदो यात्रा



केशवप्रसाद उपाध्याय

काठमाडौंबाटै बस भाडामा लिएर पन्ध्र बीसजनाको एउटा ठूलो समूहमा हामी भारतीय तीर्थस्थल प्रयाग तथा काशीको तीर्थयात्राको लागि निस्केका थियौं। प्रयागको सङ्गम स्नानपछि काशीमा ज्योतिर्लिङ्ग विश्वनाथको दर्शन गरेर फर्कँदा देवी विन्ध्यबासिनीको दर्शनसमेत गरी घर फर्किने क्रममा थियौं । नेपाल फर्किसकेपछि भैरहवाबाट नारायणघाट हुँदै मुगलिङतिर आउँदा देवघाट पनि छिर्ने कुरा भयो। देवघाट गएर त्रिशूली र कालीगण्डकीको सङ्गममा स्नान गरेमा सबै पापहरू पनि पखालिने भनिएको छ। धार्मिक दायित्वसमेत पूरा हुने भएको सोचले यो जिम्मेबारी पनि टुङ्ग्याउने निर्णय भयो। सङ्गमको नजिकै, पूर्वतिर उकालोमा रहेको गलेश्वर आश्रम पनि जाने र त्यस आश्रमका महामण्डलेश्वर स्वामी श्री आत्मानन्दजीसँग भेटघाट गर्ने अवसर पनि पाउने चाहना थियो । गइयो पनि तर स्वामीजीसँग भेट भएन, वहाँ अलिदिनको लागि बाहिर जानु भएको रहेछ।

सङ्गमको किनारमा गइयो, स्नान गरियो र फर्किने क्रममा गलेश्वर आश्रमकै अगाडि एकजना वृद्धा महिला घाममा बसिरहनुभएको देखियो। चैत महिनाको पनि अन्तिम सप्ताह, दिउँसो दुई बजेतिर, निकै कडा घाम हुँदाहुँदै पनि घाममा किन बसिरहनु भा'को हो भन्ने सोच्दै हिँड्दै थियौं-'ए बाबु ! हेर त यो कति पैसा हो ?' भन्ने तिनै वृद्धा बसिरहनुभएको ठाउँतिरबाट आएको एकजना महिलाको आवाज कानमा पर्‍यो। फर्केर हेर्दा उहाँकै हातमा पचास पचासको नोट पाँचवटा रहेछ। यति सरल कुरा पनि किन आफैले नबुझेको भन्ने लाग्दै ती वृद्धाको मुखतिर यसो हेर्दा तिनी नेत्रहीन पो रैछन् जस्तो लाग्यो।

'देख्नु हुन्न आमा' ?

'देख्दिनँ बाबु'

'कहिलेदेखि आमा ?'

'खोइ, धेरै भइसक्यो ।'

'परिवारको कोही छैन आमा ?'

'को हुन्छ र ? सानो उमेरमै मेरो बिहा भा'को, म त बालिका-बधु नि बाबु र विहा गरेपछिको केही समयमै विधवा भएँ अनि को बस्छ र मसँग ? कल्ले हेर्छ र मलाई ? फेरि नजिककै नातेदार भए पनि आफ्नो हो भन्न सकिन्छ र नसकिने रहेछ ? मलाई आफ्नो मान्छे भन्ने उनीहरूले मानेको भए त आफ्ना पतिकै घरमा बस्थेँ नि बाबु' ।

अनि विधवा भएको पनि साठी वर्षभन्दा बढी भइसकेकी आमाले कसरी जीवन चलाउनुभयो त ? सोध्ने इच्छा जागेर त आयो तर सोध्ने कसरी भन्ने सोच्दै थिएँ । विगतका पीडादायी घटनाहरूको सम्झना गराउँदा त वर्तमान झनै दुखद हुन्छ कि भन्ने भावना पनि मनमा चलखेल गर्न थाल्यो । जे पायो त्यही सोध्नु पनि भएन जस्तो लाग्यो र हाम्रो ग्रुप पनि ठूलो थियो, चिया खान जाऊँ न भन्ने आवाज चर्को हुँदै आयो । वृद्धालाई छाडेर हिँड्नु पऱ्यो । तपाईंहरू जाँदै गर्नुस्, म आउँछु एकछिनमा भनेर भनेको भए पनि त हुन्थ्यो । मैले किन त्यसो गरिनँ भन्ने सोचले छटपट-छटपट पार्दै थियो । छेउमै एकजना केटा हाम्रो कुरा सुनिरहेका रहेछन्, मेरो अनुहारमा देखिएको व्यथा र व्यग्रताले उसलाई असर पारेको होला, 'ती आन्टीको बारेमा के जान्न खोज्नुभएको हो अङ्कल ?' भनेर सोध्यो ।

'कहाँबाट आएकी हुन् बाबु ? त्यो त तिमीलाई थाहा पनि छैन होला तर के गरेर आफ्नो जीवन चलाइरहनुभएको होला त ?'

'खोइ ! कहाँबाट आएको हो ? त्यो त मलाई थाहा छैन अङ्कल तर एकजना मान्छेलाई यी आमाको बारेमा धेरै थाहा छ भन्ने मलाई लाग्छ, किनभने तिनी यहाँ आएर यिनीसँग कुरा गरिराख्छन् ।'

'ए हो ?'

'त्यहाँ झोलुङ्गे पुल नजिकै एउटा चिया पसल छ, त्यही चलाएर बसेका छन् ।'

'कुन पसल हो देखाइदेऊ न त बाबु ।' चिया पनि खानु थियो र ती महिलाको बारेमा जान्ने इच्छा पनि थियो, त्यही कारणले जान्ने इच्छा पनि बढ्दै गयो ।

'हुन्छ अङ्कल' भन्दै त्यो केटो हामीसँगै हिँड्यो र अलि परबाटै त्यो पसल देखाइदियो ।

झोलुङ्गे पुल नजिकैको एउटा चिया पसलमा बसियो । चिया पकाउने महिला थिइन् तर त्यहीँ दुईजना लोग्ने मान्छे पनि थिए, जसमध्ये एउटाले बूढीका

बारेमा धेरै जान्दछ भन्ने पक्का थियो । चिया र अलिअलि खानेकुराको अर्डर गरियो । बस्दै गर्दा कुराकानी गर्ने वातावरण अलि सजिलो पार्ने कोसिस गरियो ।

'अचेल यहाँ वृद्धवृद्धाहरू धेरै भएछन् नि ?'

'हो सर ।'

'तपाइँ कहिलेदेखि यहाँ बस्न थाल्नुभाएको ?'

'म त यहींको हो, यही गाउँको ।'

'तपाईंकै पसल हो ?'

'हो'

'तपाइँ बच्चा हुँदा यो झोलुङ्गे पुल थियो त ?'

ती बूढीको बारेमा एकाएक सोध्नुभन्दा अरू कुराहरू गरेर निकटता ल्याउने उपाय गर्नु पर्ला भन्ने सोच उत्पन्न भएको थियो ।

'थिएन, कहाँ हुनु नि !'

'कति घर थिए त यो गाउँमा त्यस वेला ?'

'३०-४० जति होलान् कि ।'

'अनि खोला वारिपारि कसरी ओहोरदोहोर गर्नुहुन्थ्यो त ?'

'जसरी तसरी गरिन्थ्यो नि ! अहिले पनि देशका धेरै ठाउँमा यस्तै त छ ।'

'हो, ठीक भन्नु हुन्छ, हाम्रो देश यस्तै त छ । बूढाबूढीहरूको जीवन हेर्दा त झन् नराम्रो लाग्छ । आठ-दश वर्षको उमेरमै विधवा भएकी मान्छे अहिले सत्तरी पनि पक्कै नाघिसकेकी जस्तो देखिन्छिन्, कसरी यो साठी वर्ष बिताइन् होलिन् ?'

'सरले कसको कुरा गर्नुभएको ?'

'गलेश्वर आश्रमको नजिकै एउटा घरमा बस्दी रहेछिन् क्यारे, कसरी बस्दी रहेछिन् मैले त थाहा पनि पाइनँ । आँखा पनि बिग्रेको रहेछ । तपाईंलाई थाहा होला नि, को हुन् ? किन र कसरी उनलाई यहाँ ल्याइयो ? कि येतैकी हुन् त ?'

'उनको बारेमा मात्रै के भन्नु । हाम्रो समाज नै पितृसत्तात्मक समाज हो, यस्तै त हुन्छ । सरले कसको बारेमा सोध्नुभाएको मैले बुझें । उनलाई यहाँ कसले ल्यायो, कहिले ल्याइयो, त्यो त मलाई थाहा छैन । म सानै हुँदादेखि नै उनलाई यहीं देखेको छु । त्यस वेला एउटा घरमा काम गर्थिन्, भात पकाउने, भाँडा माझ्ने, लुगाहरू धुने सबै काम गर्थिन् र जसरी तसरी बाँच्न सकिन् । परिवारका सबैले खाइसकेर बाँकी रहेको मात्र खान पाउँथिन् । साहुनी त साह्रै निर्दयी थिइन् तर साहु अलि दयालु देखिन्थे- व्यवहारले नभए पनि बोलीले धेरै दयालु देखिन्थे । वास्तबमा केकस्ता थिए त्यो त मलाई थाहा छैन ।'

'अनि त्यो घर कहिले र किन छोडिन् त ?'

'केटाकेटीहरू पढ्न जाने भए, घरमा काम गर्ने कोही नचाहिने भए, त्यही भएर किन राखिराख्नु भन्ने भयो होला । छोडेको पनि धेरै भइसक्यो ।'

'अनि खाने पिउने काम कसरी गर्न सकिन् त ?'

यस्तै कुरा गर्दागर्दै धेरै समय बित्यो । अलि प्रस्ट कुरा पनि भएन, खासै केही थाहा पाउन पनि सकिएन । अब देवघाट छोड्ने वेला पनि हुन लागिसकेको थियो । चिया खाने काम पनि सिद्धिइसकेको, जाऊँ भनेर उठियो, झोलुङ्गे पुलबाट खोलापारि हुन लागिसकिएको थियो, पारि त्यही केटा जसले मलाई त्यो चिया पसलमा पुऱ्याएको थियो, कुरेर बसे जस्तो देखें । अचम्म लाग्यो, किन होला ?

'के हो बाबु ? तिमीले त मलाई नै कुरेर बसेको जस्तो लाग्यो, क्यै विशेष कुरा छ बाबु ?' यति सोद्धै गर्दा मनमा फ्याट्ट एउटा कुरा पनि छिऱ्यो । यो केटा पनि त्यस्तै आमाको सन्तान त होइन जो घरमा बस्न नसकेर आफ्नो छोरालाई पनि लिएर हिँड्नु परेको होस् । यो कुरा पनि पत्ता लाउने कोसिस गर्नु पर्ला ।

'के भन्नुभयो त त्यो चियाको पसल चलाउने अङ्कलले ?'

'चिन्दिन भन्नु भो'

'हो र ? कस्तो अचम्म ? म त छक्क पर्छु ।'

'किन छक्क परेको बाबु ?'

यति कुरा गर्दागर्दै हाम्रो मिनीबसको ड्राइभर आइपुगे, गाडी त आज जान नसक्ने भो भन्ने सुनाउँन । के भो र तिमीले कसरी थाहा पायौ भनेर सोध्दा मुगलिङसम्मको बाटो ठूलो पार्न ब्लाष्टिङ गरेको रे ! पहिरो जाँदा जाँदा पहिरो त रोकिँदै रोकिएन रे ! आज बाटो बन्द हुने भो भनेर सुनाए । यति सुनेपछि अब के गर्ने ? रात कहाँ बिताउने भन्ने सोच्दासोच्दै गलेश्वर आश्रममा सुत्ने ठाउँ छ कि भनेर बुझ्न गइयो । हामी दशपन्ध्र जनालाई ठाउँ पाउन अलि गाह्रै भो तर जसरी तसरी रात बिताउन सकिने भो ।

'छक्क पर्ने नै कुरा हो अङ्कल । उनी त ती बूढी आन्टीका देवर हुन् ।'

'यो त आश्चर्यचकित पार्ने खालको कुरा अवश्य थियो । देवरले भाउजू किन नभनेका ? एक्लै कुरा गर्दा भन्दा होलान् कि ? तर अरूको अगाडि नातागोता केही होइन भन्ने हिसाबले व्यवहार गर्नु, अलि अचम्म भएन बाबु । तिमी भनन त ती आन्टीको बारेमा' मैले अनुरोध गरें ।

'मलाई त धेरै थाहा छैन अङ्कल, एकदिन कुरा गरिराखेका थिए- दुवैले म त्यहाँ पुगेको तिनीहरूले थाहा पाएनन् अनि सुनें । सुनेका सबै कुरा त मलाई याद छैन तर भन्न खोजेको कुरा भने सम्झिइराखेको छु ।'

'म मर्न लागि सकेको छु, किन अझै एकछाक खान पुग्ने हिसाबले पनि कसैले नसोचेको । मेरा कोई केटाकेटी छैनन्, आखिर सबै सम्पत्ति आफ्नै जेठाजु, देवरका सन्तानहरूलाई नै फिर्ता जाने त हो, म बितेपछि ।'

'त्यो त हो भाउजू । के गर्नु भाउजू, आखिर केटाकेटीको हातमा नै सबै समेटिएको छ । उनीहरूले नमानेको अवस्थामा कसैले पनि कुनै निर्णय लिन सक्दैनन् । भाउजूले पनि गलेश्वर आश्रममा खान पाइराख्नुभएकै छ । भै गो नि यस्तो कुरामा हामी धेरै लाग्नु पनि भएन ।'

'आफ्ना केटाकेटी हुनेहरूले त्यसरी सोच्नु ठीक छ गोविन्दबाबु, मलाई पनि गाह्रो परेर मात्रै केही सम्पत्ति भइदियो भने बुढेसकालमा जीवन बिताउन अलि सजिलो हुन्थ्यो कि भनेर भनेको । प्रेसरको औषधी खानुपर्छ सधैं, किन्न पैसा हुँदैन । वेला वेला डाक्टरलाई देखाउनुपर्छ । चार सय रूपियाँभन्दा कममा अचेल कसैले हेर्दैन, मैले कहाँबाट ल्याउनु त्यत्रो पैसा ?'

यस्तैयस्तै कुराहरू धेरै भएका थिए अङ्कल ।

'सम्पत्तिले मात्रै सुख दिन्छ त भाउजू ? गलेश्वर आश्रमका स्वामीजीले भन्ने गरेको म पनि सम्झिराख्छु । भाग्यमा जे छ त्यो भएरै छाड्छ, किन दुःख मान्ने । त्यसलाई स्वीकार गरेकै राम्रो होइन ? मेरो दाजु बाँचिरहेको भए आज हजुर त्यो घरको गार्जियन होइसिन्थ्यो । अहिले पनि गार्जियनकै हिसाबले सोच्नुस् है भाउजू' ।

'भन्नुको अर्थ ? म तपाँइको दाजुको पत्नी भएको कुरा आफ्नो मनबाटै हटाऊँ, बाबु ?'

साह्रै नै उदासिन हाँसो आन्टीको मुखमा देखियो । उनको मनमा आयो होला कि यो मान्छेसँग कुरा गरेर केही फाइदा छैन । कुरा राम्रो मीठो शब्दमा गरेको हुन्छ तर आफ्नो जिम्मेबारीबाट सकेसम्म बच्ने कोसिसमै रहन्छ । मेरो भाग पनि आफ्ना छोराछोरीले नै उपयोग गर्न पाऊन् भन्ने सोचले बनावटी कुरा गरेका त हुन् नि ! संसारमा धेरैजसो मान्छे यस्तै त हुन्छन्, यो मान्छेसँग किन झगडा गर्नु ? के फाइदा छ र भनेर धेरै न बोलुँ भन्ने सोच पनि बूढीको मनमा आयो होला । त्यही कारणले बूढीले केही बोलिनन् । अङ्कल भने दङ्ग परे जस्तो देखिए । बूढीले बल्ल कुरा बुझिन् जस्तो छ भन्ने सोच उनको मनमा आयो होला । म पनि उनीहरूलाई हेरिराखेको जस्तो न देखिऊँ भनेर अर्कैतिर फर्कें ।

मलाई बताउन नखोजेको प्रस्ट भइसकेकै थियो । केगर्नु भन्ने मनमा खेलिरहँदा राति सुत्ने ठाउँमा धेरैलाई ती बूढीको बारेमा पक्कै थाहा होला भन्ने लाग्यो । खानपिन सिध्याएर आएर बुझ्नुपर्ला, कसैले न कसैले त पक्कै बताउला

भन्ने लाग्यो र एकजनाले बतायो पनि ।

हामी धेरै मान्छे भएको र ओछ्यान नपुग्ने भएकाले दुई-चारओटा तन्ना र तकियाहरू छुट्टै राखेर पाँच-सात जनालाई ओछ्यान थप्ने काम भयो र काम सिध्याएर जान मात्र के लागेको थिएँ कसैको मुखबाट आवाज आयो- 'कमला आन्टी किन बौलाए जस्तो देखिएकी आज' ?

'कमला आन्टी भनेको को हो ?'

'आश्रमको नजिकै बस्ने एकजना अन्धी वृद्धा हुनुहुन्छ नि, वहाँ नै हो ।'

'ए हो ?'

आफ्नो जीवन चलाउन गाह्रो भएको मान्छेको सोच त्यस्तै त हो नि । कति कष्टकर जीवन बिताइसकिन्, सम्झिँदा पनि अपठ्यारो लाग्छ । उनको पति बितेपछि केही दिनको लागि मात्र उनी त्यो घरमा बस्न पाइन् । माइती पठाउने काम भयो र माइतमा पनि २-४ वर्ष मात्र बस्न पाइन् । आफ्नो भाइको बिहेपछि उनलाई उनको माइती पनि उनको घर होइन भन्ने कुरा निस्किन थाल्यो, बिस्तारै यो घर पनि उनको होइन र उनले यो घर पनि छोड्नै पर्छ भन्ने व्यवहार भयो । एकदिन उनले घर छोडिन् र त्रिशूलीमा हाम फालिन् आत्महत्या गर्ने हिसाबले । उनी यसमा पनि सफल भइनन् । बग्दै देवघाटमा पुगेकी उसलाई कसैले बचाइदियो । त्यसपछि उनी गलेश्वर आश्रममै बस्न थालिन् तर पछि उनले त्यो ठाउँ पनि छोड्नै पर्‍यो अनि एउटा घरमा लामो समयसम्म काम गर्न थालिन्, त्यहीं बस्न थालिन् ।

हामी सुत्दै गरेको कोठामा एकजना गलेश्वर आश्रमका केटा पनि थिए र तिनैले हामीलाई यी सबै कुरा सुनाए । यी सबै कुराहरू थाह भइसक्यो- अब के गर्ने भन्ने सोच मनमा आइराख्यो । ती वृद्धा आइमाईलाई हामीले के सहयोग गर्न सकिन्छ त्यो सोच पनि मनमा आइराख्यो । गलेश्वर आश्रमका प्रमुख मान्छे अहिले हुनुहुन्थेन, त्यसकारण पछि फेरि आउनुपर्ला भन्ने सोच मनमा आइरह्यो । गह्रुङ्गो मान लिएर त्यसदिन फर्के पनि फेरि त्यता जाने मौका जुर्न सकेको छैन । उनी जीवित होलिन् वा नहोलिन् भन्ने कुरा मानमा वेला वेला खटकिइरहन्छ ।

---

**शब्दार्थ प्रकाशनका सबै भिडियो यता छन् ।**
1 . https://www.youtube.com/Shabdartha Music SM/
2 . https://www.youtube.com/Shabdartha Prakashan/

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# अमेरिकी राष्ट्रपतिको घरमा पुग्दा



**खेमराज पोखरेल**

भदौरे घामले लखतरान पारेर थाकेको छु । वासस्थान आइपुगेको छु । दिनभरिको एलबीजे यात्रा सिनेमाका पर्दामा झैं खेलिरहेको छ । नाचिरहेको छ । २०८० साल भदौ तीन गते अठ्सट्ठियौं वर्षमा प्रवेश गरिरहेको थिएँ म । मेरा शुभेच्छुकहरूको शुभकामनाभित्र रमाइरहेको थिएँ । आमाबुबाका शुभआशिष् सम्झन्थें र आमाकै सारीको थाङ्नामा लपेटिएको बालखमा रूपान्तरण हुन्थें । हजुरबा हजुरआमासँगका अन्तर्य सम्बन्धको याद आइरहेथ्यो र म त्यसै त्यसै व्यतिरेक भइरहेको हुन्थें । पग्लेको थिएँ । आफन्तका शुभकामनाका थैलामा र ञ्जक थिएँ । दामल साथीभाइका यादका तन्द्रामा थिएँ ।

यस्तो वेला म अक्सर नीलो आकाशको बादललाई हेर्छु र एकाग्र हुन्छु । अमेरिकी रातको सन्नाटा छ । दिनहरू आइरहेका छन् । गइरहेका छन् । म दिन गणना गरेर बस्छु । उफ ! गणना नै पो किन गरेको होला मैले ? गणनाले मेरा अचेतन मनमा बुढिएको बोधले हन्टर हान्छ । थेत्तरो छ यो अचेतन मन । जति बुझाए पनि बुझ्दैन । ज्ञानको उसलाई कुनै कामै छैन ।

चेतन मनमा भने औधी खुसी हुन्छु । यो सोचेर खुसी हुन्छु कि बाँचेको जिन्दगी पो आफ्नो त ! बुढ्यौलीका कहर तथा मृत्युको भयले मैले पाउने कुरा केही पनि छैन । फेरि आयुको गणना गरेर मृत्यु आउने पनि होइन । न त रोगको गणना गरेर आउँछ । आयो टप्प टिप्यो न हो मृत्यु । त्यसैले जन्मोत्सवको क्षणलाई गच्छेले भ्याउञ्जेल, परिवेशले दिउञ्जेल हर्षोल्लासका साथ मनाऔं भन्ने सोचाइ पालेकै हुन्छु । सकारात्मक हुन खोज्छु जिन्दगीसँग । आफ्ना विगत सम्झन्छु । अभाव थियो होला । चेत थिएन होला । अभिलेख भएन होला तर यादका पर्दामा रमाइला देखिन्छन् ती हरेक दिन, हरेक पल, हरेक क्षण ।

जन्मदिन कहिले आयो कहिले गयो पत्तो हुँदैनथ्यो । कुन सर्कामा आयो, गयो मतलवको विषय थिएन । सायद चलन थिएन । चेत थिएन । महत्त्व थाहा

थिएन । स्रोतको पनि कुरा थियो होला । अहिले जमाना फेरिएको छ । परिवेश फेरिएको छ । चेत फेरिएको छ । स्रोत फेरिएको छ । त्यसैले म जन्मदिन आनन्द तथा अलमस्तताले मनाउँछु । मेरो जन्मदिन सुक्षण हो मेरो जिन्दगीको । मलाई यत्ति थाहा छ कि योपल्ट जन्मदिन आएको छ, अर्को आउन पनि सक्छ, नआउन पनि सक्छ । घर परिवारमा मेरो जन्मदिन मनाउने योजना बन्दै थियो । मेरी छोरी मनूले भनेकी थिइन्' बाबा ! एल.बी.जे. जाऔं ?' मैले त्यो सूक्ष्मशब्द बुझिनँ अनि फेरि भनेकी थिइन्- 'अमेरिकी राष्ट्रपति लिन्डन बी. जोन्सनको घर हेर्न जाऔं ।'

भदौरे घाम, टेक्ससको मरुभूमीय गर्मी तथा रापिलो वातावरणमा हामी आफ्नै गाडीमा श्रीमतीजी, छोरी, ज्वाइँ, नातिनी र म जोन्सन सिटी मुहाँ भएका थियौं । खिरिला बाटाहरू तय गर्दै हिँड्दै थियो वन । होचा पाखा तथा पोथ्रे वन सँगेटेर बनेको भुइँ । बाटामा देखिन्छन् जङ्गली हरिणका बथान । बाटो नै कति मजाले बनाएको नागबेली आकारमा । यही बाटाको आनन्द लिँदै करिब एक घन्टाको यात्रा गरी अन्ततः पुगेका थियौं जोन्सन सिटी । सानो सहर । सहरभन्दा पनि गाउँले बजारजस्तो सहर । सफा र सुन्दर । गाडी लिन्डन बी. जोन्सन नेसनल हिस्टोरिक पार्कको मुख्यालय तथा म्युजियमको आँगनमा गएर उभिएथ्यो । हो, यो यही भूमि हो, जहाँ अमेरिकाका ३६ औं राष्ट्रपति लिन्डन बेन्स जोन्सन जन्मे । हुर्के । बढे । पढे । खेले । कर्म गरे । अमेरिकी राजनीतिको उपल्लो तहमा पुगे र महायात्रामा निस्के ।

म्युजियमभित्र पसेर एकपल्ट सर्सर्ती आँखा घुमाएको थिएँ । म आफू इतिहासको विद्यार्थी भएकाले म्युजियमसँग विशेष अनुराग छ । यद्यपि मनले भने म्युजियममा लामै समय रमाऊँ भन्छ । पुराना कुरा सङ्ग्रह गरिएको देखेपछि मनले आँखालाई एक सरो नै भए पनि हेर्न अनुरोध गर्छ । मेरो यो इतिहास अनुरागका बारेमा परिचित छ मेरो निजी संसार ।

जाहिर छ कि म्युजियम नै राष्ट्रपतिको नाममा भएपछि त्योभित्र उनको वाल्यकालदेखि मृत्युसम्मका तस्बिरहरू, सूचनाहरू, पत्रिकाका कटपिसहरू राखिएका छन् । उनले प्रयोग गरेका सामानहरू राखिएका छन् । ज्ञातव्य चाहिँ के हो भने यो म्युजियम भवन राष्ट्रपतिकै घर चाहिँ होइन । लिन्डन बी. जोन्सन नेसनल हिस्टोरिक पार्कले बनाएको म्युजियम तथा मुख्यालय भवन हो । त्यसैले निकै ठूलो घरका कोठाकोठामा सङ्गृहीत गरिएको छ इतिहास । राष्ट्रपतिको व्यक्तिगत जीवनदेखि लिएर सार्वजनिक तथा राजनीतिक जीवनका सबै पाटाहरू उजागर गरिएको छ । विश्वका विविध व्यक्तिरुले दिएका उपहारहरू छन् । सङ्गमरमरका चरा, चिया कप बोर्ड, राष्ट्रपतिको सपथ लिँदा लगाएको सुट,

उनको अफिसको रिप्लिका, लाओसको उपहार ड्रम, मेक्सिकोको पेन्टिङ, अष्ट्रेलियाले दिएको पेन्टिङ आदि विशेष महत्त्वका साथ राखिएको छ ।

सम्झिरहेको छु कि एउटा कृत्रिम चरो पनि ठाउँ पाएमा पर्यटक पट्याउने साधन बन्दोरहेछ । सम्झनाले म्युजियममै तानिरहेको छ । म्युजियमभित्र मेसिनले तान्ने सुन्दर बग्गी छ । यो बग्गीका बारेमा म्युजियमको भित्तामा लेखिएको छ – उनी (लिन्डन) १० वर्षको हुँदा नै आफ्ना पितासँग टेक्सस हाउस अफ रिप्रिजेन्टिटिभमा जान्थे । यस सम्बन्धमा राष्ट्रपति लिन्डन बी. जोन्सनले भनेका छन् – द ओन्ली थिङ्ग आई लभ्ड मोर वाज गोइङ्ग विथ हिम (उनका बुवासँग) अन द ट्रेल ड्युरिङ हिज क्याम्पेन्स फोर रि इलेक्सन । वी ड्रोभ इन द मोडेल टी फोर्ड फ्रम फार्म टु फार्म .... स्टोपिङ एट एभ्री डोर ।

सम्झिरहेको छु कि तिनताक अमेरिकामा पनि चुनावताका घरदैलो कार्यक्रम गर्ने चलन रहेछ । मान्छेलाई भेटेर आफ्ना विकासका योजना सुनाउने रहेछन् । भोट माग्ने रहेछन् । भोट दिने रहेछन् । आखिर मानव सभ्यताको विकासक्रम त एउटै हो नि । शान्त छ वातावरण । म तस्बिर तथा त्यसमुन्तिर लेखिएका कुरामा ध्यान दिन्छु । त्यही म्युजियमका सहायताले राष्ट्रपति एलबीजेको जीवनी केलाउन थाल्छु । बुझ्न थाल्छु । किनकि हरेक मान्छेको विगत बाँचिरहेका मान्छेका लागि शिक्षाप्रद हुन्छ । त्यसमाथि पनि अमेरिकाका राष्ट्रपतिको जीवनकहानी त विशेष शिक्षाप्रद हुन्छ नै ।

अगस्ट २७, १९०८ मा अमेरिकाको टेक्सस राज्यअन्तरगत जिलेस्पी काउन्टीमा जन्मे लिन्डन बी जोन्सन । अमेरिकाको सन्दर्भमा भन्ने हो भने एकदम सुदूर गाउँमा जन्मे उनी । यस्तो सुदूर गाउँ जहाँ अहिले पनि पर्याप्त बस्ती छैन । छेवैबाट कलकल खोला बगिरहेको छ । मध्यम वर्गीय परिवारमा जन्मे उनी । मेरा आँखा म्युजियममा टाँसिएको जोन्सन सिटीका बारेमा लेखिएको 'जोन्सन सिटीमा न कोही असाध्य गरिब छन्, न कोही असाध्य धनी छन् । त्यसैले शान्त र सुन्दर छ जोन्सन सिटी' मा पुगेको छ । वास्तवमा जोन्सन सिटीलाई अवलोकन गर्दा यही कुरा देखिन्थ्यो । करिब करिब एक नासे घर ।

मेरा मनमा जिज्ञासा उत्पन्न भइरहेको छ कि यो जोन्सन सिटी सायद अमेरिकी राष्ट्रपति लिन्डन बी. जोन्सनको नाममा रूपान्तरण भएको होला । किनकि ठूला मान्छेको नाममा सहर तथा संस्थाको नाम रूपान्तरण गर्ने गरेको देखेको मैले यो कुरा अनुमान गर्नु निराधार होइन तर होइन रहेछ । उनका पुर्खाले त्यो उजाड ठाँउमा बसाइँ सरेर बस्ती बसाएका हुनाले त्यति बेलै जोन्सन सिटीको नाम राखिएको हो रहेछ । उनका ती पुर्खा त्यस बेलाका राजनीतिज्ञ, किसान तथा व्यापारी तथा समाजसेवी थिए । प्रभावशाली थिए । प्रमुख रूपमा

पशुपालक थिए । नेपालको भाषामा भन्ने हो भने ग्वाला थिए । गोठालो थिए ।

म्युजियमका भित्तामा बालख लिन्डन आमासँग देखिन्छन् । उनकी आमा रेबेका बेन्स त्यो बेलामा कलेज गएर पढेका केही महिलामध्ये पर्थिन् । शिक्षालाई असाध्य धेरै मन पराउँथिन् । उनले आमाबाट नै वक्तृत्वकला, वादविवाद स्ट्राटेजी जस्ता सिप सिकेका थिए । आमाले दिएको समय र शैलीबाट नै निर्वाचनमा लडेर जितेका थिए । आमाले भनेकी थिइन्– जनताको घरदैलोमा जाऊ, जनताको मन जित । जनताको मन नजिती चुनाव जितिने कुरा होइन अमेरिकामा । त्यसैले अमेरिकी नेता जनतासँग जोडिएका हुन्छन् । यसो भएकाले अमेरिकामा राजनीतिक नेताप्रति जनताको अग्घोर माया, आस्था तथा भरोसा देखिन्छ । श्रद्धा देखिन्छ । आफ्नै नेताको उछित्तो काढ्ने जनता देखिनँ मैले ।

आफैले पढेको सम्झिरहेको छु । भनिन्छ परिवार पहिलो पाठशाला हो तर त्योभन्दा पनि पहिले आमा आधारभूत पाठशाला हो । आमा शिक्षित हुनु भनेको संसार सुन्दर हुनु हो । संसारका विशिष्ट मान्छेहरूको उत्थानमा आमाको महत्त्व तथा योगदानको गरिमा व्यापक छ । लिन्डनका हकमा पनि सोही भएको छ । उनको जीवनलाई तार्किक, समाजसेवी तथा राजनीतिक आकार दिन उनकी आमाको भूमिका ज्यादै महत्त्वपूर्ण रहेको देखेर आह्लादित भएको छु ।

एक छिन आमाको महिमाका बारेमा घोत्लिन्छु र संसारभरि नै आमाको माया, ममता तथा योगदानको विषय उठेको पाउँछु । हामी सामान्य मान्छेका जीवनमा पनि आमाको प्रभाव दीर्घकाल रहन्छ । आमाले जैविक जन्म मात्र दिएको हुन्न; त्यसलाई मनोवैज्ञानिक रूपले पन्पाएको पनि हुन्छ । नेपालमा पनि त पृथ्वी नारायण शाहको शिक्षादीक्षामा चन्द्रप्रभावतीको योगदान रहेको कुरा इतिहासमा लेखिएको छ । आफ्नै जीवनका अबडेखाबडे गल्छेँडाहरूमा आफ्नै आमालाई सम्झन्छु । मलाई'घ' लेख्न नआउँदा सत्यनारायण्को पूजा लाएको कथा सम्झन्छु । आमाको माया मात्र होइन; त्यो अभेद्य सुन्दर छाया पनि सम्झन्छु । धन्य हुन् मेरी आमा । धन्य हुन् लिन्डनकी आमा । धन्य हुन् संसारभरिका आमा ।

म्युजियमका सूचनाले भन्दै थियो । लिन्डन बी जोन्सन पाँच वर्षको उमेरसम्म उनको घर नजिकैको एक कोठे जङ्सन स्कुल गए । एक कोठे स्कुल ! त्यसपछि पिताले उनलाई जोन्सन सिटीमा बसाइँ सारे । सन् १९२४ मा जोन्सन हाइस्कुलमा शिक्षा लिए । अमेरिकन मेक्सिकन स्कुलमा शिक्षक भएर पैसा जम्मा पारे । त्यसपछि उनले साउथ वेस्ट टेक्सस स्टेट टिचर्स कलेज हालको टेक्सस स्टेट युनिभर्सिटीबाट इतिहास विषयमा सन् १९३० मा ब्याचलर गरे । लिन्डनले पैसा कमाएर आफ्नो ग्य्राजुएसन गर्नुपरेको अवस्थाका बारेमा

एकछिन घोरिएको छु । उनका पिता टेक्सस राज्यका विधायक थिए । खेतीपाती पनि थियो । सायद छोरा पढाउने पैसा नै नभएको त होइन होला तर म अमेरिकामा आफ्ना सन्तानलाई आफ्नै खुट्टामा उभिन लगाउने पद्धतिप्रति परिचित छु । आफ्नो निर्णय आफैं गर्ने प्रचलन भएबाट सायद यस्तो भएको हो ।

राष्ट्रपति लिन्डनले औपचारिक रूपमा पढेको त्यत्ति हो, इतिहासमा बिए अनि म आफूलाई उभ्याएर उनीसँग व्यर्थको तुलना गर्न थाल्छु । कल्पना गर्न थाल्छु कि ती राष्ट्रपति र ममा सामन्जस्य छ । सामन्जस्यभन्दा आकाश पातालको फरक छ । याने अतुलनीय फरक छ । हामी दुवै कृषि तथा गोठालो पृष्टभूमिबाट आएका हौं । मैले पनि उनले झैं हाइस्कुलमा जागिर खाएर पैसा भेला पारेर इतिहासमै डिग्री लिएको हुँ । त्यसैले राष्ट्रपति लिन्डन बी जोन्सनलाई यो वेला अग्घोरै सम्झेको छु । वास्तवमा जीवनमा प्रमाणपत्रले भन्दा सिकिएको सिपले धेरै महत्त्व राख्छ । प्रमाण पत्र त केवल देखाउने आधार मात्र हो । प्रमाणपत्र र अध्ययन/ज्ञान एकै होइनन् । नेपालमा नेताको प्रमाणपत्रीय योग्यताका बारेमा बेलाबेलामा बहस हुने गर्छ । त्यसैले म आफ्नो पूर्वमान्यतामा अडिग छु कि प्रमाणपत्र साधन हो, साध्य होइन । प्रमाणपत्रको महत्त्व छ तथापि पात्रले जीवनसँग सिकेको सिप नै परन्तुसम्म काम लाग्ने कुरा हो ।

अहो ! म्युजियममा एकाग्र भएकै बेलामा घोषणा भएको छ कि जोन्सनका बारेमा म्युजियमकै हलमा सिनेमा देखाइँदै छ । म सिनेमा हेर्न म्युजियमभित्रकै हलमा बसेको छु । राष्ट्रपति लिन्डन बी जोन्सनका बारेमा अडियो तथा भिजुअल सूचनाहरू प्रवाह गरिरहेको छ सिनेमाले । उनको बायोग्राफीको बयान गर्दै छ सिनेमा । उनी आफ्ना पितासँग राजनीतिमा होमिए । पिताको चुनाव क्याम्पेनमा उनका पिताले लिएर जान्थे र राजनीतिका कुराहरूमा सहभागी गराउँथे अर्थात् उनको राजनीतिक करियर बनाउन उनका पिताले खेलेको भूमिकालाई उच्च मूल्याङ्कन गरिएको छ । फलस्वरूप उनी अमेरिकाको डेमोक्र्याटिक पार्टीको सदस्य भएर राजनीतिमा होमिए र १९३७ मा अमेरिकाको हाउस अफ रिप्रिजेन्टेटिभमा निर्वाचित भए । १९४८ मा अमेरिकाको सिनेटमा निर्वाचित भए ।

सन १९६० मा लिन्डनले अमेरिकी राष्ट्रपतिको उमेदवार हुन आफ्नो पार्टी डेमोक्र्याटिक पार्टीमा आवेदन त दिए तर उनले राष्ट्रपतिको अन्तरपार्टी चुनावमा आफूभन्दा झन्डै १० वर्ष कान्छा जोन अफ केनेडीसँग हार बेहोरे । उमेदवार हुन पाएनन् तर जोन अफ केनेडीले उनलाई १९६० मा उपराष्ट्रपतिमा निर्वाचित गराए । १९६३ मा राष्ट्रपति जोन एफ केनेडीको हत्यापछि कार्यवाहक राष्ट्रपति भए जोनसन । उनले आफूले जोन अफ केनेडीले अघि सारेका कार्य गर्ने वचनबद्धता व्यक्त गरे । १९६४ मा राष्ट्रपतिमा निर्वाचित भए । १९६३ देखि

१९६९ सम्म राष्ट्रपति भए ।

उनको व्यक्तिगत विवरणको सार यत्ति हो ।

राष्ट्रपतिको रूपमा अमेरिकी इतिहासमा उनको नाम निकै महत्त्वका साथ हेरिएको छ । उनले राष्ट्रपतिका रूपमा गरेका काममध्ये जोन अफ केनेडीको हत्यापछिको अमेरिकी राजनीति सम्हाल्नुलाई उच्च मूल्याङ्कन गरिएको छ । सबै खाले अमेरिकनलाई समान मताधिकार दिने कानुनले रेसियल डिस्क्रिमिनेसनबाट अमेरिकालाई मुक्त पार्‍यो । इमिग्रेसन एन्ड नेसन्यालिटी एक्टस् अफ १९६५ ल्याए । जसले एसियनलगायत विश्वभरिका मानिसका लागि अमेरिकामा इमिग्रेसन भिसा खोल्यो । आज अमेरिकामा अन्य देशका सरह नेपालीहरू हुनु यही कानुनका कारणले हो । उनको असाध्य राम्रो काम भियतनाम युद्धबाट अमेरिकी सेना फिर्ता गर्नु रहेको छ किनभने विनामतलव अमेरिका भियतनाम युद्धमा होमिएको यियो । यद्यपि अमेरिकाले युद्ध जित्दै थियो तर भियतनामी नेता हो ची मिन्हको गुरिल्ला युद्धका कारणले युद्ध लम्बिन सक्थ्यो । झन्डै ५२००० अमेरिकी सेना यो युद्धमा मारिइसकेका थिए । अमेरिकाको ठूलो धनराशि यो युद्धमा खर्च भइरहेको थियो तर यो कुराको पार्टीभित्र पनि विरोध भयो । उनले आमरूपमा सबै अमेरिकन नागरिकलाई अब अर्को चुनावमा आफू राष्ट्रपतिको उमेदवार नहुने घोषणा गरे । जबकि उनी अर्कोपल्टको चुनावमा जित्ने भनेर भनिएका पपुलर उमेदवार थिए ।

सिनेमाले भन्न खोजेका मूल कुरा यिनै हुन् । सिनेमा हेरिसकेपछि सायद मैले म्युजियमको भित्तामा एकसरो नजर पुर्‍याइसकेको थिएँ । म्युजियमको काउन्टरमा पुग्दा त्यहाँको मानिसले भनेको छ – यु ह्याभ टु भिजिट लिन्डन्स बेबी हाउस, जस्ट इनफ्रन्ट अफ म्युजियम । एन्ड इफ पोसिवल डोन्ट मिस द चान्स द टेक्सस ह्वाइट हाउस, जस्ट फिफ्टिन मिनेट टु गो ।

हामी उनले बाल्यकाल बिताएको घर हेर्न जाँदै छौं । उनको जन्मघर स्टोनवाल भन्ने गाउँमा भएको भए पनि उनका पिताले उनी ५ वर्षको भएपछि जोन्सन सिटीमा सन १९१३ मा बसाइँ सारेका थिए । त्यसपछिको २४ वर्ष उनी बसेको याने बाल्यकाल बिताएको घर थियो त्यो । घर एकदम सामान्य छ । याने भुइँतल्ला मात्र छ । जसमा केही कोठा, किचेन, छन् । बारीको पल्ला छेउमा काठले बेरेको एउटा सानो टहरो छ, जुन बाहिरी ट्वाइलेट हुर्नुपर्छ भन्ने अनुमान गरेको छु । त्यसैसँग जोडिएको एजुकेसन सेन्टर र जोन्सन परिवारले सवैभन्दा पहिले बस्ती बसाएका केही घरका भग्नावशेष छन् । यसलाई पनि जस्ताको तस्तै संरक्षण गरिएको छ ।

उनको बाल्यकाल बितेको घरको बारेमा इतिहास भन्छ कि उनका पिता

टेक्सस राज्यको विधायक थिए १४ वर्षसम्म । यो घरलाई उनका पिताले सन १९१३ मा २९२५ डलर तिरेर किनेका थिए । जग्गा पौने दुई एकड थियो । त्यसपछि त्यो घरलाई १९२० को दशकको जस्तो रूपमा जिर्णोद्धार गरियो । जिर्णोद्धार गर्दा त्यो वेला जोन्सनका परिवारले प्रयोग गरेको लुगा धुने बाटा, घरलाई चाहिने औजारहरू हसिया, करौतीलगायतका सामानहरू, फलामका ह्याङ्गर जस्ताको तस्तै संरक्षण गरिएको छ । याने पुरानो शैली नयाँ प्रविधि ।

राष्ट्रपति लिन्डनको बाल्यकाल बितेको घरलाई एकसरो हेरिसकेपछि उनको रान्च (खेती) मा रहेको टेक्सस ह्वाइट हाउस हेर्न २९० हाइवे समातेका छौ । राष्ट्रपति जन्मेको गाउँ स्टोनवाल पुगेका छौं र पेडेरनल्स नदी तरेर पारि पट्टि रहेको जोन्सनको रान्च पुगेका छौं । रान्चभित्र पस्तापस्तै एककोठे जङ्कसन स्कुल छ, त्यहाँ उनले चार वर्षसम्मको उमेर बिताएका थिए, त्यसलाई जस्ताको तस्तै अवस्थामा संरक्षण गरिएको पाइयो । बाटोबाट जाँदै गर्दा बाटोदेखि मास्तिर उनको जन्मघर (मर्मत गरिँदै गरेको) देखियो । आफू राष्ट्रपति भएपछि उनले पुरानो शैलीमा नै सो घरको पुनरनिर्माण गराएका थिए । हाल सो घर पुनः जीर्णोद्धारमा रहेकाले भित्र पसी हेर्न भने पाइएन ।

त्यसपछि बाटाकै देब्रेपटि कम्पाउन्डले घेरिएको चिहान चौर जहाँ उनको र लेडी बर्डको समेत समाधिस्त गरिएको थियो, देखियो । उनको जिजुमुवा (हजुर बाकी आमा) प्रिसिया बटन, जसको मृत्युपछि (सन १९०५) नजिकैको पेडेरसन खोला तरेर परम्परागत चिहानमा पुर्‍याउन नसकेपछि उनलाई समाधिस्त गरिएको ठाउँ । पछि त सबै जोन्सनलाई त्यहीं समाधिस्त गरिन्छ । राष्ट्रपति लिन्डनलाई पनि जनवरी २२, १९७३ हर्ट अट्याक भएर मृत्युपछि जिलेस्पी काउनटी टेक्ससमा रहेको सोही चिहानचौरमा २५ जनवरीका दिन समाधिस्त गरियो ।

चिहान चौरलगत्तै रिङगरोड जस्तो ब्याली रोडबाट उनको रान्चभित्र पसेका थियौं । केही पर पुगेपछि घोडा गाईवस्तु आदिलाई खुवाउने अन्न दाना तथा सामग्री राख्ने ठाउँलाई जस्ताको तस्तै सुरक्षा गरेको घर, घोडाका बछेडा राख्ने टाटनु भएको गोठ पुगिएको छ । खासमा जोन्सनका हजुर्बा पेसागत हिसाबले गोठाला थिए । राष्ट्रपतिले पनि गोठालो काम गरेका थिए । यो गोठले यही कुरा पुष्टि गर्छ ।

मलाई आफ्नै बाल्यकालको गोठालो जीवनको याद आइरहेको छ । ती गाई । ती भैंसी । त्यो चुरेको जङ्गल । तीसँगको मनोवैज्ञानिक सामिप्य । प्रेम तथा लगाव । मेरा मनमा एउटा तिर्सना आउँछ कि हाम्रा राष्ट्रपतिको पनि यस्तै इतिहास संरक्षण गर्न पाएको भए ! राष्ट्रपति रामवरण यादवको भैंसी गोठ तथा उनको बाल्यकालका जीवन बुझाउने कुरा संरक्षण गर्न पाएको भए ।

हामी टेक्ससको ह्वाइट हाउस आइपुगेका थियौं । बाटैमा उनी चढ्ने जेट स्टार पार्किङ गरिएको ह्याङ्गर छ । युएस सेक्रेट सर्भिस कमान्ड बसेको कमान्डपोस्ट छ । ह्वाइट हाउसलाई वृहत्तर किसिमले मरम्मत गरिँदै भएकाले भित्र पस्न भने पाइएन तर भित्र एयर प्लेनको ह्याङ्गर पनि छ र त्यो हेर्न टिकट लिएर जानु पर्ने हुन्छ । अन्ततः हामी टेक्सस ह्वाइट हाउसको आँगनमा पुगेका थियौं । फोटो खिचेका थियौं । टेक्सस ह्वाइट हाउसको पनि इतिहास गजबको छ । त्यसलाई सन १८९४ मा जर्मन इमिग्रेन्टले बनाएका थिए । उनका काकाकाकीले सन १९०९ मा किनेर रिपेयर गरेका थिए । राष्ट्रपति लिन्डनको बाल्यकालका धेरै दिन यही घरमा बितेका थिए । पछि काकाकाकी अलि बिरामी परेपछि उनीहरूकै आग्रहमा सन १९५१ मा उनले त्यो घर लिन्डनले नै किने र असाध्य धेरै रिपेयर गरे । त्यसपछि यो घर अमेरिकी राजनीतिको केन्द्र बन्न पुग्यो लगभग २० वर्षसम्म । उनकी पत्नी लेडी बर्ड (१९२२ – २००७) को मृत्यु नहुन्जेल उनी यो ह्वाइट हाउसमा कहिलेकाहिँ आउँथिन् । यद्यपि यो घर बाहिरबाट हेर्दा त्यति भव्य चाहिँ होइन, आम घर जस्तो मात्र लाग्छ ।

टेक्सस ह्वाइट हाउसको अगाडिपटि'फ्रेन्डसिप स्टोन्स' लाई संरक्षण गरेर राखिएको छ । १२ इन्च स्क्वायरमा बनाइएको स्पेसल सिमेन्ट ब्लकमा ३०० भन्दा बढी विदेशी/स्वदेशी विशिष्ट व्यक्तिहरूले आफ्नो छोटो भनाइ, हस्ताक्षर र भिजिट गरिएको मिति लेखिएको अटोग्राफ लेखिएकोछ । लिन्डनले आफ्नै पालामा यो'फ्रेन्डसिप स्टोन' को सुरुवात गरेका थिए ।

लिन्डन बी. जोन्सनले राष्ट्रपतिको कार्यकाल सकेपछि आफ्ना सवै सम्पत्ति'लिन्डन बी. जोन्सन हिस्टोरिक नेसनल पार्क' का नाममा दिए । मृत्युको नजिक पुग्दा उनले आफ्ना दुई छोरीलाई'अब तिमीहरू अमेरिकी आकाशमा उड्न सक्छौ' भनेका थिए ।

अमेरिकीहरूको सम्पत्ति सन्तानमा अंश नलाग्ने भएकाले प्रायः राजनीतिज्ञ तथा लेखक कविको घर म्युजियम बनेको देख्छु । राष्ट्रपति लिन्डनलाई टेक्ससका जनताले अग्घोरै माया गर्छन् किनभने उनी जुन ठाउँमा जन्मे त्यहीँ मरे । सदर मुकाम वा अन्य सुबिधासम्पन्न सहरमा बसाइँ सरेनन् । जन्मभूमिप्रति सधैं नतमस्तक भइरहे । लगभग लिन्डन बी. जोन्सनको नाममा स्थापित हिस्टोरिक नेसनल पार्क हेरिसकिएको छ । त्यसो त यसभित्र पसेर व्यापक मात्रामा अध्ययन गर्न त न हामीसँग समय छ, नचाहना नै । मेरा भागमा एउटा अनन्य अनुभूतिको अभिज्ञान प्राप्त भएको छ र हाम्रो गाडी घरमुहाँ भएको थियो ।

सान मार्कोस, अमेरिका ।

---

# दुर्गमका डाक्टर वैद्य



**कृष्णप्रसाद बस्याल**

हामी मानसरोवरको यात्रामा थियौं । उही मान सरोवर स्कन्दपुराणको हिमवत् खण्डमा वर्णित विश्वका समस्त हिन्दुधर्मावलम्बीको निमित्त पावन पवित्र धार्मिक स्थल । धार्मिक विश्वासलाई मान्ने हो भने आराध्यदेव महादेव र पार्वतीको निवास कैलास पर्वतको काखमा रहेको विशाल तलाउ । संस्कृत साहित्यका महाकवि कालीदासले आफ्नो प्रसिद्ध रचना मेघदूतमा कथित नायक यक्षको मुखबाट प्रेमिकालाई सन्देश पुऱ्याउन प्रयोग गरिएको मेघ (बादल) को आश्रय स्थल । राजनैतिक दृष्टिले हेर्दा विशाल चीन राष्ट्रको स्वशासित क्षेत्र तिब्बतमा पर्ने पठारै पठारको बीचमा अवस्थित एक ठूलो पानीको हिस्सा (झिल), पर्यटकीय गन्तव्य मात्र ।

बझाङ जिल्लाको सदरमुकाम चैनपुरबाट हाम्रो यात्रा सुरु भएको थियो । समय हो २०३२ साल भाद्र पहिलो हप्ता । असङ्ख्य खोला नाला उकालो ओर ालो पार गर्दै पुग्नुपर्ने आँट र साहसपूर्ण यात्रा । पाँच जना अदालतका कर्मचारी पाँच जना भरिया र आठजना सहित १७ जनाको टोलीको नेतृत्व मैले गरेको थिएँ । बाटोमा सामल तुमल केही जुटाउन नसकिने हुँदा जाँदा र फर्कंदासम्मलाई पुग्ने खाद्यान्न (चामल, चिउरा, दालमोट, लेकलाग्ने हुँदा पीरो अचार, लसुन आदि) र बास बस्न उपयुक्त ठाउँ नमिल्ने (कतै ओडार र कतै खुल्ला चौरमा सुत्नु पर्ने) हुँदा त्रिपालसहित ओढ्ने ओछ्याउने सामान, धेरै दिनको यात्रा हुँदा लाउने फेर्ने लुगाफाटा सहित पूरा बन्दोबस्तसहितको यात्रा थियो । भरिया बाहेक अरूसँग पनि केही न केही झिटीझ्याम्टा थिए । रित्तो थिएँ त म मात्रै । हातमा थियो त टेक्ने लौरो मात्र ।

चैनपुरस्थित पानकोटको झोलुङ्गे पुल तरी सेती नदीको किनारै किनार हाम्रो यात्रा अघि बढ्यो । बाटो कहिले सेती नदीको जल प्रवाहलाई छुन पुग्दथ्यो भने कहिले तेर्सिएको पहरो नाघ्न २/३ घन्टाको उकालो चढ्नुपर्ने र त्यति नै

ओरालो झर्नुपर्ने । चौथो दिनको बेलुकी धुली भन्ने गाउँमा पुग्यौं जुन यस भेगको अन्तिम गाउँ रहेछ । करिब ८००० फिटको उचाँईमा सेती नदीको दुवै किनारमा अवस्थित यस गाउँमा वर्षको एक बाली (त्यो पनि गहुँ, जौं, उवा, फापर मात्र) उब्जने । सरकारको उपस्थितिको नाममा एउटा प्रहरी चेक पोष्ट मात्र त्यो पनि ६ महिना हिउँदमा सरमुकाम चैनपुरतिर बस्ने ।

एउटा बोहरा थरका व्यक्तिको दलानमा बास बस्न पुग्यौं । दिनभरको थकानले होला भुसुक्क निदाइहाल्यौं तर हाम्रो टोलीको एक सदस्य भरिया ( जसको नाम बिर्सिएँ) लाई रातिदेखि नै टाउको दुखेर सुत्नै सकेनछन् । बिहान उठ्दा धेरै अस्वस्थ्य भएकाले उनी त अगाडि जान नसक्ने र यहींबाट फर्कने कुरा पो गर्न थाले । हेर्दा शारीरिक रूपमा अरूभन्दा हट्टाकट्टा सायद भारी पनि उनैको गह्रुङ्गो थियो होला । हामीलाई भने पऱ्यो फसाद । कठिन यात्रा अब बल्ल सुरु हुँदैछ । अगाडि गाउँबस्ती केही नहुँदा कतै ओढारमा, कतै पाल टाँगेर खुला चौरमा बस्नुपर्ने । वर्षात्को मौसम । दाउरा झिंजा केही नपाइने, पाएपनि भिजेकाले आगो बाल्न पकाउन नसकिंदा कति दिनसम्म दालमोट चिउराको भर गर्नुपर्ने । पानी भन्दा बढी हिउँ बर्सने, हावाहुरी अधिक चल्ने क्षेत्र । सबै कुरा एकैचोटि तेर्सिन आइपुगे ।

बास दिने घरवालासँग सम्पर्क गऱ्यौं । सबभन्दा पहिला भरियाको समस्या बतायौं । एउटै गाउँ भए पनि धुली गाउँ सेती नदी वारिपारि दुईतिर विभक्त । सेती वारि हामी बसेको ठाउँ अलि सानो र सेतीपारिको चाहिं अलि ठूलो । भरिया पनि त्यतै पाइने सम्भावना देखाई हामीलाई त्यतै गई प्रधानपञ्चसँग सम्पर्क राख्न सल्लाह दिए । अदालतका एकजना स्टाफ जयराज जैसीलाई साथमा लिई म लागें त्यतैतिर । केही ओरालो झरी सेतीको काठेपुल तरी केही उकालो चढी गाउँ पस्यौं । ढुङ्गाको बाटो  ढुङ्गाकै छानो भएको घरै घर भएको गाउँ । प्रधान पञ्च मुखिया एउटै व्यक्ति घरमै रहेछन् । गाउँको सबै हालखवर वस्तुस्थिति उनैबाट ज्ञातहुने । हामीले आफ्नो उद्देश्य बतायौं । उनले दुई तीन जना युवक बोलाई गाउँ चहारी भरिया खोजी ल्याउन अह्राए । हामी एक घन्टा जति उनकै पिंढीमा चिया पिउँदै बस्यौं । पठाइएको युवक फर्केर आए भरिया नपाइएको खबर लिएर । हामी निराश भएर अघि आएकै बाटो फर्कियौं ।

अहो ! के अचम्म घरवालाको आँगनमा टेक्न के पाएका थियौं मेरो दाहिने गोडाको पैताला त अचम्मसँग दुख्न थाल्यो । खुट्टै लड्खडाउला जस्तो । अब पऱ्यो फसाद । भर्खर चार दिनको यात्रा सकिएको छ त्यो पनि तुलनात्मक रूपमा सुगम । अब खास कठिन यात्रा त बाँकी नै छ । अबको चार दिनपछि आउने नेपाल चीन सीमामा रहेको १९०० फिटको उरैलेक नाका पार गर्नु छ

जहाँ कहिल्यै पनि पूरा हिउँ पग्लिँदैन। त्यसपछि ठाडो ओरालो झरी तीन दिनको चीनको पठार भूमि (जुन भूमि नै १३/१४ हजार फिटमा छ) हिड्नु, मानसरोवर दर्शन स्नान गर्नु, परिक्रमा गर्न नसके पनि कैलास पर्वतको दर्शन गर्नु यी सबै कुरा मेरो मानसपटलमा सपना बनी घुम्न थाले।

एक त भरिया नपाएर फर्कनु परेको पीर। सँगै आएको भरिया विरामी भएकाले उसको भारी कलाई जिम्मा लाउने भन्ने चिन्ता। उसमाथि म नेतृत्वकर्ताकै खुट्टा दुख्न थालेपछि अब के गर्ने ? समस्याको पहाड एकै चोटि अगाडि तेर्सिन आइपुगे। समस्या जटिल देखेपछि हामीलाई बास दिने घरवाला पनि आत्तिए। उनी तुरुन्तै हिँडे गाउँतिर धामी लिएर आउँछु भन्दै। एकघन्टा जति पछि ठूलो फेटा बाँधेको धामी लिएर आइपुगे पनि। हाम्रो समस्या उनले धामीलाई बताइसकेका रहेछन्। हामीले केही भन्नै परेन। धामीले आउनासाथ दलानको एक कुनामा दियो स्थापना गरे। एक बोहता (पातको प्लेट) भरि अक्षताको व्यवस्था गर्न लगाए। फेटा (पगरी) फुकाली आफ्नो जिउ भन्दा लामो जटा निकाली एकातिर राखे। के के तन्त्र मन्त्र फलाक्दै, हल्लिँदै भट्याउन लागे, केही बुझिएन। यो काम आधा घन्टा जति लाग्यो होला। फलाक्न छोडेपछि मलाई र बिरामी भरियालाई अलग अलग ठाउँमा राखे। मेरो उमेर सोधे। बताइदिएँ। आफ्नो शरीर भन्दा लामो जटा समेटी मेरो दुखेको खुट्टामा मेरो उमेर जति नै पटक जटाले हिर्काए। त्यतिनै पटक मेरो जिउ भरी अक्षता छर्किए। अर्को तर्फ बसेको भरियालाई उमेर सोधिएन। आठ दश चोटि हिर्काएर त्यति नै पटक जिउभरि अक्षता छर्किए। नबुझिने भाषामा तन्त्रमन्त्र पनि भन्दै गए।

यो प्रक्रिया सकिएपछि धामीले मतिर फर्किएर भन्न थाले 'तु आज कहाँ गएको थिइस्, तेरो दायाँ खुट्टाको पैतालाले छाउ भएकी (नछुने भएकी) स्त्रीले टेकेको ठाउँमा टेक्न पुग्यो। यो कुरो लङ्गरशाहीले थाहा पायो, यो उसलाई मन परेन, तेरो पैताला दुख्न थाल्यो। अब उसलाई मैले खुसी पारिदियो, तु मानसरोबर जान सक्छस्, पुगेर आइजा मु जिम्मा भो नडरा।'

त्यसै गरी बिरामी भरियातिर फर्किएर भन्न थाले' तु अब अगाडि जान सक्दैनस् लङ्गर शाहीले मान्दैन, तु ले धेरै नचाहिँदो काम (गल्ती) गरेको छ, घर फर्की जा, यता आउनु अघि तुले स्वान्नी (स्वास्नी) किन माइत पठाइनस्' अब धामीको हल्लिने र बक्ने काम बन्द भयो। केही बेर भलाकुसारी पछि धामी हिँड्न थाले। पारिश्रमिक केही लिन मानेनन्। नगद लिएर पनि यो ठाउँमा के काम बरु खाद्यान्न दिए काम लाग्छ भन्ने सोची मनग्गे चामल दिएर उनलाई बिदा गर्‍यौं।

धामी गएपछि हामीले आफ्नो गल्ती कमजोरीको स्मरण-मूल्याङ्कन गर्न

र केलाउन थाल्यौं । अघि बिहान भरिया खोज्न भनी पारि गाउँ पस्नु अगावै ढुङ्गाको पर्खालले घेरिएको एउटा पँधेरो र त्यसभित्र दुईटा ढुङ्गे धारा देखेका थियौं, एउटा अलि ठूलो र अर्को अलि सानो । एउटा सर्वसाधारण सबैले प्रयोग गर्ने र अर्को सानो चाहिँ छाउ भएकी (नछुने भएकी) महिलाले मात्र प्रयोग गर्ने । धारामा जाने क्रममा कुनै नछुने भएकी स्त्रीले टेकेको ठाउँ पनि अशुद्ध हुँदो रहेछ । धार्मिक यात्रामा हिंडेकालाई यतिसम्म शुद्ध हुनुपर्ने भन्ने यतातिरको जन विश्वास रहेछ । म कानूनको विद्यार्थी । कानूनले निर्देश गरेको गल्ती नजानेरै गरेको भए पनि क्षम्य हुँदैन भनी पढेको सम्झिएँ तर यहाँ भने नजानेर गरेको गल्ती क्षम्य भयो धामीको अनुमतिमा । हुन पनि २४ दिने यात्रा पूरा गरी चैनपुर फर्कदासम्म पनि मेरो खुट्टा कतै दुखेन । साच्चै भनुँ भने त्यस किसिमको दुखाइ अहिलेसम्म पनि भोगेको छैन ।

अब हामीसँग जाने भरियाको गल्ती के थियो त ? अलिकति सङ्केत त धामीले पनि दिएका थिए । यतातिरको जनविश्वास के रहेछ भने मानसरोवर तीर्थ जानेले बाटो लाग्नु १५ दिन अघिदेखि नै स्त्रीसंसर्गबाट विमुख रहनु पर्दो रहेछ । उसलाई एकान्तमा लगेर सोध्यौं- उसले त यता आउनु भन्दा तीन चार दिन अघिसम्म पनि स्त्री संसर्ग गरेको स्वीकाऱ्यो । त्यसैले उसको गल्ती क्षम्य भएन र यही बाटै फर्कनु पऱ्यो ।

साथमा लगेको भरिया फर्काउनु परेको, बदलामा भरिया नपाइएको कारण हामीलाई ढुवानीको समस्या परेको थियो, ऊसँग भएको सामान खास गरी खाद्यान्न (चामल) बाट केही धामीलाई दिइसकेका थियौं । केही बास दिने घरवेटीलाई दियौं, केही फर्कने भरियालाई नै बाटोमा खान भनी दियौं । केही सानो तिनो प्याकेट र र लुगाफाटो बाँकी भरियालाई थपिदियौं भने केही लुगाफाटोसँगै गएका स्टाफले आ-आफ्नो झोलामा हाली मिलाए । यसो गर्दा एउटा भारीको व्यवस्थापन त हल भयो तर अड्कलेको खाद्यान्नले पुगेन भने के गर्ने भन्ने प्रश्न चाहिँ हाम्रो सामु छँदै थियो । त्यसको पनि हल यसरी निकाल्यौं । अरू भरि या सँग भएको खाद्यन्न जाँदालाई त अवश्य पुग्छ फर्कंदालाई नपुगे मानसरोवर पुग्नु वरै रहेको ताक्लाकोट भन्ने सानो बजार छ त्यहीं खरीद गर्ने । त्यहाँ नेपाली व्यापारी पनि छन् र तिनले नेपाली मुद्रा पनि लिन्छन् भन्ने सुनेका थियौं । त्यो पनि हुन नसके ताक्लाकोट चेकपोस्टमा रहेका चिनिया कर्मचारीसँग माग्ने । त्यसो त चिनिया कर्मचारी अप्ठ्यारो परेको नेपाली र खास गरी नेपाली कर्मचारीप्रति उदार छन् भन्ने सुनेका थियौं । त्यसैले हामीलाई अघि बढ्ने साहस घटाउनु परेन । भोलिपल्ट बिहानै बाटो लाग्यौ घरबेटीको सहयोग र सौजन्यप्रति आभार प्रकट गर्दै ।

अब धामीले हल्लिने क्रममा र पछि पनि पटक पटक पटक भनेको लङ्गरशाही को कुरा गरौं । यस भेगका मानिसहरू धामी झाँक्रीमा साह्रै विश्वास गर्छन् । विकल्परहित बाध्यता पनि होला । लङ्गरशाही भगवान् शिवजीकै एउटा रूप मानिन्छ । भगवान् शिवजी भारतको जालन्धर प्रदेशबाट यही बाटो हुँदै लङ्गरशाही (काल्पनिक मनुष्य वा दैत्य) को भेष धारण गरी पार्वतीलाई भेट्न कैलाश पुगेको किम्बदन्ती मात्र हैन जनविश्वास पनि पाइन्छ । बाटोमा ठाउँ ठाउँमा लङ्गरशाहीको माडु (खुल्ला मन्दिर) पनि देख्न पाइन्छ । यही धार्मिक विश्वासमा यहाँको धेरै व्यवस्था अडेको छ र त्यो विश्वासलाई यहाँका धामी झाक्रीले संस्थापन गरिरहेका छन् । खासगरी रोग व्याधि लाग्दा वा सङ्कटापन्न अवस्थामा गाउँलेलाई उतार्छन् यिनै धामी झाक्रीले । यिनै धामी झाक्री हुन् दुर्गमका डाक्टर बैद्य । यिनैले मन्त्रेर छर्केको अक्षताले सिटामोल र पेनकिलर मात्र हैन रामवाणको काम पनि गरेको देख्न पाइन्छ । हामी स्वयं यसको उपयोगिता ग्रहण गरिसकेकाले कसरी विश्वास नगर्नु ।

===

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**१. 'वसन्त-राधा पद्यकाव्य पुरस्कार-२०६५'**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल
२०७९ डा. हरिहर अर्याल

**२. 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान-२०६५'**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौं
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौं
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौं
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौं
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौं
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट
२०७९ द्वन्द्व पीडित तथा अपाङ्ग समाज, साँखु

# दिव्यज्योति बहुमुखी क्याम्पस र म : सूक्ष्मातीतावलोकन



**डा. घनश्याम न्यौपाने 'परिश्रमी'**

अचानक दिव्यज्योति बहुमुखी क्याम्पसका वर्तमान क्याम्पस प्रमुख सागर पाण्डेको फोन आयो । क्याम्पसको वार्षिकोत्सवको सन्दर्भमा पत्रिका प्रकाशन हुँदै छ, त्यसमा सरको एउटा लेख चाहियो, उहाँको भनाइ यही थियो । मैले जिज्ञासासहित प्रश्न गरैं, क्याम्पसको वार्षिकोत्सव त मङ्सिर १६ गते होइन र ? उहाँको उत्तर थियो, हो हुन त, तर त्यतिवेला चुनावका कारण स्थगित गरी पागुन १६ गते मनाउने निर्णय भएको थियो । मेरो जिज्ञासाको हल यसरी गर्नुभयो उहाँले । मलाई सम्झिनुभएकोमा खुसी पनि लाग्यो । यस क्याम्पसको रजतजयन्तीको ग्रन्थमा मैले केही लेख्ने अभीप्सा थियो, तर कुनै कारणले त्यसबाट वञ्चित हुनुपरेको थियो । अहिले कमसे कम अवसर पाएको छु, केही त लेख्नै पर्छ भन्ने मनमा लागेका कारण यी शब्दहरूलाई संस्मरणका रूपमा गुम्फित गर्दै छु ।

तिथिमिति स्पष्ट नभए पनि त्यतिखेरको सम्झना ताजै छ, २०४७ साल कार्तिक/मङ्सिरतिरको कुरा हो, शिक्षाप्रेमी, समाजसेवी बर्दघाटवासीको प्रयासबाट चिसापानीमा प्रमाणपत्रतहको कक्षा सञ्चालन गर्ने गरी सम्बन्धन प्राप्त क्याम्पस चलाउन त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति लिइएको रहेछ । यसका लागि प्रथमतः शिक्षकहरूको आवश्यकता पर्ने भएकाले अङ्ग्रेजी, नेपाली, इतिहास, राजनीति शास्त्र र अर्थशास्त्र गरी पाँच विषयका एक एक जना शिक्षकहरूको माग गरी विज्ञापन गरिएको थियो, गोरखापत्रमा नै हो सायद । त्यस विज्ञापनमा मेरा आँखा पनि पुगेछन् । म २०३८ सालदेखि २०४२ सालसम्म दीपेन्द्र माध्यमिक विद्यालय सर्दी बगैंचामा प्रधानाध्यापकका रूपमा सेवारत थिएँ । त्यसवेला नै मैले बर्दघाटलाई नजिकबाट चिनेको थिएँ । त्यसैले निवेदन दिएँ, लिखित परीक्षामा उत्तीर्ण भएँ र मौखिक परीक्षामा पनि सहभागी भई उत्तीर्ण भएँ । माध्यमिक तहको स्थायी जागिर र प्रधानाध्यापक पद छाडेर अचानक २०४२ सालको श्रावणबाट

म बन्दीपुर क्याम्पसमा गएको थिएँ । त्यहाँबाट पनि आदिकवि भानुभक्त क्याम्पस, दमौली, पिपल्स क्याम्पस काठमाडौँको पाँचखाल शाखामा पनि पुगेँ । राजनीतिक कारणले आङ्गिक क्याम्पसहरूमा अवसर नै नपाएको म निकै विचलित मानसिकतामा पुगेको थिएँ । त्यसो त यो क्याम्पस पनि आङ्गिक थिएन र पनि किन किन यहाँ आएर सेवा गर्ने मनसायले मैले निवेदन दिएको थिएँ । त्यो वेला मैले काठमाडौँको पुरानो वानेश्वर स्थित युनिभर्सल सेकेन्ड्री स्कुलमा र पिपल्स क्याम्पसमा पढाउँथेँ । मेरो बसोवासको व्यवस्था स्कुलले नै गरेको थियो ।

त्यो समयमा अहिलेजस्तो फोन, मोबाइल, इमेलजस्ता द्रुतवार्ता साधनको माध्यमबाट सूचना दिने सुविधा थिएन । हुलाकबाट वा व्यक्तिलाई खटाएर गरिने पत्राचार नै सूचना वा सन्देशको  माध्यम थियो । एकदिन दिनको त्यस्तै एघार बाह्र बजेतिर मैले सेवा गर्ने विद्यालयमा एकजना मेरै उमेरका र अर्का भाइ, भतिजा भन्न सुहाउने उमेरका दुईजना युवा मेरो नाम लिएर पुग्नुभयो । उहाँहरू हुनुहुन्थ्यो, शिवलाल कँडेल र धीरज शर्मा बस्याल । हामीबीच भेटपछि वस्तुगत कुराहरू भए । उहाँहरू दिव्यज्योति क्याम्पसमा म अन्तर्वार्तामा पनि उत्तीर्ण भएको र अब क्याम्पसमा नियुक्ति लिन जानका लागि सूचना लिएर पुग्नुभएको रहेछ । मलाई खुसी लाग्यो, बृहस्पति अधिकारीले लेख्नुभएको अति छोटो पत्र पनि उहाँहरूले मलाई दिनुभयो । त्यसमा तपाईं जसरी पनि आउनुहोस्, भविष्यमा क्याम्पस चिफ हुने सम्भावना छ भनेर लेखिएको थियो । शिवलालजी र म सँगसँगै फर्केको जस्तो लाग्छ मलाई । यहाँ आएर एक रात उहाँकै घरमा बसेको सम्झना पनि छ । धीरजजी भने अध्ययनका क्रममा रहेकाले काठमाडौँमा नै बस्नुभयो । क्याम्पस दिव्यज्योति माध्यमिक विद्यालयमा चलाउने निर्णय भएको रहेछ । त्यतिखेर हुमनाथ आचार्य त्यहाँ प्रधानाध्यापक हुनुहुन्थ्यो । उहाँसँग पनि सम्पर्क र भलाकुसारी भयो । मेरो नियुक्तिपत्र उहाँकै हस्ताक्षरमा लेखिएको छ भने आधिकारिक हस्ताक्षर क्याम्पस सञ्चालक समितिका संस्थापक अध्यक्ष हिमलाल ज्ञवालीको रहेको छ । मलाई शिवलालजीले नै आफ्नै घरको अगाडि धीरजजीको घरमा डेरा व्यवस्था गरिदिनुभयो । मलाई काठमाडौँ लिन जाने यी दुईजना पात्रसँग यसरी मेरो सघन आत्मीयता बढेको कुरा अहिले पनि झलझली सम्झनामा आउँछ ।

त्यतिखेर क्याम्पसमा मानविकी सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्रको मात्र पढाइ हुन्थ्यो । कृष्णप्रसाद शास्त्री क्याम्पस प्रमुख हुनुहुन्थ्यो । हामी पाँचजना युवा शिक्षकहरू आआफ्नो विषयमा औसतमा सबै राम्रा नै थियौँ । विद्यार्थीहरू उता दुम्कीवास र यता सुनवल तथा दक्षिणतिर त्रिवेणी धनेवादेखि पढ्न आउँथे । कक्षाकोठामा विद्यार्थीहरू खचाखच हुन्थे । नयाँ क्याम्पस भएकाले

कतिपय उमेर पुगेका प्राथमिक तहका शिक्षकहरू पनि पढ्नका लागि भर्ना भएका थिए । उनीहरू हाम्रा साथीजस्तै लाग्दथे । कम उमेरका विद्यार्थीहरू पनि निकै आत्मीय भावनाका थिए । क्याम्पसका लागि दिव्यज्योति माध्यमिक विद्यालयको भोगचलनमा रहेको गैँडाहाको चार बिगाह जमिन दिने कुरा पनि भएको थियो । अध्यक्ष हिमलाल ज्ञवाली आफ्नो घरको अगाडि रहेको विद्यालयको जमिन (जहाँ अहिले दिव्यज्योति माविका नयाँ भवनहरू छन्) मा क्याम्पस भवन बनाउने विचारमा हुनुहुन्थ्यो भने समितिका कतिपय सदस्य यस कुरामा असहमत हुनुहुन्थ्यो । यस्तैमा अचानक उहाँले क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष ऋषिराम शर्मा पौडेललाई आफू केही समयका लागि बिदामा रहने गरी कार्यवाहक अध्यक्ष भई काम गर्न अधिकार सुम्पिनुभयो । यता क्याम्पस प्रमुख कृष्णप्रसाद शास्त्रीले पनि अनिश्चित कालका लागि बिदा स्वीकृत गराउनुभयो । यस्तो परिस्थितिमा क्याम्पस सञ्चालक समितिले निर्णय गरी मलाई मिति २०४८ चैत्र ११ गतेदेखि लागू हुने गरी कार्यवाहक क्याम्पस प्रमुख भई काम गर्न जिम्मेवारी दियो । माध्यमिक तहको प्रधानाध्यापक र केही महिना बन्दीपुर क्याम्पसमा निमित्त क्याम्पस प्रमुख भई काम गरेको प्रशासनिक अनुभव मसँग थियो । राजनैतिक दृष्टिकोणका कारण वैचारिक विभेद भएका केही शिक्षक साथीहरूले परोक्षमा मलाई दिइएको क्याम्पस प्रमुखको जिम्मेबारीप्रति असन्तुष्टि पनि जनाउनुभएको थियो तर पनि असयोग कसैबाट भएको थिएन । शैक्षिक योग्यता पुगेको क्याम्पस प्रमुख हुनुपर्छ भन्ने सबैको चाहना पनि थियो ।

ती दिनहरू सम्झिँदा अहिले झसङ्ग हुन्छु । मैले क्याम्पस प्रमुखको जिम्मेबारी लिएको केही दिनमा नै दिव्यज्योति माध्यमिक विद्यालयले गर्मीका कारण विद्यालय बिहानमा चलाउने निर्णय गरी फर्निचर क्याम्पसलाई उपलब्ध गराउन नसकिने जानकारी गरायो । क्याम्पसका कक्षा चलाउन कोठाहरू भने खाली थिए । एकाएक समस्या उत्पन्न भयो । विद्यार्थीहरूले हाम्रो पढाइ रोक्न पाइनेछैन, फर्निचरको तुरुन्त व्यवस्था गर्नु भनी आवाज उठाउन थाले । मैले तत्काल सञ्चालक समितिको बैठक डाकेर समस्या बताएँ । त्यतिवेला भूपराज अर्यालजीको बर्दघाटमा सपना फर्निचर उद्योग थियो । उहाँलाई अनुरोध गरियो । उहाँले मेरै उद्योगबाट तुरुन्तै सम्भावना छैन, तर म एकरातमा क्याम्पसलाई आवश्यक पर्ने फर्निचर तयार गराएर ल्याइदिन सक्छु भन्नुभयो । उहाँको यस भनाइबाट समिति त खुसी भयो नै, मेरो खुसीको सीमा नै रहेन । मेरो इज्जतसँग गाँसिएको थियो यो विषय । नभन्दै त्यस्रो दिन बिहानै उहाँले ३५ थान बेन्च, डेस्क क्याम्पसका लागि झारिदिनुभयो । मेरो व्यक्तिगत जीवनमा योभन्दा खुसीको कुरा अर्को थिएन तत्कालीन परिस्थितिका सन्दर्भमा । यो गुनको ऋण मैले

भूपराजजीलाई कहिल्यै तिर्न सक्तिनँ जस्तो लाग्छ ।

अब क्याम्पसको आफ्नै भवन बनाउनुपर्छ भन्ने सोच समितिका धेरै सदस्यहरूमा थियो । हिमलाल ज्ञवाली र कृष्णप्रसाद शास्त्री दुवैजना बिदामा रहनुभएको र यसबारे खासै चासो नराख्नुभएको अवस्था थियो । तत्कालीन सञ्चालक समिति अध्यक्ष हिमलालजीको निवास अगाडि क्याम्पस भवन नबनाउने, बरु ऐलानी जग्गा (अहिले क्याम्पस भवन भएको ठाउँ) मा अतिक्रमण गरेर बनाउने निष्कर्षमा पुग्यो । त्यसका लागि पहल भयो । स्थानीय श्रीप्रकाश पौडेल, पीताम्बर पौडेललगायतका शिक्षाप्रेमी, बुद्धिजीवीहरूबाट सहयोग मिल्यो यसका लागि । चिसापानीका स्थानीय जनताको पनि यसमा सहमति भयो । त्यसै समयमा विद्यालयमा रामचन्द्र अधिकारी सर प्रधानाध्यापक हुनुभएको थियो ।

विद्यालयले दिने भनेको गैँडाहाको चार बिगाह जग्गा नलिने बरु विद्यालयकै भोग-चलनमा रहेको भनिएको विद्यालयदेखि उत्तरतिरको घडेरीका रूपमा विक्री हुन सक्ने जग्गा क्याम्पसलाई उपलब्ध गराउन विद्यालयसँग अनुरोध गर्ने निर्णय भयो । प्रधनाध्यापक रामचन्द्र अधिकारी सरले क्याम्पसका हितका लागि यो गर्न तयार रहेको जानकारी गराउनुभयो र विद्यालय सञ्चालक समितिबाट निर्णय पनि भयो । यसपछि राजमार्गदेखि उत्तरतिरको अहिलेको लक्ष्मीनगर बस्ती रहेको जग्गा पनि त्यो वेला खाली थियो । त्यहाँ तीन, चारवटा मात्र कच्ची घरहरू थिए । कृष्णप्रसाद शास्त्रीजीले भोगचलन गरेको केही र अन्य व्यक्तिले आफ्नो नाममा बनाइराखेको त्यहाँको जग्गामा पनि क्याम्पसले हस्तक्षेप गरी घडेरी बनाएर बेच्ने सहमति बन्यो । कसैकसैबाट तीव्र विरोध आएको भए पनि अन्ततः क्याम्पसका लागि भनेपछि जनता यसको पक्षमा उत्रिए अनि अमिन बोलाएर नापजोग गरी घडेरीका लागि नम्बर लगाई कित्ता, कित्तामा विभाजन गरियो । क्याम्पसले नै अस्थायी निस्सा/प्रमाणको कागज दिने गरी धमाधम घडेरी विक्री हुन सुरु भयो । ती प्रमाणहरूमा क्याम्पस प्रमुखको हैसियतले मैले नै हस्ताक्षर गरेको सम्झना छ । मेरो कार्यकालमा नै राजमार्गदेखि दक्षिण र उत्तरतर्फका झन्डै असी प्रतिशत घडेरी विक्री भइसकेका थिए । यसले क्याम्पसको आम्दानी ह्वात्तै बढ्यो र भवन निर्माणको काम पनि सुरु भयो । यस कार्यमा कार्यवाहक अध्यक्ष ऋषिराम शर्मा पौडेल र भवन निर्माण समितिका अध्यक्ष शालिकराम सुवेदीको सक्रियता अत्यन्त स्मरणीय रहेको थियो । यसै गरी श्रीप्रकाश पौडेल पीताम्बर पौडेल एवं तत्कालीन सञ्चालक समितिका सदस्य रुक्मागत ज्ञवाली, वृहस्पति अधिकारी, नन्दराज ज्ञवालीलगायतका व्यक्तिहरूको सहयोगी भूमिका पनि उल्लेखनीय थियो । भवन निर्माणका क्रममा केही जटिलताहरू पनि सिर्जना भएका थिए । खासगरी बेलाबेलामा वन विभागले अवरोध पुऱ्याउँथ्यो । वन विभागका कर्मचारीहरू आएर

निर्माण कार्यमा खटिरहेका मजदुरहरूलाई आएर धम्काउने, सामान खोसेर लगिदिने जस्ता हर्कत हुन्थ्यो । मलाई पनि पटकपटक धम्की आउँथ्यो । एकपटक म स्वयं प्रमुख जिल्ला अधिकारीकोमा बयान दिन जानुपरेको नमिठो घटनाको स्मृति पनि मेरो मानसपटलमा छँदै छ । अन्ततः जसरी तसरी सम्भवतः नौ कोठा भएको क्याम्पसको भुइँ तला (एकतले) को भवन मेरो कार्यकालमा निर्माण भएको थियो । त्यसको प्रमाणका रूपमा पूर्व क्याम्पस प्रमुख कृष्णबन्धु पौडेलले आफ्नो कार्यकालमा सङ्गमरमरको  शिलापत्रमा उल्लेख गर्नुभएको रहेछ । त्यो देख्दा निकै खुसी लाग्यो । इतिहास बचाउने काम गर्नुभएकोमा उहाँलाई हृदयतः धन्यवाद ज्ञापन गर्दछु ।

क्याम्पस प्रमुख रहँदाको छोटो कार्यकालमा मैले शिक्षक कर्मचारीको हितमा ग्रेड र सञ्चयकोषको व्यवस्था पनि गरेको थिएँ । त्यसबाहेक क्याम्पसमा व्यवस्थापन सङ्कायको आरम्भ मेरै कार्यकालमा भएको थियो भने स्नातक तहको लागि पहल पनि भएको थियो । पठनपाठन, निर्माण कार्य, घडेरी विक्रीलगायतका कामको बोझ थियो । त्यस अवस्थामा पनि मैले अनिवार्य नेपाली, ऐच्छिक नेपाली र नेपाल परिचय समेतका गरी बिहानमा दैनिक पाँच घन्टी कक्षा लिन्थेँ भने दिनभरि निर्माणकार्यको अवलोकन क्याम्पसको हितमा खट्थेँ । यसबापत मैले तलबभत्ताबाहेक अन्य कुनै अतिरिक्त सुविधा लिएको थिइनँ, मागेको पनि थिइनँ ।

क्याम्पसको निर्माण कार्य सकिएको थियो । रङ्गरोगनको काम बाँकी थियो । म निकै खुसी थिएँ, अब क्याम्पसको आफ्नै भवन बन्यो भनेर । त्यहाँ लगेर विद्यार्थीहरूलाई पढाउने रमाइला दिनको प्रतीक्षामा थिएँ म । अपवादलाई छाडेर सबैतिरबाट सहयोगी भूमिका थियो । ऋषिराम शर्मा र शालिकराम सुवेदीको मप्रतिको.सद्भाव, माया र सहयोगका लागि त सदैव ऋणी नै रहनेछु म । अहिले उहाँहरू दुवैजनाले संसारबाट अवकाश लिएको पनि धेरै भइसकेको छ, म उहाँहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । यस बीचमा एउटा रोचक प्रसङ्ग छ, एकाएक एकदिन बिदामा रहनुभएका सञ्चालक समितिका अध्यक्ष हिमलाल ज्ञवाली र बिदामै रहनुभएका र मसँग फेरि क्याम्पस प्रमुखका रूपमा नफर्किने विचार व्यक्त गर्नुभएका कृष्णप्रसाद शास्त्रीसहित बृहस्पति अधिकारी क्याम्पसमा आउनुभयो । म कार्यालयमा नै थिएँ । उहाँहरूलाई यसरी क्याम्पसको कार्यालयमा भेट्न पाउँदा म अति नै पुलकित भएको थिएँ । बिदामा रहेका दिनदेखि उहाँहरू दुवै क्याम्पसमा कहिल्यै उपस्थित हुनुभएको थिएन । निर्माण कार्यमा पनि उहाँहरू दुवैजनाको कुनै चासो देखिएको थिएन । मैले उहाँहरूसमक्ष क्याम्पसको पठनपाठन तथा निर्माण कार्यको बारेमा उत्साहपूर्वक बताउँदै थिएँ, मौन हुनुहुन्थ्यो

उहाँहरू तीनैजना । म बोलिरहेको बेलामा बीचमा अचानक बृहस्पतिजी बोल्न खोज्नुभयो । म रोकिएँ र उहाँलाई बोल्ने सहजता बनाइदिएँ । उहाँले कृष्णप्रसाद शास्त्रीलाई भोलिदेखि नै क्याम्पस प्रमुखको हैसयितमा क्याम्पसमा हाजिर हुन सुझाव दिनुभयो । मलाई यसबारे कुनै पूर्व सूचना थिएन । यसरी २०४९ साल कार्तिक महिनाको १९ गत्यसम्म म कार्यवाहक क्याम्पस प्रमुख पदमा रहेर जम्मा आठ महिना र आठै दिन मात्र सेवा गर्ने अवसर पाएको थिएँ । यसपछि पनि म यस क्याम्पसमा सेवारत नै थिएँ । त्रिभुवन विश्वविद्यालयले खोलेको विज्ञापनमा फारम भरेको थिएँ, यसैबीच लिखित परीक्षा भयो, म उत्तीर्ण भएँ । अन्तर्वार्ताको सागर पनि तर्न सकेँ । मलाई त्रिभुवन विश्वविद्यालयले तेह्रथुम क्याम्पसमा नियुक्ति दिएर पठायो अनि त स्थायी जागिर खान जानै पऱ्यो । यसरी मैले यस क्याम्पसमा मिति २०४७/०८/१६ देखि २०५०/०३/२१ सम्म, समग्रतः ३ वर्ष, ६ महिना र ५ दिन सेवा गरेको रहेछु । त्यस बेलाका सबै शिक्षक साथीहरू तथा कर्मचारीहरूमा टीका आचार्य, रूपा थापा र हिमलाल अधिकारीबाट मैले पाएको सद्भाव र सहयोग कहिल्यै बिर्सन सक्तिनँ । यस क्याम्पससँग सम्बद्ध मेरा तितामिठा अनुभव र अनुभूतिहरू प्रशस्त छन्, ती सबै यहाँ लेख्न सम्भव छैन । समय परिवेशको अनुकूलतामा अरू वेला बोल्ने र लेख्ने पनि छु ।

मैले जुन क्याम्पसको संस्थापक प्राध्यापक र केही समय कार्यवाहक क्याम्पस प्रमुखसमेत रहेर सेवा गर्ने अवसर पाएको थिएँ त्यस क्याम्पसको आजको भौतिक र शैक्षिक गुणस्तरमा भएको प्रगति देख्दा ममा हर्षातिरेकको अनुभूति हुन्छ । अन्तमा म यस क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दै अतीतका सत्य, तथ्यलाई अवलोकन र उजागर गरिएका र केही दस्तावेजहरूको समेत समाविष्टि भएका यी शब्दहरूबाट यहीँ विश्राम लिन्छु । शुभम् भवतु, भवतु सब्ब मङ्गलम् ।

बर्दघाट-४, नवलपरासी ।

---


साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**३. 'साहित्य संबर्द्धन द्रष्टा सम्मान-२०७०'**

२०७० प्रा.डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'
२०७९ प्रा. केशव सुवेदी

# चङ्गा



**दिव्य गिरी**

दुईहजार असी सालको दशैं आउन अब थेरै दिन बाँकी छैन । वर्षिनै आउँछ दशैं तर पहिलेको जस्तो उत्साहपूर्ण र रोमाञ्चक हुन छाडेको दशैं । दशैंको महत्त्व नघटे पनि एउटा कुरा चाहिं पक्का हो कि दशैं पहिलेको जस्तो रौनकमय र उल्लासमय नभएको सबैले महसुस गरिएकै हो । दशैंको विशेषता भनेको घरबाट टाढा टाढा अझ परदेशमा रहे बसेकाहरूको परिवार, इष्टमित्र र आफन्तजनसँगको सुखद मिलन र भेटघाट नै हो । वर्षदिनसम्म आफन्त र घर परिवारबाट टाढा रहेर बसेकाहरूको ठूलो इच्छा भनेकै दशैंमा घर जाने र केही दिन परिवारसँगै बसेर सुख-दुःखका क्षणहरू बिताउने तर धेरैजसो विदेश गएकाहरू आ-आफ्नै बाध्यता र विवशताका कारण चाहेर पनि दशैंमा स्वदेश फर्कन सकिरहेका हुँदैनन् । अहिले विज्ञान र प्रविधिले विश्वलाई नै हत्केलामा हेर्न, खेल्न र सूचनाको आदानप्रदान गर्न, चिठी पठाउन र प्रत्यक्ष आमने-सामने कुराकानी गर्ने विशिष्ट सुविधा उपलब्ध गराएको छ । यो अलौकिक सौगात हो आजका पुस्ताका लागि । त्यसो त कतिपयले मोबाइल र इन्टरनेटमा उपलब्ध भएको भिडियोमार्फत नै आमा-बाबु र मान्यजनको हातबाट टीका लगाउने पनि गर्छन् तर त्यो मनलाई सान्त्वना दिने उपाय मात्र हो । जे भए पनि त्यो बिधि साक्षत्कार उपस्थिति जस्तो कदापी हुँदैन

त्यस बखत जतिखेर आधुनिक सुविधाबाट पूर्णत बञ्चित थियौं, अर्थात अहिलेको जस्तो मोबाइल र इन्टरनेटको सुविधा थिएन, हामी केटाकेटीहरूको भने बेग्लै चाहना र रहर थियो । त्यो हो दशैंमा स्कुलले बिदा दिएपछि दशैंभरि चङ्गा उडाउने रहर । भदौ र असोजको मौसम पनि चङ्गा उडाउन उपयुक्त नै हुने । वर्षाद पूरै बिदा नभइसकेकाले पानी कहिलेकाहीं मात्र पर्दथ्यो । त्यो पनि केही बेरसम्म मात्र । कहिलेकाहीं त पानी पर्दापर्दै घाम पनि लागिसक्थ्यो । घाम र पानी सँगसँगै देखिँदा माघपानी घामपानी, स्यालको बिहे, कुकुर जन्ती बिरालो

बाहुन' भन्ने राष्ट्रकवि माधव घिमिरेको **घामपानी** शीर्षकको किताबमा छापिएको त्यही बालगीत गाउँथ्यौं । मध्यान्नपछि पश्चिमतिरबाट बहेर आउने बतास चङ्गा उडाउँदा निकै उपयुक्त थियो अर्थात् त्यस्तो हावामा चङ्गालाई आकाशमा धेरै माथिसम्म उडाउन सकिने । तल खेतमा धानको बाला लहराएको र माथि आकाशमा चङ्गा उड्दाको दृश्य आफैमा अलौकिक देखिन्थ्यो । गाउँमा घरहरू फाट्टफुट्ट मात्र थिए । त्यो पनि दुई तलासम्मका घर । अधिकांश घरहरूको छानो पराल र छ्वालीका थिए । गाई गोठहरू पनि प्रायः एक तलाका मात्र । औंलामा गन्न सकिने घरहरूको छानो मात्र झिँगटी वा टायलको थियो ।

गाउँघरमा दुई प्रकारका घर थिए । एउटा पक्की घर जसको बाहिर पक्की इँटा र भित्र काँचो इँटाले गारो लगाएको हुन्थ्यो । यस्तो घरको छानो पनि टायल वा झिँगटीले छाएको हुन्थ्यो भने अर्को चाहिँ कच्ची घर जसको बाहिर र भित्र दुवैतिर काँचो इँटाले लगाएको गारा अनि छानो पनि पराल वा छ्वालीले छाएको हुन्थ्यो । परालको छानो दुई तीन वर्ष मात्र खप्थ्यो भने छ्वालीले छाएको छानो छ सात वर्षसम्म पनि टिक्थ्यो । जसको कारण बरोबर छानो छाइरहनु पर्ने झन्झट थियो । झिँगटी र टायलका छाना भएका घरभन्दा पनि बढी कच्ची इँटाको गारो र पराल वा छ्वालीको छानो भएका घरहरू प्रायःसबै भुइँ तला र माथि एकतालाको मात्र हुन्थ्यो । घर प्रायः उस्तै आकार प्रकारका हुन्थ्ये । चारैतिर पाखो भएका घरका छानाहरूको बनोट पनि एकै प्रकारको थियो । जब नेपालमा पनि जस्तापाता उत्पादन हुन थाल्यो तव नयाँ घर बनाउनेले एक पाखे छानो बनाउन थाले । कसैकसैले मात्र दुई पाखे छानो बनाउँथे । बिस्तारै बिस्तारै गाउँमा बस्ती बढ्न थाल्यो । काठमाडौंको चोभारमा हिमाल सिमेन्ट कारखाना बनेपछि स्वदेशमा नै सिमेन्टको उत्पादन हुन थाल्यो । मैले २०३२ सालमा घर बनाउँदा जस्तापाताको छानामाथिको गारोमा सिमेन्ट लगाउनुपर्ने भयो । त्यो वेला एक बोरा गैंडा सिमेन्टको उनन्तीस रूपैयाँ र काठ एक क्यूबिकको तीस रूपैयाँ थियो । यी कुरा अब कुनै दन्त्यकथा जस्तै भएका छन् ।

दशैंको वेला गाउँमा घरको बाहिर र भित्र रङ लगाउने काम अनिवार्य जस्तै थियो । घरहरू रातो माटो र सेतो कमेरोले पोतेर पोतिन्थ्यो । घरको सारा सामान बाहिर आँगनमा थुपारेर बिहानदेखि घर सफा गर्ने र लिपपोत गर्ने काम एकै दिनमा सकिन्थ्यो । घर सफा गरेर लिपपोत गर्दा पुरानो र थोत्रो नै भए पनि घर चिटिक्क परेको देखिन्थ्यो । यसप्रकार गरीब होस् कि धनी सबैले दशैंको समयमा घरलाई लिपपोत र रङरोगन गर्दथे । यो परम्परा अहिले काठमाडौंमा प्रायः हटिसकेको हो कि भन्ने लाग्छ किनभने एकातिर पुराना कच्ची घरहरू प्रायः भत्किसके वा भत्काइयो भने अर्कोतिर धेरैजसोका घर अब सिमेन्टबाट

बनिसकेका छन् । आधुनिक ढाँचा र आकारका घरहरू बन्न थालेपछि पुराना माटाको गारो भएका, टायल वा झिँगटीको छानो भएका घरहरू बिस्तारै सकिँदै छन् । कलात्मक झ्याल र ढोका राख्ने चलन पनि हराइसक्यो । त्यसो त केही घरमा काठमा कलात्मक ढोका कसैकसैले राखेको देखिन्छ तर त्यो धेरै महङ्गो भएकाले हम्मेसी राखिँदैन । अब पुरानो घर भेट्न काठमाडौं उपत्यका छोडेर बाहिर जानुपर्दछ ।

अँ, म चङ्गाको कुरा लेख्दै थिएँ । सानो छँदा मलाई चङ्गा उडाउनु निकै रमाइलो लाग्थ्यो । रमाइलो मात्र होइन ठूलो सौख नै थियो । चङ्गा उडाउन घर अघिल्तिरको बाटोमा गइन्थ्यो । घरको नजिकै चङ्गा उडाउने सबैभन्दा उपयुक्त ठाउँ पनि त्यही थियो । त्यो बाटो अलिकति चौडा र बाटोअगाडि खेत मात्र थियो । हनुमती नदी र मनहरा खोलाको बगरमा जाँदा बगरको बालुवा तातेर पाइताला पोल्थ्यो । खुट्टामा बिनाचप्पल चङ्गा उडाउन गइन्थ्यो किनभने केही गरी धानखेतमा जानुपरेको खण्डमा पटक पटक चप्पल फुकालिरहनु पर्दथ्यो । त्यसैले बाटोमा उभिएर चङ्गा उडाइन्थ्यो । कहिलेकाहिँ घरको छाना र रूखको हाँगाहरूमा चङ्गा अड्किन्थ्यो र कहिले च्यातिन्थ्यो पनि । अर्को चङ्गा किन्न पैसा हुँदैनथ्यो । नयाँ चङ्गा किन्न दुई, पाँच र दश पैसा पर्दथ्यो । सबैभन्दा सानो चङ्गाको दुई पैसा, अलिकति ठूलोको पाँच र सबैभन्दा ठूलोको दश पैसा । धागो पनि दुई प्रकारको पाइन्थ्यो । एउटा बेल्चामार (जसको बाहिर कागजको सेतो खोलमा सावेलको फोटो हुन्थ्यो भने अर्को हात्तीमार (जो काठको सानो लट्टाइ आकारमा धागो बेरिएको) हुन्थ्यो । पचास पैसामा बेल्चामार र एक रूपैयाँ पच्चीस पैसामा हात्तीमार धागो पाइन्थ्यो । बेल्चामारको धागोले ठूलो चङ्गालाई थेग्दैनथ्यो अर्थात चङ्गा उडाउँदा उडाउँदै धागो चुँडिन्थ्यो । हात्तीमार धागो भने निकै बलियो हुन्थ्यो । हातले चुँडाल्दा पनि कहिलेकाहिँ हात नै काटिदिन्थ्यो । अरूसँग चङ्गा लडाउनु छ भने हात्तीमार धागोमा चङ्गा उडाउनु पर्थ्यो ।

हनुमती नदी किनार नजिकै झिकुचा कुलोको पानी बगेर जाने एउटा गुम्बज थियो र त्यो भन्दा केही पर भगवतीको मूर्ति अनि मूर्तिभन्दा पश्चिमतिर एउटा पाटी थियो । त्यसको छेवैमा एउटा विशाल कालो र चिप्लो ढुङ्गा थियो । त्यसैमा गाउँका छोरी-बुहारीहरू मेलापात र घाँस काट्न जाँदा हँसियालाई रगडेर धार लगाउँथे । हामी पनि त्यही ढुङ्गाको बीच खाडलमा बिजुलीको जलेका चीमलाई पिसेर मसिनो धुलो पार्दैथ्यौं र त्यही चीमको धुलोलाई भात वा साबुदानामा हालेर धागोमा माझा लगाइन्थ्यो । माझामा बिजुलीको जलेको चीमलाई पिँधेर मसिनु बनाएको धुलोलाई मुछेर मिहिन पारेको भातमा राखिन्थ्यो र दुईतिर लठ्ठी गाडेर वरिपरि घुमेर माझा लगाइन्थ्यो अनि धागो घाममा सुकेपछि लट्टाइमा बेरिन्थ्यो ।

यसो गर्दा धागो निकै कडा बन्थ्यो । माझा जति राम्रोसँग लाग्यो त्यो धागो त्यति बलियो हुन्थ्यो र चङ्गा लडाउँदा अरूको धागोलाई छिटै काट्न सक्थ्यो ।

चङ्गा लडाउँदा कहिलेकाहिँ अरूको चङ्गाको धागो आफ्नो धागोमा बेरिएर अल्भिन्थ्यो र दुईवटै चङ्गा आकाशमा सँगसँगै उड्न थाल्थे । त्यसो हुनुलाई चङ्गा छक्कली आएको भनिन्थ्यो अनि लट्टाईलाई सावधानी साथ बेरेर दुवै चङ्गालाई आफूसम्म ल्याउने प्रयास गरिन्थ्यो । कहिले त बीचमै धागो फुस्केर छक्कली आएको चङ्गा पनि जान्थ्यो ।

दशैंको समयमा घरभन्दा दक्षिण-पश्चिमको आकाशमा चङ्गा उडेको दृश्य किरिडमिरिड देखिन्थ्यो । काटिएर गएका चङ्गाहरू आकाशमा धेरै माथिमाथिसम्म उडेर गएको देखिन्थ्यो । त्यसरी धेरै नै माथिमाथि उडेर गएका चङ्गाहरू भोट (तिब्बत) सम्म पनि पुग्छन् भनिन्थ्यो । त्यसरी चङ्गा भोटमा पुगेपछि नेपालमा दशैं आउन लाग्यो भनेर भेडा च्याङ्ग्रा बेच्न भोटेहरू नेपाल आउँछन् भन्ने कहावत थियो तर त्यो कतिको सत्य थियो त्यो थाहा भएन । जे भए पनि दशैंमा तिब्बतबाट भेडा र च्याङ्ग्रा बेच्न भोटका मानिसहरू काठमाडौं आउँथे ।

चङ्गा विभिन्न आकार प्रकारका थिए । कलकत्ताबाट बनेर आएका चङ्गाहरू निकै पातलो कागजका हुन्थे । नेपालमा नेपाली कागजबाट बनेका चङ्गाहरू भने बाक्लो र भद्दा थिए । नेपाली कागजका चङ्गा उडाउन हात्तीमार धागो नै चाहिन्थ्यो । पाटनको क्वाल्खुमा एउटा जोशीको घरमा नेपाली कागजको चङ्गा बनाइन्थ्यो । त्यो घरमा मेरो साहिँला काकाले दूध लगेर बेच्दथे । एक दिन त्यो चङ्गा बनाउने जोशीको घरमा चङ्गा किन्न म पनि काकासँगै गएँ । त्यहाँ चङ्गाको रास देखेर म छक्क परेको थिएँ । हामी त्यो घरलाई चङ्गा बनाउनेको घर भन्दथ्यौं । शताब्दी पुरुष सत्यमोहन जोशीको घर जाने कलात्मक ढोका छिर्नुभन्दा पहिले दायाँतर्फ थियो त्यो घर । शताब्दी पुरुष सत्यमोहन जोशीको घर त्यहाँ हो भन्ने कुरा मैले उहाँ बित्नुभन्दा एक वर्ष पहिले मात्र थाहा पाएको थिएँ । त्यो दिन थियो दाङका डाक्टर विनोद आचार्यको जङ्गी उर्वशी नामक महाकाव्यको पुस्तक विमोचन शताब्दी पुरुष सत्यमोहनले नै गर्नुभएको थियो । त्यो कार्यक्रमको आयोजना अन्तर्राष्ट्रिय नेपाली साहित्य नेपालले आयोजना गरेको थियो । जब कि म त्यो बाटो भएर बिगत पचास वर्षदेखि हिँडिरहेको छु । अहिले त त्यति गइन्न किनभने मेरो घरतिर पनि सडक बन्यो र यातायातको सुविधा भएकोले त्यो बाटो जानु पर्दैन तर पनि जागिरबाट अवकास पाएपछि गाबाहलस्थित नेपाल बैंकमा पेन्सन पट्टा नवीकरण गर्न र पेन्सन झिक्न महिना दुई महिनामा त्यो बाटो भएर जाने गर्दछु ।

कलकत्ता (अहिले कोलकाता) बाट ल्याइएको चङ्गा पनि साना र ठूला पाइन्थ्यो। दुई पैसा, पाँच पैसा, दश पैसा र बीस पैसामा पाइन्थ्यो। हामीलाई त पाँच पैसाको चङ्गा नै ठीक हुने र त्यसलाई उडाउन पचास पैसाको बेल्चामार धागो नै उपयुक्त हुन्थ्यो। एक रील धागो किनेपछि धेरै दिनसम्म चङ्गा उडाउन पाइन्थ्यो। अझ त्यसमा पनि कसैको धागो छोप्न (काटिएर गएको चङ्गाको धागो) पाइयो भने आफ्नो लट्टाइमा बेरेर राखिन्थ्यो। त्यसमा पहिले नै माझा लगाइसकेको हुनाले फेरि माझा लगाउनु पनि पर्दैनथ्यो।

चङ्गा थरिथरिका हुन्थे। तिनीहरूको बनावट एउटै भए पनि त्यसमा विभिन्न रङका कागजले बुट्टा जस्तै सजाइएको हुन्थ्यो। तिनै बुट्टा र सजावटलाई हेरेर हामी चङ्गाको नाम राख्दथ्यौं। जस्तो कि चेस खेल्ने थर्कीजस्तो आकारबाट बनेकोलाई डिबडिबे, दुईतिर पखेटामा बेग्लै रङको कागज राखेर बनाइएको छ भने पखेटे, बीच भागमा पानको आकारको कागज राखेकोलाई अम्बे, माथितिर को भागमा अलिकति बेग्लै रङ्गको कागज राखेकोलाई टाउके, दुई तीन वटा र ङको कागज छड्के पारेर राखिएको छ भने पेटारे, एउटै रङको कागजले मात्र बनाइएको छ भने रङको नाम अनुसार, सेते (सेतो), राते (रातो), नीलची (नीलो), पहेँलची (पहेँलो), काले (कालो) हरियो, आदि र चङ्गाको सन्तुलन मिलाउन पुछारमा कागज जोडेर लामो पुच्छर गाँसेकोलाई पुछ्रे भनिन्थ्यो।

चङ्गा राम्रोसँग उड्नको निम्ति त्यसको कका (चङ्गाको माथितिर र मध्य बीचमा धागो राख्ने) छेड्ने भन्दथ्यौं। कका पनि सही तरिकाबाट राख्न सकिएन भने चङ्गा उडाउँदा राम्रोसँग उड्दैनथ्यो। चङ्गा जति माथिमाथि उड्न सक्यो धागो पनि सिधा माथितिर हुन्थ्यो र चङ्गा लडाउँदा काटिने सम्भावना कम हुन्थ्यो। अर्को कुरा राम्रोसँग कका छेडिएको चङ्गाले आकासमा फन्का लगाउँदा पनि तीव्र गति लिनसक्थ्यो। त्यसरी फन्का लगाउन सक्ने चङ्गा अरूसँग लडाउँदा काटिने सम्भावना कम हुन्थ्यो। त्यसो त धागोमा राम्रोसँग माझा लागेको छ भने पनि अरूको चङ्गा धेरै काट्न सकिन्थ्यो। माझा पनि खस्रो र मसिनो हुन्थ्यो। मसिनो माझाले धागोलाई बलियो बनाउँथ्यो। माझा लगाउँदा प्रयोग गरिने भातको माड र साबुदानाको माड मुख्य थिए। हामी चाहिँ सावुदाना भन्दा पनि भातलाई मसिनो पारेर मुछेपछि त्यसमा ऐना मिसेर मसिनो पारेको धुलो हाल्दथ्यौं। यसरी चङ्गा उडाउन र लडाउन निकै सिपालु भइएको थियो।

धेरैजसो चङ्गा दशैंको वेला लडाइन्थ्यो। दशैंका दिनहरूमा हामी टीकाथलीस्थित गोदावरी खोलाको डिलमा बसेर चङ्गा लडाउँथ्यौं। पारि बालकोटतर्फको खुला फाँट र परपर फाट्टफुट्ट घरहरू थिए। तरेली परेको जग्गामा धान लहलह झुलेको हुन्थ्यो। कुनैकुनै खेतमा धान काट्ने वेला पनि भइसकेको र कुनै

खेतमा धान पाक्न लागेको अवस्थामा हुन्थ्यो । काटिएको चङ्गा छोप्न जाने केटाकेटीहरू सिधै धान खेतमा पस्थे र काटिएर गएको चङ्गा छोप्न दौडन्थे । त्यसरी दौड्दा धानका बोटहरू कुल्चेर नोक्सान पार्दथे । कोही कोही खेत धनीहरू केटाहरूलाई गाली गर्दै लखेट्थे भने कोही कोही भेट्यो भने गालामा चड्कन लगाउँथे । विशेष गरी दशैंको अष्टमी, नवमी र टीकाको दिन समेत गरी तीन दिनसम्म त्यहाँ चङ्गा लडाउने काम हुन्थ्यो ।

यता पश्चिमतिरको कुनामा विशेष गरी धापाखेल, सुनाकोठी, भैंसेपाटी, लगनखेल, जावलाखेल, चोभार, कीर्तिपुर, मच्छेगाउँलगायत धेरै ठाउँमा उडाएको चङ्गाले आकाशै ढाकेको जस्तो देखिन्थ्यो । त्यहाँबाट काटिएर आएको कुनैकुनै चङ्गा हाम्रो खेत बारीतिर पनि बस्दथ्यो । त्यसलाई छोप्नको लागि दौडादौड भइरहन्थ्यो । बारिमा मकैको ढोडको रास लागेको र तोरी फुलिरहेको खेतमा धान लहराइरहेको, आकाशमा चङ्गा उडिरहेको, ठाउँ ठाउँमा सेता बादलहरू हावाको गतिसँगसँगै घुमिरहेको देख्दा वातावरण निकै उल्लासमय हुन्थ्यो । त्यो समयमा गाउँमा न धुलो न त धुवाँ नै हुन्थ्यो । चारैतिर सफा देखिन्थ्यो । कहिलेकाहीँ आउने भूमरीले उडाएर ल्याउँथ्यो धुलो । उपत्यका भित्रको पहाडहरू जहिले पनि हरिया र सुन्दर देखिन्थे । त्यो सुन्दरता पानी परेर फेरि बेलुकातिर घाम लागेपछि निकै हरियाली र सुन्दर देखिन्थ्यो ।

अब मेरो गाउँ पनि अहिले पुरै सहर भइसक्यो । खाली जग्गा कतै छैन । पहिले खेतीपाती गर्ने खेतबारीमा सबैतिर घरहरू बनेका छन् । सडक बनेको छ । खोलालाई साँघुरो पारेर दुवैतिर ढुङ्गाको पर्खाल लगाइएको कारण खोला निकै गहिरो भएको छ । बालुवा मात्र हुने खोलामा अब कालीमाटी मात्र देखिन्छ । खोलाको दुवैतिरको बगर हुन्थ्यो, त्यो पनि छैन । बगर अतिक्रमण गरेर घर टहरा बनाएका छन् । खोलाको बगरमा फुटबल खेल्ने र चङ्गा उडाउने कुरा पनि इतिहास भइसक्यो । बाक्लो घरैघर भएको ठाउँमा अब पहिले जसरी चङ्गा उडाउन पनि सहज छैन । सडकमा ठडाइएको बिजुलीका खम्बाहरू, टेलिफोन र इन्टरनेटका तारहरूका गुजुल्टा र घर घरको छानामा राखेका पानीका ट्याङ्कीहरूले चङ्गा उडाउन बाधा पारेका छन् । पहिलेको जस्तो काठमाडौं उपत्यकामा चङ्गा उडाएको पनि देखिन्न । केही चङ्गा उडेको देखिन्छ तर पहिलेको जस्तो एउटै चङ्गामा चार पाँचवटा चङ्गा गाँसिएर काटिएको देख्न पाइन्न । पहिले धेरैले चङ्गा उडाउँथे अब त्यो सङ्ख्या पनि धेरै नै घटिसक्यो । मैले एक वर्षको दशैंमा छोपेर बटुलेको चङ्गा सुरक्षित राखेर फेरि अर्को वर्षमा पनि उडाएको थिएँ । चङ्गा उडाउनु, गुच्चा खेल्नु, फूटबल खेल्नु पिच्चे खेल्नु, कबड्डी जस्ता खेलहरू अब दिनदिनै घटिरहेका छन् । अहिले इन्टरनेट र मोबाइलमा

नै सबै संसार हेर्न र खेल्न पाइने युग आयो । मनोरञ्जनका साधन धेरै भए । घरभित्रै मनोरञ्जन गरेर बस्न पाइने भइयो । टेलिभिजन, ल्यापटप, मोबाइल, इन्टरनेट आदिको आधुनिक प्रविधिको आविष्कार र सुविधाले मान्छे सामाजिक भन्दा बढी एक्लो हुँदै गएको छ । पुराना खेलतिर कसैको ध्यान जान छोडिसक्यो । खेल्ने ठाउँको अभावको कारण सबै घरघरमा नै मोबाइलमा भुलिरहेछन् । साथीसङ्गाती पनि सीमित भएका छन् । एक घरको मान्छेले अर्को घरको मान्छेलाई चिन्दैन । छिमेकमा मान्छे मरेको कुरा पनि दुई चार दिनपछि मात्र थाहा हुन्छ । सडक र यातायातको सुविधा भएपछि मान्छे पैदल हिँड्नै छोडिसके । सानो दूरीको यात्रामा पनि सबारी साधनको प्रयोग गर्दछन् । प्रायजसो सबैलाई एक्लै एक्लै हिँड्ने बानी परेको छ । पैदल हिँड्नेहरू थोरै हुन्छन् । सबैलाई पुगिसरी आएको छ अर्थात् सबै धनी भएका छन् । अहिलेको पुस्ताले हामीले जस्तो अभावसँग जुध्नु परेको छैन ।' घर एक संसार र परिवार नै एक समाज' हुँदै गएको छ ।

समय बदलियो । परिस्थिति बदलियो । संस्कार र परम्परामा परिवर्तन आयो । मानिसको सोच र विचार बदलियो । पश्चिमा देशको नक्कल गर्दै आफ्नो गाउँघर र देशको प्राचीन संस्कार र परम्परालाई ओझेलमा पारिएको छ । यसरी हाम्रो संस्कार, परम्परामा विचलन आउनुका साथै हाम्रो मौलिकतामाथि अतिक्रमण भइरहेको छ । भनौं कि पर्व र संस्कृतिको नाममा विकृति मौलाइरहेछ । एक दिन मनाउने तीज पर्व अब महिनौं दिनसम्म चल्न थालेको छ । यो एक प्रकारको सामाजिक विकृतिले दिनदिनै समाजमा मात्र होइन घर परिवारमा पनि गाँज्दै ल्याएको छ । आधुनिकताको नाममा आफूलाई मन लागेको गर्ने र खाने आदतले मानिसले पुरानो संस्कार र संस्कृति बिर्सिदै गएका छन् । जे होस् हाम्रो देश धेरै चाडपर्व, जात्राहरू र सांस्कृतिक धर्मकर्म गर्नेहरू निकै छन् । आजभन्दा तीस वर्ष पहिले मेरो गाउँघरमा चङ्गा उडाउनु र लडाउनु पनि यौटा पर्व जस्तै थियो । अब त्यो बिगतलाई सम्झनुको विकल्प रहेन ।

---

**शब्दार्थ प्रकाशन**को **वेब साइट**

http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा**

**वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

# साहित्य दिवसको प्रारम्भिक झलक : स्मरण गर्दा



डा. नारायण निरौला

संसारमा अनेक प्रकारका दिवसहरू मनाइन्छन् त्यसको छायाँबाट नेपाल पनि अछुतो छैन । यद्यपि संसारमै साहित्य दिवस मनाइएको थाहा छैन । त्यस्तो कार्यको थालनी गर्न भने नेपाली साहित्यकारहरूले उत्साह देखाएको पाइयो । साहित्यका कविता दिवस, नाटक दिवस जस्ता विभिन्न प्रकारका आङ्गिक दिवसहरू मनाइरहँदा सिङ्गो'साहित्य दिवस' किन नमनाउने ? भन्ने नेपाली साहित्यकार तथा समालोकहरूको गम्भीरतापूर्वक गरिएको चिन्तन मनन र विचार विमर्शको परिणाम स्वरूप'साहित्य दिवस' मनाउने निर्णय गरिएको रहेछ । स्वनाम धन्य व्यक्तित्वहरूको सक्रिय आयोजनामा लगभग चारसय जनाको उपस्थितिमा बृहद् साहित्यिक सम्मेलन २०६९ मा गरी त्यहीँ साहित्य प्रवर्धन केन्द्रको पनि स्थापना गरेर साहित्यकार तथा साहित्यप्रति प्रेम हुनेहरूद्वारा एउटा शान्तिपूर्ण ऱ्याली निकाल्ने निर्णय पनि गरेको रहेछ साथै वैशाख एक गते जुन दिन सरकारी विदा पनि पर्छ त्यस्तो दिन पारेर'साहित्य दिवस' मनाउने निर्णय गरिएको रहेछ । उक्त निर्णय धेरै पहिले नै गरिएको भए तापनि सायद् अनुकूल परिस्थिति उपस्थित हुन नसकेकाले २०७९/१२/३० का मितिसम्म यो कार्य हुन सकेको रहेनछ । संयोगवश भनौं साहित्य तथा कोशकार वसन्तकुमार शर्म्मा नेपालज्यूको शताब्दी वर्षको संयोग परेको हुनाले उहाँका पाँच ओटा कृति सहित तेह्र ओटा कृतिको विमोचन र साहित्यका विभिन्न विधामा तेह्रओटा पुरस्कारसहितको समारोहको अवसर पारेर २०८०/०१/०१ का दिन बिहान प्रभातफेरी भानु माध्यमिक विद्यालय रानीपोखरीमा रहेको आदिकवि भानुभक्तको सालिकमा माल्यार्पण गरी साहित्यिक व्यक्तित्वहरू र साहित्यिक संस्थाहरूद्वारा साहित्य दिवसको उपलक्ष्यमा व्यानर लिई जमल, शहीद गेटबाट टुँडिखेल घुमी प्रभातफेरि कार्यक्रम पुनः आदिकवि भानुभक्तको सालिकमा आई समापन गरिएको थियो । प्रभातफेरीको अगुवाइ प्रा.डा. माधवप्रसाद पोखरेलले गर्नुभएको थियो । लगभग ४०० जनाको उपस्थितिमा प्रभातफेरी भएको थियो । सामान्यतया

यो कार्यक्रम यहीं समाप्त भए पनि दुवै कार्यक्रमको मुख्य संयोजक साहित्य सवर्द्धन केन्द्र भएकाले र दुवै कार्यक्रम साहित्यिक नै भएकाले भोजन पश्चात् दोस्रो कार्यक्रम प्रारम्भ हुनगएको थियो ।

प्रभातफेरीको कार्यक्रम बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म भएको थियो यस कार्यमा सहभागी हुने भाग्यमानीहरूमा सबैभन्दा कान्छा सहभागी चार वर्षका श्रीनिवास निरौला, आर्या घिमिरे, ओजस्वी लामिछाने थिए भने एकजना आठ वर्षका अभिज्ञान लामिछाने तीन कक्षाका छात्र थिए, यिनले यसै वर्ष 'फोर्टिन पेटल' नामको कवितासङ्ग्रह छपाएका छन् । यसैगरी तीन कक्षामा पढ्ने आठ वर्षिया आर्या घिमिरे पनि गीत-कविता लेख्छिन् । यिनको पोहोर साल नै'आऊ आऊ साथी' नामको बालगीत प्रकाशित भएको थियो भनेर शब्दार्थ प्रकाशनका प्रकाशक विनयकुमार शर्मा नेपाल सरले बताउनुभएको थियो । श्रीनिवास निरौला डा. नारायण निरौलाका सुपुत्र हुन् ।

'साहित्य प्रवर्धन केन्द्र' र 'साहित्य दिवस' लेखेका क्याप टोपी र हाफ ज्याकेट एलएनजी इन्सुरेन्सको सहयोगमा, दुईसय लिटर पानी सहभागिता वाटर ब्रेभवेजको सहयोगमा र भोजन र हल केएमसी कलेजका रामेश्वर अर्यालज्यूको सहयोगमा उपलब्ध गराएको थियो । प्रभातफेरीमा लगभग पच्चीस साहित्यिक संस्था र २५० जना साहित्यकारको जमघट थियो । यस गरिमामय प्रभातफेरीमा धेरैजना वयोवृद्ध साहित्यकारहरूको उपस्थिति रहेको थियो । जसमा प्रा.डा. माधवप्रसाद पोखरेल, कवि भुवनहरि सिग्देल, साहित्यकार विजय चालिसे, रामप्रसाद पन्तलगायत थुप्रै आदरणीय व्यक्तित्वहरूको उपस्थिति हुनुका साथै पुरस्कार प्राप्त गर्ने हरिहर शर्मा आदि अन्य लेखक सम्पादक कवि नाटककारहरूको गरिमामय उपस्थिति रहेको थियो ।

कार्यक्रममा घुइँचोले हल खचाखच भरिएको थियो । साहित्य संवर्द्धन केन्द्रद्वारा हरेक वर्ष साहित्य दिवसका दिन प्रदान गरिने १३ पुरस्कारहरू २०८० वैशाख १ गते बागबजारमा रहेको काठमाडौं मोडेल कलेजमा निम्न साहित्यिक व्यक्तित्व र संस्थाहरूलाई प्रदान गरिएको थियो ।

१. वसन्त-राधा पद्यकाव्य पुरस्कार-२०६५-रु. ५०,०००/- डा. श्री हरिहर शर्मा अर्याल
२. हेमकुमारी-दिवाकर समाजसेवा सम्मान-२०६५-रु. २५,५५५/- द्वन्द्व पीडित तथा अपाङ्ग समाज
३. साहित्य संवर्द्धन द्रष्टा सम्मान-२०७०-रु. १५,०००/- प्रा. श्री केशव सुवेदी
४. हरिहर शास्त्री-सावित्रीदेवी पुरस्कार-२०४५-रु. ५५,०००/- प्रा.डा. श्री माधवप्रसाद पोखरेल
५. विश्वज्योति सेवा सम्मान-२०७१-रु. ३५,०००/- कान्तिभैरव गुरुकुल विद्यालय
६. शारदादेवी सिर्जना पुरस्कार-२०७२-रु. २१,०००/- श्री हिरण्यकुमारी पाठक
७. राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार-२०७२-रु. १५,०००/- श्री रमेशचन्द्र देवकोटा
८. जम्बकुमारी टीकावल्लभ साहित्य सम्मान-२०७३-रु. १५०००/- श्री सुनील पौडेल

९. गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान-२०७३-१३,०००/- श्री रमेशप्रसाद गौतम
१०. निर्मला-प्रेम बाल साहित्य सम्मान-२०७४-१३,०००/- श्री भिक्टर प्रधान
११. पुण्य-तिलस्मी-सरह दर्शन/साहित्य सम्मान-२०७८-रु. १३,०००/- डा. श्री गोविन्दशरण उपाध्याय
१२. नन्द-टुल्की-आनन्द साहित्य सम्मान-२०७८-रु. १३,०००/- प्रा.डा. श्री कपिल लामिछाने
१३. आमोइ पद्याख्यान पुरस्कार-२०७८-२५,०००/- श्री नरेन्द्रराज पौडेल

उक्त अवसरमा शब्दार्थ प्रकाशनबाट प्रकाशित १. गोविन्दबहादुर कुँवरको रमाइलो दशैं, २. सुरेन्द्रबहादुर न्यौपानेको पिप्पी, ३. बिनोद खड्काको घाउ, ४. सागर'मणि' थापाको मेयर, ५. सुरेन उप्रेतीको देश हराएको मान्छे र नेपालको सान, ७. हरिप्रसाद चौलागाईंको हुन्छ पक्कै बिहानी, ८. हरि भट्टराईको सुसाइड नोट समेत आठ पुस्तक विमोचनका साथ कवि तथा कोशकार वसन्तकुमार शर्मा नेपालको जन्म शताब्दीको सन्दर्भमा उहाँद्वारा लिखित पाँच पुस्तक १. संस्कृत साहित्यका नाटक र नाटककार, २. केही कथा केही कविता, ३. श्रीहर्षका समग्र नाट्यकृति, ५. श्रीकालीदासकृत द्वय नाट्यकृति, ५. शर्म्मालेआधा अनुवाद गर्नुभएको हरिवंशपुराण जसलाई डा.नारायण निरौलाद्वारा पूरा गरिएको थियो । शर्म्माका पाँच पुस्तकसहित तेह्र पुस्तकको दुई चरणमा त्यहाँ विमोचन भएको थियो ।

उक्त कार्यक्रम यादव भट्टराईले सञ्चालन गरेका थिए । कवि ठाकुर शर्मा भण्डारी र डा. रमेश शुभेच्छुले कृतिमाथिप्रकाश पारेका थिए भने पुरस्कार र साहित्य दिवस बारे प्राडा. माधवप्रसाद पोखरेल, कवि भुवनहरि सिग्देल, साहित्यकार विजय चालिसे र साहित्यकार विनयकुमार शर्मा नेपालले प्रकाश पारेका थिए ।

\-\-\-

**साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू**

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार-२०४५'**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी (२६ औं)
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु
२०७९ प्राडा. माधवप्रसाद पोखरेल

**५. 'विश्वज्योति सेवा सम्मान-२०७१'**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका, बनेपा
२०७९ श्री कान्तिभैरब गुरुकुल विद्यालय, गोकर्ण

# गोवा यात्राको सम्झना



**पुण्य कार्की**

यात्राको अनुरागले मेरो भित्री हृदयलाई लबालब ढाकिदिएको छ। यात्रामा निस्कने भन्ने बित्तिकै मेरा ज्ञानेन्द्रियहरू त्यसैत्यसै चनाखा बन्छन्। आँखालाई अनेकन परिकल्पित दृश्यहरूले उद्दिप्त पार्छन्। नासापुट नूतन जगत्को हावाको सुगन्ध पिउन उत्ताउलो बन्छ। मेरा कानहरू अनन्तको ध्वनि सुन्न आतुर हुन्छन्। रसना नयाँ नयाँ परिकारको आस्वादनको भोकमा तड्पिन्छ। यात्राले काम र जिम्मेबारीको एकरसतामा टाँगाको टट्टु जस्तो बँधेरिएको जीवनलाई खुल्लापथमा विचरण गराउँछ। यात्राले जीवनमा नवनव उन्मेषको स्वाद भर्ने मात्र होइन पुलकित आनन्दको शयरपनि गराउँछ। यात्राले आफ्ना अन्तर्दिलका फोहोर र दागीपनमात्र दखाउँदैन, सङ्कीर्ण सोच, व्यवहार र चिन्तनलाई चिनाइदिन्छ। हरेक यात्राले मान्छेलाई भित्रैबाट विकसित गर्दछ। मान्छेलाई पुष्पित पल्लवित गर्दछ।

हर यात्रामा जीवन पढिन्छ। समाज पढिन्छ। समय पढिन्छ। ज्ञान र अनुभवको नयाँनयाँ क्षितिज छुइँदै गइन्छ। जीवनका बहुआयामिक चुली चढाउँछ यात्राले तर यात्रा आजभोलि मेरा लागि दुर्लभ चरीजस्तो बन्न लागिसक्यो। कारण आफ्नै चारदिबारीको सुसेधन्दामा टाँसिएरै जीवनको दुई तिहाइ समय सक्किन लागेकोछ तर पनि त्यस्तो अवसर आउँदा र तालघाट मिल्दा झिनामसिना उल्झनहरूलाई लात हानेर यात्राको मनोरम संसारमा बुर्कुसी मार्ने गर्छु।

यो साल त्यस्तै यात्रामा बुर्कुसी मार्ने सुनौला अवसर मिल्यो। नेपालको पूर्वी सीमा धुलाबारी काँकडभित्ताबाट आरम्भ भएको यात्रा बागडोगरा, मुम्बई, गोवा, पुना पुगेर पूर्णता हासिल गऱ्यो भने त्यसपछि पुनः मुम्बई बागडोगरादेखि आफ्नै घरसम्म अवतरित हुँदा मनमस्तिष्कमा अनुभूतिको सानो सानो थुम्को तयार भयो। रङ र रेखाहरूको एउटा धुमिल कोलाज बन्यो। त्यसैलाई शब्दमा उतार्न खोज्दैछु।

करिब दशदिनको यात्रामा निस्कने योजना पन्ध्र बीस दिन अघि नै बनिसकेकोले आफू कार्यरत विद्यालयमा बिदा स्वीकृतिको चाँजोपाँजो मिलाउने,

आफ्ना काम र जिम्मेबारीहरू हस्तान्तरण गर्ने काम अघिल्लै दिन करिब करिब मिलाइसकेको थिएँ । २०७५ पुसको १० गते त घरबाट प्रस्थान गर्नु नै थियो तर दुःखद संयोग सोहीदिन मेरा विद्यालय अध्ययनताकाका सहपाठी मित्र रामु रायामाझीको दुखद निधन भयो । आफू एघार बजे हिँड्नु थियो । बिहानै उनको मलामी जानुपर्‍यो । आफ्नो समवयी सँगै पढेको मित्रको आकस्मिक अवसानले मनमा एक नमीठो पीडा भयो ।

मित्रको मलामीबाट फर्केर घर आएँ । स्नान भोजन र आवश्यक तयारीपछि ठीक एघार बजे लाहान प्रस्थान गरें । मेरो व्याग गुरु ज्ञान साहिलको गाडीमा पठाइदिएँ । लाहानबाट दुई ओटा स्कारपियो गाडीको व्यवस्था गरिएको थियो धुलाबारीसम्म जानको लागि । गुरुहरूको गाडी अगाडि नै जाने भएपछि त्यसमै अटेजी र व्यागहरू पठाउने काम गरियो । दोस्रो स्कारपियोमा म, जीवन मेहमान, ओमकारजी, ओमजी, अशोकजी र अन्जु माताजी जानुपर्ने व्यवस्था गरिएको थियो । दुई बजे लाहानबाट प्रस्थान गरियो । साँझ सात बजेमात्र धुलाबारी पुग्न सफल भयौं । एक त पुसका छोटा दिन अर्को बाटोमा ठाउँठाउँ अलमल हुँदै गयो । महुलीमा चियानास्ता गर्दा निकै ढिलो भयो, फेरि अशोकजीले कोशीव्यारेजमा चटपटे नखाई नछोड्ने अडान राखेपछि त्यहाँ पनि केही ढिलाइ भयो तर धुलाबारीको रात्रि विश्राम भने सारै आनन्ददायक र सुन्दर रह्यो । विकासजीको जोर्वा क्याफेमा जुन आथित्यता मिल्यो, त्यो अविस्मरणीय थियो । साह्रै स्वादिलो दाल, भात, तरकारी, चटनी खाएर उहाँको घरमा मीठो निन्द्रा सुतियो ।

भोलिपल्ट एघार बजे नै पश्चिम बङ्गला प्रान्तमा अवस्थित बागडोगरा सैनिक विमानस्थलबाट हवाइजहाज चढ्नु थियो । बिहान सबेरै उठियो । स्नानादि नित्यकर्म पूरा गरेर पुनः जोर्वा क्याफेमा आइयो । चिया, खाजा र फलफूल खाएर बिहानको आठबजे बागडोगरातर्फ प्रस्थान गर्‍यौं । हाम्रो भ्रमण दलमा चौध जना यात्रुको समूह एकत्रित भएका थियौं । बागडोगरा पुग्ने बित्तिकै मेरो हातमा इन्डिगो विमानको अनलाइन टिकट थमाइयो । जसमा नारायणप्रसाद उप्रेती, तुलसीकुमारी बस्नेत, राजेन्द्रप्रसाद मुरारका, अन्जु मुरारका, ओमकार मल्ल अग्रवाल, माधवप्रसाद पोखरेल, विनोदकुमार मोवार, पुण्य कार्की, अशोककुमार खड्का र ओम खड्काको नाम उल्लेख थियो । विकासजीसहित चारजना झापाली मित्रहरूको टिकट भन्ने छुट्टै थियो ।

लगेज चेकिङ लगायतका विभिन्न कागजी डकुमेन्टहरूको चेकजाँचको प्रक्रिया पूरा गर्न दश बजे विमानस्थलको भित्री परिसर छिरेका हामी बाह्र बजे मात्र उड्न सफल भैयो । अढाइ तीन सय यात्रु क्षमताको विशाल जेट विमानको यात्रा मेरो लागि नयाँ अनुभूतिको विषय थियो । हुन त नेपालको घरेलु रूटमा

चल्ने साना विमानहरू त पहिले नै चढिसकेको थिएँ । जब विमानले बागडोगराको जमिन छोड्यो । त्यसपछि हामी करिब बाह्र पन्ध्र सय माइल (वायुमार्गको दूरी) को वायविक यात्रामा मुम्बईतर्फ हुँइकिँदै थियो । विमानले क्रमशः आफ्नो उडानको उचाइ बढाउँदै जब छत्तीस हजार फिटमाथि पुगेर गन्तव्यतिर सोझियो, वायविक यात्राको नवीन अनुभूतिले मेरो मनमस्तिष्क रोमाञ्चित थियो । निकै लामो समयसम्म उत्तरतिरका धवल हिमशिखर शृङ्खलाहरू ओझेल परेपछि विशाल भारतको विविधतायुक्त भूगोललाई छत्तीस हजार फिट माथिबाट अवलोकन गर्ने अपूर्व अवसर मिल्यो । मेरो लागि यो दृश्यावलोकनको मौका एक दुर्लभ मौका थियो । यसमा मित्र विनोद मोवारजीप्रति आभारी छु किनभने झ्याल साइडको सिट उहाँको थियो । विमान बाहिरको दृश्यावलोकनको तीव्र उत्कष्ठा जति ममा थियो । त्यति उहाँमा थिएन । उहाँले सहर्ष मलाई झ्याल साइडको सिट छोडिदिनुभयो । तीनघन्टाको आकाशीय यात्रामा मृदुल अनुभूतिका अनेकन तरङ्कहरूले मलाई छोपिरहे, छोपिरहे । बिहान धुलाबारीमा खाएको नास्ताले छोडिसकेको थियो । विमानभित्रै सबैले आआफ्नो रुचिअनुसारको खाजा खाने काम गरियो । दुईसय आइसीको एक बोहोतो हैदरावादी विरानी खाएँ । पेट भन्दा मेरो आँखा धेरै भोकाएका थिए । भारतीय भूगोलका दृश्यहरू पिउन लालायित थिए चञ्चल नजरहरू । पहाड, जङ्गल, मैदान, शहरहरू, वस्तीहरू, नदीका लम्बेतान गोरेटाहरू, सडक सञ्जालका नागवेली दृश्यहरू र खेतीबालीका अनन्त प्लटहरू नियाल्दै, रोमाञ्चित हुँदै, पुलकित आनन्दमा डुब्दै अघि बढिरहेँ ।

एक निश्चित हाइटमा पुगेपछि विमान ध्यानको थीरतामा उड्दो रहेछ, यो अनुभव मेरो लागि सर्वथा नौलो थियो । बाहिर तूफानी गति छ, भित्र एक अपूर्व सन्नाटा र थिरता छ । त्यो थिरतालाई नजिकबाट स्पर्श गरेँ । विमानका पखेटा हेर्छु । विमान रत्तिभर चलेजस्तो, हिँडेजस्तो अनुभूति हुन्न, तर क्षितिजिय रेखा र धर्ती हेर्छु अनि विमान धिमा गतिमा उडिरहेको आभास हुन्छ । गुरु ज्ञान सहिलसित यस विषयमा कुरा पनि गरेँ । ध्यानको गहिराइमा घट्ने अनुभूति जस्तो भएर विमान उड्दो रहेछ ।

तीन घन्टाको समय तीस मिनेट जस्तो भएर समयातित अवस्थामा ठीक तीन बजे छत्रपति शिवाजी अन्तर्राष्ट्रिय विमानस्थल मुम्बईमा हामी अवतरित भयौँ । आकाशबाटै अलिअलि नियाल्न भ्याएँ मुम्बई नगरीको विपुल वैभवता । चौडा सडकहरू, गगनचुम्बी महलहरू, गाडीका अनन्त ताँतीहरू आँखा भरिभरि पिएर विमानस्थलको ट्रान्जिटमा रोकिएका थियौँ हामी । सोही दिन राति दश बजेको विमान समातेर गोवा उड्नु थियो हामीले । छत्रपति शिवाजी अन्तर्राष्ट्रिय विमानस्थलको वैभवता देखेर मनमनै कल्पना गरेँ-यस्तै समृद्ध विमानस्थल मेरो

मुलुकमा कहिले बन्ने होला ? अदम्य इच्छाशक्तिसहितको नेता चाहिएको छ देशलाई, एक भिजनरी र स्वच्छ छविको नेतृत्व चाहिएको छ मुलुकलाई । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशलाई हाँक्न सक्ने स्वप्नदर्शी नेताको जरुरी छ हामीलाई । सो अभावले नै हालसम्म हामी अनन्त दुर्गतिमा फसिरहेका छौं ।

लामो प्रतीक्षपछि रात्रिको दश चालीसमा गोएअर इन विमानबाट हामी गोवातर्फ उड्यौं । रात्रिको अन्धकारले धर्तीलाई आफ्नो अँगालोमा घुम्लुङ्ग बेरिसकेको थियो । अपितु ठाउँठाउँका झिलिमिली शहर गाउँहरू देख्ता जुनकिरीका झुरूम्वीहरू नाचेजस्तो आभास हुन्थ्यो । दिनको उज्यालोमा पनि आकाशबाट धर्ती नियाल्ने सुयोग मिल्यो, अन्धमुस्ली रातमा पनि धर्तीलाई धेरै माथिबाट नियाल्ने अवसर मिल्यो । रङरङका धर्ती आनन्दहरू त भोगिएकै थियो तर आज दूर आकाशको आनन्द मुटु भरिभरि पिउँदै थिएँ । आकाशबाट तल हेर्दाको अनमोल अनुभूति रौं रौंमा सँगालिरहेको थिएँ ।

करिब एक घन्टाको आकाशमार्ग छिचोलेर एघार पैंतीसमा हामी गोवाको अन्तर्राष्ट्रिय विमानस्थमा उत्रियौं । गोवा भ्रमणभरि सहज सुविधा होस् भनेर ओशो ओसिन आश्रममा आवासको व्यवस्था अगाडि नै निर्धारित गरिएको थियो । सोही मुताविक आश्रमको एउटा गाडी हामीलाई लिन आयो । अर्को एक ट्याक्सीमा जाने टुङ्गो भयो । आधी मित्रहरू आश्रमको गाडी चढेर जानुभयो । बाँकी आधी चाहिँ भाडाको ट्याक्सीमा गन्तव्यतिर लाग्यौं । ड्राइभरले सुरुमा हामी पुग्नुपर्ने लोकेसन थाहा छ भन्यो, त्यसैले आश्रमको गाडी त्यसलाई एअरपोर्टमै छोडेर हिँडिहाल्यो । हामीलाई ढुक्क थियो, यहींको रैथाने ड्राइभर हो, ठाउँमा पक्का पुऱ्याउनेछ तर सोचेको ठीक विपरीत भयो । उसले अनेकौं गल्ली, गल्छेँडा र चोकहरूको चक्कर काट्यो, काटिरह्यो तर हामीलाई गन्तव्यमा पुऱ्याउन सकेन । रात्रिको समय त्यो अन्जान ठाउँमा हामीलाई घरि यता र घरि उता फनफनी घुमाइरहेको छ । थकाइ र भोकले चुरचुर भइसकेका छौं । आखिर अनेकौं पटकको फोन सम्पर्कपछि बल्लबल्ल राति एक बजे आश्रममा आइपुगियो । पुरी तरकारी खाएर रात्रि विश्राममा आआफ्ना कोठातिर पसियो । ओछ्यानमा पुग्दा रातको दुई बजिसकेको थियो ।

पुस १२ गते बिहान साढे ६ बजेतिर गोवाको ओछ्यानमा जागरण भयो । त्यसपछि नुहाइधुवाइ लगायतका नित्यकर्महरू सम्पन्न गरी हामी समुद्री किनारामा समुद्रसित साक्षात्कार गर्न जाने योजना बन्यो । जीवनमा पहिलोचोटि समुद्रसित भेट हुँदैथ्यो । हिमाली देशको पहाडवासी म । मेरो देशको कुनै पनि कुनाले समुन्द्रको स्पर्श नपाएकाले हामी भूपरिवेष्टित राष्ट्रका हतभागी नागरिक भएका छौं, समुद्रसँग देशको सिमाना नजोडिनाले पटक-पटक चरम नाकाबन्दीको

शिकार पनि भएका छौं । गोवा भ्रमणको एक उद्देश्य समुद्रसँग साक्षात्कार गर्ने, समुद्रसित साउती मार्ने र समुद्रमा सद्यस्नान बन्ने अभिलाषा गाँसिएको थियो । हामी बास बसेको आश्रम नजिकै रहेछ बेताल बिच । समुद्र किनारको मैदानी भागलाई बिच भनिँदोरहेछ । समुद्र किनारा जहाँबाट समुद्रमा हेलिन सकिन्छ, जहाँबाट समुद्रमा पौडी खेल्न सकिन्छ । तीनतिरबाट समुद्रवेष्टित गोवामा सातआठ ओटा चर्चित बिच छन् अरे । सबै बिच त पुगिएन । सुरुको दिन जुन बिचमा पुग्यौं, त्यो हाम्रो बासस्थानबाट दुई अढाइ किलो मिटरको दूरीमा थियो ।

पहिलो चोटि समुद्रलाई स्पर्श गर्न पाउँदा एक अपूर्व उत्तेजनामा म आनन्दित बनेको थिएँ । सयौंको सङ्ख्यामा सेतो छाला हुने विदेशीहरू समुद्रका छालसित लुकामारी खेलिरहेका थिए । के युवा, के युवती, के बालबच्चा, के बूढाबूढी सबैसबै समुद्रमा निमग्न डुबुल्की लाइरहेका थिए । हामी पनि ढिलो नगरी कपडा खोलेर समुद्रमा हेलियौं । समुद्रका उत्तुङ्ग छालसँग जिस्किँदै डुबुल्की लाइरह्यौं, लाइरह्यौं । असाध्यै नुनिलो पानीका घुड्कीहरू पनि चाख्ने मौका मिल्यो । धौ फुकाएर समुद्री स्नान-आनन्द लिइयो । एक अतिरेक ऊर्जाले यसरी आप्लावित गऱ्यो । तीन घन्टा समुद्रमा पौडी खेलेको थाहा पत्तै भएन । स्नानपछि किनारामा नाङ्गै सनबाथिङ गर्नुको आनन्द पनि छुटाइएन ।

समुद्री बिचमै चियानास्ता खाँदा बाह्र एक बजिसकेको थियो । बिहान आठ बजे समुद्रमा गएका मान्छे दिउँसो एक बजे आश्रम फर्केर नुहाइधुवाइ गरियो । समुद्रको नुनिलो पानीले शरीरलाई कताकता असहज बनाएको अनुभूति भयो । त्यसैले स्नान जरुरी जस्तै रहेछ । खाना खाएर दुई बजेतिर गोवाको चर्चित फुटस्टेप म्युजियम हेर्न गैयो । गोवा सभ्यताको प्रारम्भिक कालखण्डको जनजीवनलाई मूर्तिकलामा ढालिएको त्यो सङ्ग्रहालय साँच्चै जीवन्त थियो । साँच्चै विमुग्धकारी थियो । त्यसपछि पालोलेम बिच गएर असीम सागरको आनन्दमा डुबियो । समुद्र किनारामा अवस्थित नरिवलको जङ्गलले मनलाई खिच्छ, जुन वर्णनातीत छ । निरन्तरको यात्राले कण्ठमा प्यास जाग्छ । ताजा नरिवलको पानी खाएर प्यास मेट्यौं ।

देश देशका मानिसहरू गोवाको समुद्री बिच झुम्मिएका छन् । चारैतिर मादक मस्ती छन् । कोही पौडिएका छन् । कोही छालसित जिस्किँदैछन् । कोही डुङ्गामा शयर गरिरहेका छन् । कोही खानमा मस्त छन् । कोही गाना बजानामा मस्त छन् । कोही प्रेम आलिङ्गनमा बेरिएका छन् । खालखालका दृश्यहरू छन् । तालतालका मान्छेहरू देख्न पाइन्छ । संसारकै एक आकर्षणको थलो गोवामा समुद्री बिचहरू वरदान बनेर उभिएका छन् । तिनकै मोहनीमय आकर्षणले संसारका टुरिष्टलाई आफूतिर खिचिरहेको छ । समुद्रको आनन्द पिएर कोठा

फर्किँदा रातको आठ बजिसकेको थियो । भोजनपछि विश्राममा लेटियो ।

गोवा आएको दोस्रो दिन पुस तेह्र गते पनि बाँकी ठाउँको परिभ्रमणको लागि बिहानै चियानास्ता खाएर गाडी चढ्यौं । सर्वप्रथम फिस एक्वाइरियम पुग्यौं । अनेकौं प्रजातिका माछा कछुवाहरूको जीवन्त एक्वाइरियम रहेछ । खास गरी समुद्रमा पाइने माछा कछुवाका अनेकन प्रजातिहरू सिसाजडित घरमा सुरक्षित राखिएको छ । माछाको निम्ति वातानूकूलित बैज्ञानिक प्रविधि जडान गरिएको त्यो एक्वाइरियम साँच्चै आश्चर्यजनक थियो ।

त्यसपछि भूतघरको अवलोकन गर्न गैयो । अहिलेको विज्ञान प्रविधि र रोबोटिक कलाको प्रयोग गरी बनाइएका भूतप्रेतहरू र पिशाचहरूको स्वचालित गतिविधि निकै भय र आतङ्क सिर्जना गर्ने खालको थियो । कमजोर मनस्थिति भएका मानिसहरूले भूताहा घर हेर्नुभन्दा नहेर्नु नै जाती लाग्यो । त्यसपछि पुनः समुद्री किनारकै अद्‌भूत दृश्य अवलोकन गर्न कोको विच आइयो । कोको विचमा नरिवल घारीको दृश्य परिदृश्यलाई आँखाभरि कैद गरेर डल्फिन ट्रिपको लागि मोटरबोट चढियो । समुद्री किनाराका अनेकन परिदृश्यहरूको अवलोकन गराउँदै त्यसको ऐतिहासिक पक्षको वर्णन गर्दै लग्यो मोटरबोटको गाइडले । अहिलेको गोवा कुनै समयमा पोर्तुगलको अधिनस्थ थियो । समुद्र किनारास्थित डाँडाको काछमा रहेको कैदीखाना (जेल) पनि देखायो उसले । सागरका उत्ताल छालहरूसित स्पर्श गर्दै मोटरबोट बिजुली बेगमा हुँइकिरह्यो । सामुद्रिक चराहरू माछा टिप्दै गरेका रङ्गीन दृश्यले हृदय आल्हादित बन्यो ।

किनाराबाट निकै टाढाको दूरीमा पुगेपछि डल्फिनहरू देख्न थालियो । प्रायः जोडी जोडी डल्फिनहरू फुत्तफुत्त बाहिर निस्किदै, समुद्रभित्र पस्दै गरेका दृश्यले मोटरबोटमा यात्रा गर्ने हामी सबैलाई रोमाञ्चित बनायो । हातहातमा रहेका मोबाइल क्यामरामा डल्फिनका फोटो कैद गर्न होडबाजी चलेको थियो । भनिन्छ- डल्फिन माछा मानिसपछिको सबैभन्दा बुद्धिमान प्राणी हो रे ! सायद हामी उसकै दर्शन गर्न आएको मेसो बुझेर हामी चढेको मोटरबोटको आसपासमा अनगिन्ती डल्फिनका हुलहरू नाचिरहे, नाचिरहे । करिब एक-डेढ घन्टाको सागर शयरपछि बोम जिससको महागिर्जाघर हेर्न जान्छौं । बोम जिसस अर्थात् नेक या शिशु जिससको नाममा बनेको उक्त गिर्जाघरको निर्माण सन् १५९४ मा सुरु भएर सन् १६०५ मा समापन भएको कुरा त्यहाँको स्तम्भ फलकले देखाएको थियो । तीनतलाको विशाल अनि भव्य गिर्जाघरको बाहिरी आवरण बसाल्ट पत्थर जडित थियो । रोमन चिन्न IHA ले ग्रिक भाषामा ईसामसिहाको नाम सङ्केत गरेको थियो भने सन्त फ्रान्सिस जेवियरको काष्ठमूर्ति पनि उत्तिकै मनमोहक थियो । त्यहाँबाट निस्केर अक्वाढ फोर्टको ऐतिहासिक किल्ला

अवलोकन गर्न डाँडामा निस्किन्छौं तर समयले हामीलाई छोड्दै लगेको थियो अर्थात् दिउँसोको एक बज्न लागिसकेको थियो । बिहान खाएको नास्ताले छोडिसकेको थियो । रातमाटे पहाडमाथि उभिएको ढुङ्गे चट्टान निर्मित किल्ला ई.स. १६१२ मा निर्माण भएको रहेछ । पोर्तुगाली भाषाबाट नामकरण भएको आक्वाढ किल्ला पानीजहाजलाई खानेपानी आपूर्ति गर्न बनाइएको थियो । पोर्तुगाली भाषामा अक्वाढको अर्थ पानी जम्मा गर्ने ठाउँ हुँदो रहेछ । सन् १९७६ पछि पानी जहाजहरूले पानी आपूर्तिको वैकल्पिक व्यवस्था गरेपछि यो किल्ला पर्यटकको लागि एक अवलोकन केन्द्र र चलचित्र सुटिङको लागि उपयुक्त थलो बनेको रहेछ । बाहिरी परिसरबाटै यो कुरा बुझेपछि हामी धेरै भोकाएका कारण सरासर होटलको खोजीमा लाग्यौं ।

ओम साइसागर नामको होटलमा पसेर टन्न दाल, भात, तरकारी, रोटी दही खाएपछि शिथिल अङ्गप्रत्यङ्गमा ऊर्जाको प्राणरस सञ्चरण भयो । त्यसपछि गोवाकै चर्चित बीच क्यान्डोलिना विच गइयो । अत्याधिक रूपमा युरोप अमेरिकाका खैरे जातिले भरिएको यस विचमा गोरागोरेनीहरू मर्दन आनन्दमा आकण्ठ डुबेका थिए । पहिले मनाचिन्त्य रूपमा सामुद्रिक छालमा पौडिने, जलक्रीडा गर्ने त्यसपछि समुद्र किनारामै व्यवस्था गरिएका खाट र बेडिङ विस्तारामा डङ्ग नाङ्गै पल्टिएर घाममा शरीर सेकाउने अनि शरीरलाई तेल मालिस गराउँदा रहेछन् । गोरागोरेनीहरूको शरीरलाई हरिमुस्ले इन्डियनहरूले मालिस गरेको दृश्य देख्दा यस्तो लाग्थ्यो- अझै पनि भारत अङ्ग्रेजहरूको औपनिवेशिक शासन व्यवस्थाबाट मुक्त भएको रहेनछ । हजारौं खैरेहरूको खुट्टा थिचिरहेका छन् भारतीयहरू । हुन त यो सबै पैसा र रोजीरोटीका लागि गरिएको काम थियो । गोराहरू मालिक पल्टेर मालिस मर्दन गराउने यो परम्परा चारसय वर्ष अघिदेखि सायद गोवा राज्यमा अझ कायमै छ । मर्दन आनन्दको स्वाद लिनै सायद खैरे खैरिनीहरू दूरदेशबाट यो थलोमा आउँदा रहेछन् जस्तो लाग्यो ।

स्वस्तिक क्रुजको टिकट हाम्रो बिहानै बनिसकेको थियो । क्यान्डोलिना बिचलाई बाईबाई गर्दै हामी ठीक चार बजे स्वस्तिक क्रुजमा चढ्छौं । तिन तले पानीजहाजमा माथिल्लो तलामा बसेर क्रुजको यात्रा गर्छौं । समुद्रका चारैतिर छरिएको रङ्गिन साँझको सुनौलो दृश्यले अर्कै संसारमा डोऱ्याइरहेको थियो । अनेकन देशका, अनेकन जाति, भाषा, संस्कृतिका मानिसहरू हामी एकसाथ क्रुजमा थियौं । विश्व भाइचाराको एक अपूर्व संयोग र समागममा हामी सामेल थियौं । त्यसघडी राष्ट्र, राष्ट्रियता, जाति, भाषा, संस्कृति नामको सङ्कुचित मानसकिताले विदा लिएको थियो । संसारका करिब चार हजार मानिससित क्रुजमा एकसाथ भेट भएको थियो । थोपो सागरमा विलीन भएजस्तो म पनि

सागरमा विलीन हुँदै थिएँ। मनोजगत्का क्षुद्रताहरू मेटिएर अनुभूतिको व्यापकतामा रमिरहेको थिएँ म। मान्छे मान्छे बीचको अपूर्व मिलन थियो त्यो। त्यो रातको खाना खान हामीलाई मनोज स्वामीले आमन्त्रण गरेका थिए। दरभङ्गा आसपासमा घर भएका मनोजजी पेसाले एक कुशल इन्जिनियर रहेछन्। ज्ञानसाहिल र जीवन मेहमानका घनिष्ट मित्र भएकाले हाम्रो टोलीलाई नै खानाको लागि निम्ता गरिएको थियो। एक विशाल अपार्टमेन्टको पाँचौ तलामा लिफ्टबाट पुग्यौं हामी।

मनोज स्वामीका दुवै दम्पत्तीको न्यानो अतिथ्यता र सत्कार विर्सिनसक्नु थियो। अनेकन विषय र सन्दर्भमा कुराकानी चल्यो। उनीहरू पनि नेपाल आउन आतुर थिए। हामीले छिटै आउन आमन्त्रण गऱ्यौं। भोजन, भलाकुसारी र प्रेमिल भेटलाई समापन गर्दै बासको लागि आफ्नै कोठामा फर्क्यौं।

करिब १५ लाख जनसङ्ख्या भएको गोवामा वर्षको पचास साठी लाख विदेशी पर्यटकहरू यो थलोमा ओइरिँदा रहेछन्। नेपालजस्तो मुलुकले अझै पनि सालको बाह्र पन्ध्र लाख पर्यटकहरू देशमा उतार्न सकेको छैन। सुन्दर पर्यटकीय नगरीको रूपमा गोवा त्यसै विख्यात भएको होइन, यसको भूगोल, प्रकृति, संस्कृति र पर्यटन विकासमा सम्पूर्ण पूर्वाधारको समृद्ध अवस्थाले संसारका मानिसहरू एकचोटि गोवा पुग्ने सपना पाल्छन्।

आफ्नो देशबाट यात्रामा प्रस्थान गर्दा पुसको मध्य जाडोमा शरीरभरि न्याना, ताता र मोटा कपडा पहिरेर निस्केका हामी त्यहाँ पुग्दा चैतको जस्तो गर्मीमा हपहपी पाकेका थियौं। कोट, सुइटर, ज्याकेट फुकालेर झोलामा घुसारिसकेका थियौं। सामुद्रिक जलवायुको रिठ्ठो ज्ञान थिएन हामीलाई। बुझ्दा थाहा भयो- सूर्य दक्षिणायन भएकाले गर्मी भएको रहेछ। त्यस्तो ठुकठुकी मुटु कपाउँने जाडो कहिल्यै हुन्न रे यो ठाउँमा। रोमाञ्चित त त्यो दृश्यले बनायो, गोवाका ग्रामीण वस्तीहरूमा धमाधम धानको बिउ काढेर रोपाई चलिरहेको थियो। आँप फुलिरहेको थियो। कहीँ कहीँ थेबे खान लायकका आँपका कलिला दानाहरू झुलिरहेका थिए। पुसमा रोपाइँ भएको दृश्य र आँप फलेको दृश्यले भूगोल र हावापानीको विविधता र विपरीत अवस्थालाई नजिकबाट अवलोकन गरें। नेपालमा पुसमा धान रोपाइँ, पुसमा गर्मी र पुसमा आँप फल्ने कुरा कल्पना पनि गर्न सकिन्न।

गोवामा मलाई विमुग्धकारी मनोदशामा उतार्ने अर्को चिज थियो भने नरिवलको सुरम्य हरियाली थियो। समुद्र किनाराको नुनिलो पानी र माटो पिएर हुर्किने यस फललाई नेपालमा रोप्ता जरामा नुन हाल्नुपर्ने कुराको रहस्य अलिअलि थाहा पाएँ। नरिवलको जीनमा समुद्रको नुनिलो पानीको हिस्सा छ। जीनमा समुद्रदेखि नुन लिएर आएको विरूवाले नेपालमा नुन खोज्नु र नुन हाल्नु अस्वभाविक

लागेन किनभने नेपाली माटोमा त सामुद्रिक नुनिलोपन छँदै छैन ।

पुस चौध गते गोवालाई अन्तिम विदाइ गर्नु थियो हामीले । गोवाबाट करिब साढे पाँच सय किलोमिटरको यात्रा ट्याक्सीबाट छिचोल्ने निर्णय गऱ्यौं । आश्रमकी निरजा माँजीले नेपाली खादा पहिऱ्याएर हामीलाई गोवाबाट विदाइ गर्नुभयो । इन्जिनियर मनोजजीले हामीले चाहेअनुसारका गाडीको बन्दोबस्त गरिदिनुभयो । चियानास्ता गरेर नौ बजे पुनातर्फ लाग्यौं । गोवाको सीमा काटेपछि कर्णाटकको भूगोलमा गुडिरहेका थियौं । पहाड, जङ्गल, खेतबारी, वस्ती, शहर छिचोल्दै निरन्तर गुडिरह्यौं, गुडिरह्यौं । गोवाबाट जाङ्बोटीसम्म पुग्दा घनाजङ्गलको आनन्दमा निमग्न डुबिरह्यौं । जेट विमानको आकाशे आनन्द, जलसागरको सामुद्रिक आनन्द अनि घनाजङ्गलभित्र गुड्नुका छुट्टाछुट्टै आनन्दलाई मुटुभरि भरि बोकेर म आफ्नै आनन्दको सहेली बनिरहेको थिएँ ।

जाङ्बोटीको सानो स्टेशनमा चिया पिएर हामी निरन्तर गुडिरह्यौं । करिब दश घन्टा गुडेपछि हामी पुना पुग्ने थियौं । कर्णाटक राज्य नकाट्तै एक बजेतिर सडक छेउको कुनै होटलमा रोकिन्छौं । खाना खान्छौं । हिँडेदेखि घरतिर कुनै फोन सम्पर्क र संवाद हुन सकेको थिएन । जीवन मेहमानको इन्डियन सिमबाट घरमा छोरा र रेणुलाई सम्पर्क गरैं । संक्षिप्त कुराकानी भयो । राति नौ बजे पुना आइपुगियो । पहिल्यै बुक भईसकेको होटल लोटसमा आफ्ना झोला झ्याम्टा थन्क्याइयो । मेरो रुमपार्टनर ओमकार अग्रवाल र म एउटा पञ्जावी ढावामा गएर दाल, रोटी पनिर खायौं । होटलमा आएर विश्राम गर्दा बाह्र बजिसकेको थियो । पुनास्थित ओशो इन्टरनेसनल मेडिटेसन रिसोर्टमा १५ देखि १८ गत्यसम्मका चार दिन रोकिनु थियो । बुद्धपुरुष ओशोले प्रतिपादन गरेका ध्यानका विधि र कलाहरू सिक्नु थियो । ओशोले लामो समय व्यतीत गरेको कम्युनलाई नजिकबाट अवलोकन गर्नुथियो ।

पन्ध्र गते बिहानै हाम्रो सम्पूर्ण टोली मेडिटेसन रिसोर्टमा पुग्यो । आवश्यक कागजी प्रक्रिया पूरा गरेर प्रवेश पास बनाउने काम गरियो । त्यसपछिका चारदिन मेडिटेसन साधनामा समर्पित भएँ । सुरु दिन बुद्धा ग्रोभमा हुने डान्स सेलिब्रेसनमा सहभागी बनें । त्यसपछि च्याङ्त्सु भवनको साइलेन्स सिटिङ, अडिटोरियमको कुण्डलिनी मेडिटेसन इभिनिङ मिटिङ, गौरीशङ्कर मेडिटेसनमा सहभागी बनें । राति प्लाजा क्याफेमा आयोजित मेडिडेटर्स ट्यालेन्ट कार्यक्रमको अवलोकन पनि गरें । दोस्रो दिन हामी नयाँ व्यक्तिको लागि मेडिटेशन रिसोर्टमा प्रवेश पास दिइएको थिएन । पार्कमा टहलिएर कोठामा विश्राम गरेर दिन कटाएँ । त्यसपछिका दुई दिन घनिभूत रूपमा ध्यान साधनामा डाइनामिक मेडिटेसन, साइलेन्ट सिटिङ, झेन आर्चरी, विपस्यना मेडिटेसन, पुनः साइलेन्ट सिटिङ, कुण्डलिनी, इभिनिङ मिटिङ, देववाणी मेडिटेसन, कला प्रदर्शनी, साँस्कृतिक कार्यक्रमको दर्शक

श्रोता र भोक्ता भएर समयलाई सार्थक रूपमा सदुपयोग गरियो ।

संसारका विभिन्न देशका हजारौं युवायुवती ध्यानको खोजीमा आएको दृश्य आफैंमा आल्हादकारी थियो । संसार दिनपारदिन अशान्त, विक्षिप्त र तनावग्रस्त बन्दोछ । अहिलेको महत्त्वाकाँक्षी शिक्षाले प्रविधिको विकासले मान्छेको मौलिक आनन्द र शान्तिलाई अपहरण गरेको छ । देशदेशावरबाट यस थलोमा हजारौंको सङ्ख्यामा ध्यान सिक्न मानिसहरू ओइरिँदा रहेछन् । यो दृश्य साँच्चै गज्जबको दृश्य लाग्यो मलाई । चारदिनको पुना बसाइ अत्यन्त सार्थक र स्वादिला बनें मेरा लागि । गोवाको बसाइ बहिर्मुखी भएर बित्यो भने पुनाको बसाइ अन्तर्मुखी यात्राका निम्ति सहायक बन्यो ।

मजा लाग्दालाग्दै आनन्द रसमा डुब्दाडुब्दै घर फर्किने समय हुन लागेको थियो । पुस १९ को प्लेन टिकट बुकिङ थियो । मुम्बईबाट बागडोगरा उड्नु थियो । पुनाको लोटस होटलमा चार बजे नै हामी जागा भयौं । छिटोछिटो नित्यकर्म भ्याएर साढे चार बजेको गाडी समात्यौं । पुनाबाट मुम्बईसम्म करिब डेढसय किलोमिटरको दूरी छिचोल्नु थियो । एघार बजेको फ्लाइट थियो । ड्राइभरहरूले अत्यन्त द्रुत गतिमा हामीलाई हुँइक्याएर नौ बजे मुम्बई नगरी ओरालिदिए । उनीहरूले भनेका थिए- यदि बिहानीको खुला सडकमा गइएन भने समय अलिकति ढिलो भयो भने दिन छिप्पिँदै जाँदा सबारीका कारण रोड जाम हुन थाल्छ, जसले गर्दा तपाईंहरूको प्लेन छुट्ने सम्भावना पनि हुन्छ ।

उनीहरूलाई मुरीमुरी धन्यवाद दियौं, किनभने हामीलाई निर्धारित समयमै मुम्बई ल्याइदिए । ट्याक्सीहरू फर्किने बेलामा ट्याक्सी ड्राइभरले एउटा सानो ह्याण्डव्याग लिएर आयो । यो व्याग छोड्नुभएछ भनी फिर्ता दियो । हाम्रै यात्रुदलका माधव पोखरेलजीको व्याग गाडीमै छुटेछ । सधन्यवाद उसलाई विदाइ गरियो । ऊ फर्केपछि व्याग खोल्दा त्यसभित्रको पर्स थिएन । पर्समा चारपाँचहजार नगद र दुईटा बैंकका एटिएम कार्ड, सबारी लाइसेन्स जस्ता महत्त्वपूर्ण कागजातहरू लैजान भ्याएछ । ज्ञान सहिल र जीवन मेहमानले गाडी मालिकलाई फोन गरेर सो कागजातहरू फिर्ता गराउनको लागि अन्तिमसम्म पहलकदमी लिनुभयो तर त्यसमा सफलता हात लागेन र बरु विकास स्वामीजीले नेपालतर्फका बैंकमा फोन गरेर खाता रोक्काको काम गराइदिनुभयो ।

इमानदारिताको नाटक गरेर बेइमानी गर्ने चालकको हर्कत साँच्चै कुटिल थियो । आखिर माधवजीले चित्त बुझाउनुभयो । चित्त नबुझाउनुको अर्को विकल्प पनि बाँकी थिएन । त्यहीं झमेला गर्नतिर लाग्दा यता प्लेन छुट्ने खतरा थियो । मुम्बईबाट ठीक एघार बजे बागडोगरा उडियो । करिब दुई बजे बागडोगरा अवतरण भएपछि सिधैं धुलाबारी आयौं । जोर्वा क्याफेमा खाना खाँदा चार बजिसकेको थियो । रिजर्व ट्याक्सीमा हतारहतार आफ्ना झोलाझ्याम्टा कोचेर घरतिर बाटो

लाग्दा घडीले पाँच हानिसकेको थियो तर मनिषको ननस्टप हँकाइले नौ बजे घरमा उतारिदियो । दालरोटी खाएर ओछ्यानमा ढल्किएँ ।

यस यात्राले नवीन ऊर्जाको सञ्चरण गऱ्यो मभित्र । सार्थक यात्रा सुन्दर यात्राका प्रेमिल धुनहरू हृदयका भित्तामा यति अमिट भएर रहन्छन् । ती धुनहरू कहिल्यै मेटिन्नन् । गोवादेखि पुनासम्मको यात्रामा बजेका सिम्फोनीहरूले मलाई आजीवन सिङक्रोनाइज गरिरहेछ । यस कुरामा दुईमत छैन ।

▪▪▪

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**६. 'शारदादेवी सिर्जना पुरस्कार-२०७२**
२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह
२०७९ हिरण्यकुमारी पाठक

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार-२०७२**
२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी
२०७९ रमेशचन्द्र देवकोटा

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान-२०७३**
२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित
२०७९ सुनील पौडेल

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान-२०७४**
२०७४ रोहिणीविलास लुइटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्रा. डा. नारायणप्रसाद खनाल
२०७९ रमेशप्रसाद गौतम

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान-२०७४**
२०७४ नेपाल बालसाहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
२०७८ तेजप्रकाश श्रेष्ठ
२०७९ भिक्टर प्रधान

# आफ्नै केही मृत्यु अनुभव
# मृत्युको मुखमा : मृत्युको भय



**प्रा. पुरुषोत्तम दाहाल**

मृत्योर्मा अमृतम् गमयः आशीर्वचन यसरी मिल्छ तर मृत्यु अन्तिम सत्य हो । हामी त्यही अन्तिम सत्यप्रति सर्वाधिक भयभीत हुन्छौं तर पलपल, प्रत्येक क्षण घन्टा दिन रात निरन्तर मृत्यु नजिक पुग्न दौडिरहेका हुन्छौं । मृत्युबाट बँच्न अनेक विधिहरू परिकल्पित छन् । खान, बस्न, लाउन, औषधि उपचार, सुविधा, स्वाद, रस, आविष्कार, सबै सबै मृत्यु छल्ने प्रयत्न हुन् तैपनि संसारमा कोही पनि सजीव छैन । सशरीर रहेको छैन ।

गीतामा कृष्णका वचन, अथवा वेदान्त सारमा विस्वास गर्दा आत्मा मर्दैन । हामीभित्र अर्थात् प्राणीभित्र विद्यमान आत्मा परमात्मामा लयबद्ध नभएसम्म जन्मजन्मान्तर फरक शरीरधारी प्राणीमा रूपान्तरित भइरहेको हुन्छ, मर्दैन । यदि अर्न्तचेतका रूपमा रहेको आत्माको मृत्यु हुँदैन भने हामी शरीरको मोहकै कारण भयभीत छौं र हामी निरन्तर त्यही भयपूर्ण मार्गतर्फ अग्रसर छौं तर म आज कुनै मृत्युदर्शनको भाष्य गरिरहेकोछैन । मेरा केही आफ्नै मृत्यु अनुभवहरू लिपिबद्ध गर्ने प्रयासमा छु ।

**(१) आउँको पीडा**

म तीन वा चार वर्षको थिएँ । मलाई आउँ (हाम्रा गाउँघरतिर चलनचल्तीको भाषा मासी) परेको थियो । प्रतिपल दिशा आउने, कहिले रातो र किहले सेतो दिशा सुलुक्क सुलुक्क हुने । सुत्न नसक्ने, उठ्न, बस्न नसक्ने अवस्था । दुब्लाएर सिटो जस्तो भएको अवस्था । मलाई थोरै सम्झना छ आमा निरन्तर रोइरहनुहुन्थ्यो । बुवा जडिवुटीको झोल बनाएर पिलाइरहनुहुन्थ्यो । ठुल्दिदी (मिठाई) सकीनसकी काँधमा बोकेर मेरो रोग घटाउने प्रयास गर्नुहुन्थ्यो । वृद्घावस्थाको पहिलो पुत्र आमाबुवालाई पनि चिन्ता लाग्नु स्वाभाविक थियो ।

आमा विरामी छोरो बोकेर कहिले कता कहिले कता पुग्नु हुन्थ्यो । फुफा पनि चल्यो होला । एक दिन आमा कुनै काममा खतिवडा माइलाको घरमा जानुभयो । मैले पछि थाहा पाएको हुँ त्यो घर । माइला खतिवडाको मृत्यु भइसकेको रहेछ । खतिवड्नी माइली र उहाँका छोरा लोकनाथ मात्रै रहेछन् घरमा (त्यस वेलासम्म लोकनाथ दाजुलाई असाध्य दुब्लो भएको हुनाले लुते भन्थे) । हामी पुग्नासाथ मलाई दिशाले च्याप्यो, एकछिनपछि फेरि रछानको डिलमा दिशा गर्न पुगें । त्यो देखेर खतिवड्नी माइलीले आफ्ना घरमा केराको घरि काँचै रहेको र काँचो केरा पोलेर त्यो खान दिए आउँ निको हुने बताउनुभयो । उहाँले केही काइयौं केरा पनि दिनुभयो र भन्नुभयो- चाहिएमा लिन आउनु है पण्डितनी । आमालाई सबैले पण्डितनी भन्थे । अनुभव नै हो आमाको साँवा अक्षर । पिताजी वेदान्त, गीता, श्रीमद्भागवत गीता आदिमा पोख्त हुनुहुन्थ्यो र पुराण भन्ने गर्नुहुन्थ्यो । त्यसैकारण आमा पण्डितनी मानिनुभयो ।

म मृत्यु र जीवनको सन्धि विन्दुमा पुगेछु । सबैले माया मारेछन् र न बाँच्ने निष्कर्ष निकालेछन् । मलाई त केही पनि थाहा भएन तर कुलदेवता, मातृपितृ देवता, इष्ट देवता र सबैको आशीर्वादले मेरो जीवन स्पन्दन अल्भिएछ । केही महिनाको जीवन र मृत्युबीचको सङ्घर्षमा जीवनले जितेछ । आमाले धेरै पछिसम्म सविस्तार दोहोऱ्याई तेहऱ्याई गरेर मेरो जीवन सङ्घर्षको कथा सुनाइरहनुभएको हुनाले मेरो स्मृतिपटलमा समेत छापिन पुग्यो ।

**(२) रोटेपिङमा मेरो मृत्यु**

आठ वा नौ वर्षको उमेर थियो । हामी त्यसवेला रामपुरबाट आउनुभएका गुरुबा पण्डित पुण्यप्रसाद दाहालसँग राति र बिहानीको कक्षा लिन्थ्यौं । भाषा पाठशालामा गुरु दिउँसो पढाउनुहुन्थ्यो । भाषा पाठशालामा रामपुरबाट अर्का गुरु हुनुहुन्थ्यो जसलाई सबैले गुरुदाज्यू भन्ने गर्थे । गुरुबाले हामी गाउँका केटाहरूलाई जम्मा गरी लघुसिद्धान्त कौमुदी पढाउनुहुन्थ्यो । लघु सिद्धान्त कौमुदीसँगै अमर कोश, रघुवंश महाकाव्यसमेत पढाउने गर्नुभएको थियो । सिक्न खोज्नेहरूलाई रुद्री, चण्डी, कर्मकाण्ड र फलित तथा गणित ज्योतिष पनि पढाउनुहुन्थ्यो । सुरुमा हामी धेरै जना भाषा पाठशालामा कक्षा लिन गए पनि बिस्तारै लघुकौमुदीतिर लगाव भयो ।

मेरा पिताजी पण्डित रत्नप्रसाद दाहालले विसं १९९७ तिर पुण्यप्रसादलाई काठमाडौंबाट विगुटार लैजानुभएको हो । त्यसवेलासम्म यो गाउँ गोठाले गाउँ भनेर चिनिन्थ्यो । रामपुर, प्राप्चा, ओखढुङ्गातिरबाट आउने ठूला मानिसहरूको दवदवा थियो । रात्री र बिहान गुरुसँग पढ्ने र दिनभरि काम गर्ने सबैको चर्या थियो । पहिलो पुस्तामा चन्द्रलाल दाहाल, फणीन्द्रमणि दाहाल, शान्तिराम दाहाल,

पुरुषोत्तम दाहाल (सिरानघरे साइला) योगेन्द्र खतिवडा ( सानु भान्दाइ) पुष्पलाल सापकोटा आदि हुनुहुन्थ्यो । त्यसपछि बुद्धिनाथ, विश्वनाथ, मीनकुमार, छन्दो-विज्ञान, गिरिराज, ढुण्डीराज, गोपी, सोमनाथ, नारायण, बुद्धि, हरिलाल, भोला कोइराला, मोती दाहाल, गोपी घिमिरे, केशव (ठूलो), सुमन, मेरो स्मृतिमा रहेका हुन् । करिब एक डेढ सयले शिक्षा प्राप्त गरे गुरुबाट । अरू गाउँबाट पनि आउँथे पढ्न । तीन वर्षमा पाठ सकिने गरी पढाइ हुन्थ्यो र तीन सय रूपियाँ अथवा तीन मुरी अन्न दिनु पर्थ्यो यस वापत । हामी खासगरी प्रारम्भमा खेम दाहाल, नारदमणि पौड्याल र म सहपाठी थियौं तर पछि मुकुन्द दाइलाई हामीले भेट्यौं । खेम दाइले बीचमा नै अध्ययन छाड्नुभयो । अन्तिमसम्म हामी तीनजनाले एकैदिन गुरुको त्यो पाठ पूरा गरेका हौं तर मेरो प्रसङ्ग आज यो होइन । हामी गुरुबाको डेराअनुसार राति पढ्न पुग्थ्यौं । कहिले टारेलीको घर, सुकुटी बूढीको घर, कहिले वंशे भुजेलको घरमतान, कहिले ठूलाघरे सेतुले बसाई सरेर खाली भएको घर, कहिले भाषा पाठशालाको बुईङ्गल, कहिले देवीप्रसाद घिमिरेको मतान । यसरी नै हाम्रो वास हुने गर्थ्यो ।

त्यो वर्ष बसाई सरेर खाली भएको सेतु दाहालको घरमा थियौं । दशैं विदा सकिएर द्वितीया लागेको थियो । पुण्यप्रसाद गुरुका हामी धेरै विद्यार्थीहरू पाठ पढ्न विद्यालयको चउर कि त राति बस्ने घरमा पुगेका थियौं तर गुरु आउनुभएन र रोटेपिङ खेल्न गयौं । त्यस समयमा बडादशैं र तिहारमा रोटेपिङ र लिङ्गे पिङ खुब चल्थ्यो । पहिले रोटेपिङ हाल्न सर्सेपुका राई मात्र सक्थे तर सल्लीमा बनाएको वा सर्सेपुमा बनाएको पिङ खेल्न विगुटारतिरका महिला केटाकेटीले पालो कहिल्यै पाउँदैनथे । रक्सीले मातेर आएका सर्सेपु, सुर्केतिरका युवाहरू आफै कब्जा जमाएर बस्थे पिङमा । अरू दर्शक हुनुपर्थ्यो । बिस्तारो विगुटारमा उत्साही भुजेल युवाहरू र केही अरू पनि मिलेर गाउँमा नै रोटेपिङ बनाउने योजना बनाउन लागेपछि कुनै दिन माथि विद्यालयको सानो चउर, अथवा गोमती दिदीको घरमाथिको पिपल चौतारोमा रोटेपिङ बन्न लाग्यो । तोजिङ खोलाको चउर, पैरेको खरबारी, पोखरीको वरपीपलको डाँडामा लिङ्गे पिङ बनाउने चलन त पहिलेदेखि नै थियो ।

गोमती दिदी बडो रमाइली र खुला मनकी थिइन् । उनको माइलो छोरा हुतबहादुर हाम्रो मिल्ने साथी थियो । भाइ ऋतु पनि हामीसँगै कुद्थ्यो । विगुटारमा भुजेल परिवार, सेर्पा परिवार र ब्राम्हण परिवार असाध्य मिलेर बसेका थिए । गोमतीको घरमाथि चौताराका वरपीपलका बीचमा रोटेपिङ बनेको थियो र तिहारसम्म मानिसहरू खेल्न पाउँथे । त्यस दिन हामी विद्यालय गयौं पढाइ भएन, गुरुहरू नआएको हुनाले ।

असोज सकिएर कार्तिक लाग्दाको मौसम असाध्य प्रिय हुन्छ । बारी हरियो हुन्छ, खेत बिस्तारो पाक्न लागेको धानका लशलश झुलेका वालाले पहेँलपुर देखिन्छ । खोलाहरू साना भए पनि सफा पानीले फरक आकर्षण दिइरहेका हुन्छन् । माथि विशाल जङ्गल । वर्षे पहिरो, वाढीको कुनै डर छैन । भरखर दशैं मनाएर रमाएको मन । तिहारको आगमनका लागि व्यग्र छ सबैको । जाडो आएको छैन, विगुटारमा गर्मी त हुँदैहुँदैन । मकै पाकेर थान्को लगाए पनि धान र कोदो थन्को लाउने अझै समय भएको थिएन । आमा सल्यान जानुभएको थियो, टीका लाउन । विगुटारबाट सल्यान पुग्न करिब आठ कोश भनिन्थ्यो । बिहानै हिँड्यो र साँझमा मावलीको वलेसी टेक्यो । त्यो साल खै के भएर म आमासँग मावल जाने अवसर जुरेको थिएन । पिङमा झुन्डिने अवसर यसै कारण जुऱ्यो । म साह्रै सानो हुनाले पिङको पिरामा कसैले बसाउनु पर्थ्यो, चढ्न सक्दिनथेँ । ठूला र बलियाहरूले पहिले पिङको स्वाद लिए, आनन्द लिए । हामी सानाको पालो निकैपछि आयो । क्रमशः पहिलेका ओर्लन लागे र खाली पिरामा अरू चढ्न लागे । मेरो पालो आयो । म बिस्तारै पिरामा झुण्डिएँ तर कसैले मलाई उचालेर राखेन । पिरा त हलुका भयो र हुइँक्क गऱ्यो । त्यसपछि मलाई केही थाहा भएन । हुइँक्क हुनासाथ ए मऱ्यो मऱ्यो भनेर चिच्याएको सम्म याद छ । अरू केही थाहा भएन ।

म बिस्तारै कुनै अन्धकार प्वालमा, अनकण्टार जङ्गलको बाटोमा हिँडेको अनुभव गर्दै थिएँ । कताकता कानमा मेरो बाबा मऱ्यौ नि भने जस्तो ध्वनि कानमा गुञ्जिएको जस्तो लाग्थ्यो । एक्कासी मेरो कानमा बिस्तारै पुरु भनेर बोलाएको र दीर्घ निश्वास छाडेको जस्तो लाग्यो । क्रमशः म अन्धकार गुफाको ढोकाबाट फुत्त निस्के जस्तो गरी झल्याँस्स बिउँझिएँ । मेरा अगाडि पिताजी गम्भीर मुद्रामा देखिनुभयो । साँझ परिसकेको रहेछ अनि मलाई बोकेर घर लैजानुभयो । झमक्क साँझ परेको थियो । झ्याउँकिरी कराउन लागेका थिए । वर्षा र शरद्भरि झ्याँउकिरीको झ्याउझ्याउ गहीरो ध्वनि सङ्गीत जस्तो सुनिन्छ । साँझ परेको सङ्केत हो त्यो । मावल जानुभएको आमा दिनभरिको उकालो ओरालो गर्दै थकित भएर आउँदै हुनुहुन्थ्यो । रोटेपिङको चोकमा नै गोमती दिदी हुनुहुँदो रहेछ । उहाँले चिच्याउँदै भन्नुभएछ- लौ पण्डितनी तिम्रो छोरो अहिलेसम्म मरिसके होला । आज पिङबाट लडेका हुनाले यहीँ नै मरेका थिए जस्तो लाग्छ । एक्ले जेठीले काँधमा बोकेर घरतिर रूँदै लगेकी थिइन् । के भए नानी मलाई थाहा भएन तर छन् जस्तो लाग्दैन ।

करिब बीस मिनेटको बाटो छ गोमतीको घरबाट हाम्रोमा आउन । आमा त रुँदै कराउँदै कुदेर सास नफेरी झैं घर आइपुग्नुभएछ । आमा आइपुग्नु हुँदा

बाले हड्चुर, खोटो मिलाएर मेरो हातमा काँचो कागजको पट्टि बाँध्नु हुँदै थियो। मेरो देब्रे हात भाँचिएछ । सुन्निएर कोल जस्तो भएको थियो, दुखेर उस्तै । पिताजीको जडीवुटी विद्या काम लाग्यो । खोटो, हड्चुर र काँचो कागजले टम्म कसेपछि बिस्तारै ठीक भयो । आमाको ममता निकै दिनसम्म आमाका लागि गोमती दिदीले दिनुभएको खबरको पीडा खोटो जस्तै भएर टाँसिइरह्यो ।

एक्लै जेठी, हामी मावलको साइनुबाट दिदी भन्थ्यौं, उहाँले आफ्नो घरमा लगेर पानी खुब छम्किनु भएछ मेरो अनुहारमा । कोही केटालाई मेरो घरमा पठाउनु भएछ र पिताजीलाई खबर गर्नुभएछ । पिताजी नआउनुभएसम्म मेरो मुर्च्छित शरीर काखमा राखेर उहाँ पनि रोइरहनुभएछ । समयक्रमले हात ठीक भयो र मृत्यु पनि पर सऱ्यो ।

यसपछि पैरे सिरानको खरबारीको काफलको आँगामा कुनै दशैमा हालेको रोटेपीङ पनि मलाई मृत्युदान गर्न तम्सिएको स्मृतिमा छ । खरबारी भिरालो थियो । म र मेरी ठुल्दिदी पिङ खेल्न पुगेका थियौं । हामी भन्दा पाँचसात वर्षले जेठी दुर्गी दिदी पनि पिङमा हुनुहुन्थ्यो । उहाँ थाक्नुभएछ र हामीलाई पिङ समात्न आग्रह गर्नुभयो तर म एक्लै पहिले पिङमा झुन्डिन पुगेछु । पिङले सरर हुत्याएर तल ढुङ्गे चउरमा बजाऱ्यो । मेरो टाउको रक्ताम्य भयो । मेरो होस् पनि हराएछ । नजिकै रहेको नौले भुजेलको घरबाट पानी ल्याएर छम्किँदै खुवाएपछि होस् खुलेछ । पिङ मृत्युबोधको त्यो बालस्मृति अमिट भएर रहेको छ ।

**(३) सर्पको फणा र कुकुरको आक्रमण**

सायद दश वर्षतिर हुनुपर्छ । म र आमा प्राप्चा गएका थियौं । पिताजीकी मामाकी छोरीका घरमा । दाहाल गाउँकी अन्तरी भन्थे उहाँलाई । उहाँका छोराहरू परशुराम र काशी हामी भन्दा ठूला दाजुहरू थिए । अन्तरी दिदीकै घरमुनि सान्जेठाकी श्रीमतीलाई पनि दिदी भन्थ्यौं हामी, हाम्रो घरमा आइरहनुहुन्थ्यो । प्राप्चामा चाँडै मकै पाक्थे । गहुँ पनि हुन्थ्यो । सायद त्यो वेला के यस्तै परेको थियो । आमा प्राप्चा जाने हुनु भएपछि म पनि पछि लागें । करिब, दुई घन्टाको बाटो । हाम्रो घर भँगेरीबाट ओरालो लागेपछि सल्ली, सर्सेपु, भँगाले, राँगादीप र दिप्लीको साँघु तरेपछि दाहाल गाउँ पुग्न कसिलो उकालो चढ्नुपर्ने थियो । आधा घन्टा भन्दा बढी चढ्नु पर्थ्यो । पारी लिस्पुतिर त झन् लामो उकालो थियो ।

बिहान गएर बेलुका फर्कनुपर्ने थियो । असाध्य गर्मी, खास गरी राँगादीप र मोलुङ खोलाको किनार दिप्लीमा त खपिसक्नु थिएन । गौरीबारी अन्तरी दिदीको घरबाट करिब दुई वजेतिर आमा र म विगुटार घर फर्किन हिंड्यौं । दिप्लीको साँघु तर्नासाथ भयानक ठूलो- भोटे कुकुर फुकेको रहेछ हामीलाई लखेट्न लाग्यो । कुकुरबाट जोगिने उपाय गर्दै अगाडि बढ्दै थियौं । अत्यन्त लामो सर्प

फणा उठार बाटोमा बसेको रहेछ । एकातिर सर्प अर्कातिर कुकुर । आमा खेतको आलीको डिलबाट तल त्यसैवेला लड्नुभयो । म रुँन लागें । दिप्लीको मुखमा घर हुने एक जना वृद्ध आउनुभयो र कुकुरलाई समात्नुभयो । उहाँकै कुकुर रहेछ । सर्पले केही क्षण बाटो छाडेन । लड्दा आमाको हात भाँचिएछ । आमा पानी भनेर कराउन लाग्नुभयो र तिनै कुकुर धनीले कुदूदै अम्खरामा पानी ल्याएर दिएपछि हामी बाटा लाग्यौं । आमा फतक्क हुनुभयो । म आमाले बोकेको कुम्लो बोक्न सक्दिनथें । सकीनसकी माथि डाँडाको चौतारोसम्म पुग्यौं । सौभाग्यले हाम्रा छिमेकी पौडेल जेठा (प्रभुनाथ) चौतारोमा भेटिनुभयो । उहाँलाई आमाबुवाले भान्जा भन्नुहुन्थ्यो । नजिकबाट मामा भान्जाको साइनो जोडिएको छ । उहाँले आमाको अवस्था थाहा पाएपछि तुरुन्त भाँचिएको हात समात्नुभयो र कुम भाँचिएको अनुमान गरी असाध्य सहज तरिकाले तान्नुभयो । बाहिर निस्केको हड्डी सोभ्को भयो तर कहिल्यै पनि पूर्ण बिसेक भएन । घरमा आएर पिताजीले औषधी मूलो गर्नुभयो । काम चलाउ भयो तर दुख्न छाडेन ।

**(४) राजधानीको बाटोमा**

२०२७ सालमा एघार बाह्र वर्षको उमेरमा म काठमाडौं हिँडें । जेठ तीन गते हो । पहिलो पटक घर छाडेर त्यो पनि असाध्य सानो उमेरमा कतै हिँड्नु निकै भावुक हुने क्षण हुन्छ । ०२६ को कार्तिक मङ्सिरतिर हामीले गुरुबासँगको पाठ सक्यौं । मेरा सहपाठीमध्ये नारदमणि पौड्याल, कटुञ्जेबाट मटिहानीमा पढ्दै गरेका उनका मामाहरूसँग मटिहानीतिर माघ महिनामा नै लागे । मुकुन्द दाइ गाउँको हुनेखाने महाजनको छोरा पिताजीबाट प्राप्त खर्च बोकेर फागुन लाग्दै हुनुपर्छ काठमाडौं गए । त्यसवेलासम्म हाम्रो गाउँबाट राजधानीमा बसेर पढिरहेकाहरू- ढुण्डीराज दाहाल, गिरिराज खतिवडा, गोपीकृष्ण सापकोटा र चोलाराज दाहाल थिए । मुकुन्द थपिन पुगे । पुण्यप्रसादको गुरुकुलका अरू पनि राजधानीमा पुगेकाहरू रामपुर, हर्कपुर र अन्यत्रका थिए ।

मेरो बालसुलभ बुद्धि । मैले भनें म पनि राजाको छोराको बिहे हेर्न जान्छु । फागुनमा नै काठमाडौं जान्छु तर कसरी जाने, काठमाडौंमा के खाएर कहाँ बस्ने कुनै जानकारी थिएन । त्यसै सालको फागुनमा काठमाडौंमा तत्कालीन युवराज वीरेन्द्र र उनका भाइहरूको बिहे हुँदै थियो । मलाई राजाका छोराको बिहे हेर्ने तीव्र इच्छा थियो । मैले साथीहरूसँग भनिहालें तर यो मेरो आकाङ्क्षा साथीहरूका माभ्क हास्य र विनोदको खेल बन्यो । राजधानी आउन तयार गोपी, गिरिराजहरू समेत मलाई कहिले हो त बाबु राजाका छोराको बिहे हेर्न जाने दिन भनेर गिज्याउन लागे । मसँग कुनै उत्तर थिएन । मेरो राजधानी गएर पढ्ने इच्छा र सहपाठीहरू पनि पढ्न गएको र जान लागेको हुनाले पिताजीले भन्नु भएछ- मेरो

फुचो पनि जान्छु भन्छन् । तिमीहरूसँगै काठमाडौं लैजान सक्छौ ?

पहिले काठमाडौं बसिरहेका र विदामा पुगेकाहरूरूले जवाफ दिएछन्- महिनाको तीन सय पठाउने हो भने हामी लैजान्छौं नत्र भोका नाङ्गाहरूलाई लगेर सडकमा छाड्नु पर्ने हुन्छ । हामी त साथमा लैजान सक्दैनौ पण्डित बा । पिताजीले घरमा आएर आमासँग यसरी छिमेकी र आफन्तका सन्तानहरूले भनेको कुराले सियोले घोचेको अनुभव सुनाउनुभयो । असाध्य खिन्न हुनुहुन्थ्यो पिताजी ।

हाम्रो दुई पाखे सानो झोपडी थियो घरका नाममा । सुरुमा गुरुबाका विद्यार्थीहरू पढ्ने गर्थे अरे ! अनेक कथाहरू छन् यसका पछाडि । त्यो घर भत्कने अवस्थामा थियो । साँघुरो त थियो नै । ०२६ मा नै कर्मीहरू खोजेर घर भत्काइयो । मलाई थाहा भएन केही सय नगद र केही मुरी कोदोमा ठेक्का लगाइयो नयाँ घर बनाउनमा । घुन्साा सेर्पाहरू डकर्मी, जन्तरका विश्वकर्माहरू सिकर्मी र ढुङ्गा माटो गर्ने मजदुर थिए । पिताजी ढुङ्गा फोर्ने र बोक्ने काम पनि गर्दै हुनुहुन्थ्यो । साना ढुङ्गाका टुक्रा बोक्ने काम म पनि गर्थें तर सबै साथीहरू पढ्न गए । म भने ढुङ्गा बोकेर बस्नु पर्ने । मेरा आँसु थामिएनन् । जे काम अराए पनि म भन्थें- मलाई काठमाडौं जान दिने कि नदिने ? दिने हो भने काम गर्छु नभए गर्दिनँ ।

आमा पनि मजेत्रोको सप्कोले मुख छोपेर रुँनु हुन्थ्यो मेरो प्रश्नमा । पिताजीका आँखामा विवशताको स्पष्ट छाया देख्न सकिन्थ्यो । यसरी नै माघ, फागुन, चैत महिना बिते ०२६ का । वैशाख अन्तिम २०२७ मा मेरो आँखामा आशाका किरण देखिए । त्यसवेला महाजन जेठाका माइला छोरा बुद्धिनाथ दाहाल बनारसमा पढ्दापढ्दै काठमाडौंमा पुगेर कविराज कोर्स गर्ने सोचमा पुग्नुभएछ । त्यही मेसोमा घर पुग्नुभएको समयमा पिताजीसँग भेट भएछ । उहाँसँग कुरैकुरामा पिताजीले भन्नुभएछ- 'काठमाडौंमा पढ्न जान अपहत्ते गरेको छ पुरुले । उसका सबै सहपाठीहरू पढ्न गए । काठमाडौंमा पढ्न जाने केहीसँग पुरुलाई पठाउन खोज्दा उनीहरूले मानेनन् । उनीहरूले महिनाको तीन सय खर्च दिन सक्ने हो भने हामी लैजान्छौं नत्र अल्झो बोकेर हिँड्न सकिँदैन भन्ने जवाफ दिए । मसँग त्यसरी महिनामा खर्च दिने सामर्थ्य छैन । के तिमी मेरो छोरालाई काठमाडौं पुऱ्याउन सक्छौ ?'

बुद्धि दाइले पिताजीको कुरा सुन्नासाथ अलि भावुक भएर भन्नुभएछ- 'हेर्नुहोस् पण्डित बा, छोरा हो, जसरी पनि बाँच्छ । तपाईं पनि बाआमा कोही नभएर एक्लै काठमाडौं पुग्नुभएको होइन ? तपाईंसँग खर्च थियो त ? थिएन । को थिए तपाईंका काठमाडौंमा ? तपाईं पनि त पण्डित भएर फर्किनुभयो । यो केटोले

पनि गर्छ । आत्मविस्वास छ भने कसैले रोक्न सक्दैन । नसके घर फर्केला । मसँग पठाइदिनुहोस् । जे हुन्छ म लैजान्छु ।'

बुद्धिनाथ दाइको यो उत्तर पिताजीका लागि करोडको प्राप्ति जस्तो भएछ । घरमा आएर पहिले आमालाई सुनाउनुभयो र अनि मलाई । उहाँले हर्षातिरेक बन्दै भन्नुभयो- बुद्धि यही जेठ ३ गते काठमाडौं जाने भनेका छन्, तिमी पनि उनीसँगै जानु तर म केही पनि दिन सक्दिनँ । राजधानीमा बस्ने, पढ्ने उपाय आफैले खोज्नु । मलाई अरू कुनै कुराको चिन्ता र चासो थिएन । खाली काठमाडौं पुग्नु मात्रै थियो । नियत दिनमा बुद्धि दाइलाई दुइटा चिठी थमाउँदै पिताजीले भन्नुभयो- यी दुवै चिठी लगेर पिङ्गलस्थानमा रहेकी मेरी पहिली श्रीमती कोमलकुमारीलाई दिनु । उनले केही वर्ष पहिलेसम्म छोरा पठाउनु म पढाइदिन्छु भनेर चिठी लेखेकी थिइन् । उनी माइती घरमा नै छिन् । आमा हुनुहुन्छ र बहिनी थिइन् । अब त धेरै भयो मलाई अरू थाहा भएन । (यसको थप प्रसङ्ग अरू कुनै अध्यायमा) अनि पिताजीले रू. एक सय बीस रूपियाँ गनेर दिनुभयो । आमाले चालीस रूपियाँ । ठुल्दिदी मिठाई, माइली बहिनी कनक र कान्छी बहिनी रामसीताले टीका लगाएर जम्मा गरेका करिब बीस रूपियाँका खुद्रा मलाई दिए । माहिलो र साहिँलो भाइहरू पनि थिए ।

यसरी आमाले पुरानो स्कुले काने झोलामा राखिदिनुभएको अलिकति चामल, नून, गुन्द्रुक, थोरै चिउरा र कुराउनी अनि यौटा भेडाका ऊनको सानो राडी टिमिक्क पारेको भारी बोकेर घरबाट मैले पाइला सारें । आमाले मूल ढोकामा दुईटा अम्खरामा पानी भर्नुभयो, फूलपाती र केही पैसा राख्नुभयो, रातो टीका लगाइदिनुभयो । गहभरि टल्पलाएका आँसु रोक्न प्रयास नगरी मजेत्रोले पुछ्नुभयो । छोराछोरी बाआमाका मुटु र कलेजोका टुक्रा हुन् । भरखर शिशु अवस्था पार गरी किशोर वयमा टेक्न पुगेको छोरालाई बिरानो ठाउँमा यसरी पठाउनु पर्दा बाआमाको मन हाहाकार हुनु स्वाभाविक हो । दिदी बहिनीहरू पनि रोइरहेका थिए । मेरा आँखाबाट बलिन्द्र धारा आँसु चुहुँदै थिए । मेरो सपनासँग पौठाजोरी खेल्न झरेका आँसु भन्दा मेरो लक्ष्य बलवान् थियो । एकशब्द नबोली म दैलोमा राखिएका अम्खाराको पानी अचाएपछि बाहिर निस्किएँ र कसैसँग नबोली र कसैका मुखमा नहेरिकन नै पाइला सारें ।

तल वरपीपलको चौतारोमा बुद्धि दाइ तोजिङबाट आएर पर्खिरहनुभएको रहेछ । पिताजीले बुद्धि दाइलाई केही सम्झाउनुभयो र अत्यन्त भारी मनले घरतिर फर्कनुभयो । हामी पोखरीको ओरालो चोक्टे, भँगाले, राँगादीप हुँदै मोलुङ खोला तरेर जरायोटार पुग्यौं अनि राति कटुन्जेको घले पाटीमा वास खोज्यौं तर पाएनौं । कटुन्जेको उकालो करिब तीनदेखि चार घन्टा लाग्छ कोष डाँडा पुग्न । बीच बाटोमा नै एउटा घरमा वास मिल्यो र रात काट्यौं ।

बाटोमा जतिवटा खोला, खोल्सा, पुल, नदी, मन्दिर आउँथे म तीनमा दुई, पाँच, दशका खुद्रा तामाका, पित्तलका पैसाहरू चढाउँदै हिँड्थे। दिदी बहिनीहरूले दिएका पैसा यसरी बाटोमा नै सकियो। त्यस्रो दिन होला हामी तामाकोशीको मन्थलीघाटमा पुग्यौँ। जेठको दिन भए पनि पानी धमिलो थियो। यौटा माझी डुङ्गा तयार पारेर बसेका थिए। डुङ्गाको शिरपट्टि फर्केर अटाउनेसम्म यात्रीहरू बस्यौँ। भरियाहरू धेरै थिए। खाली ढाकर भए पनि ठाउँ भने निकै ओगटेका थिए। हामी थोरै मात्र सामान्य झोला बोकेका थियौँ। यस अघि म कहिल्यै पनि डुङ्गा तरेको थिइन।

जेठको दिन थियो। झमक्क साँझ पर्दै थियो। घाम डुबिसकेका देखिन्थे। हामी वास बस्ने मुगिटार नजिकै पारिपट्टि रहेको जानकारी बुद्धि दाइले दिनुभएको थियो। बिस्तारै माझीले डुङ्गा खियाउन सुरु गरे। बीच भागसम्म डुङ्गा सही गन्तव्यतर्फ थियो तर माझमा पुगेपछि बिस्तारो डुङ्गालाई पानीको बहावले उँधोतिर तान्न लाग्यो, सबै आत्तिए। माझिले सोधे पौडी खेल्न जान्नेहरू को को छौँ तैपनि म पारी पुऱ्याउने कोसिस गर्दछु। माझीको यस्तो वचनले सातोपुत्लो उड्यो। त्यहाँ पौडी खेल्न जान्ने कोही पनि रहेनछन्। सबै जना रामराम भन्न लागे। मृत्युको कहाली लाग्दो दृश्य सामुन्ने आएको अनुभव भयो। त्यसवेला पिताजी, आमा, भाइ दिदीबहिनी, साथीहरू सबै मेरा आँखामा उभिए जस्तो भयो। डरले आँसु आए।

पारि एक अर्को माझी यो दृश्य हेरिरहेका रहेछन्। उनी कराए र तुरुन्तै डुङ्गाको बहावतिर पौडिन थाले। अलि तल नदी भिरालोमा पुग्ने रहेछ। त्यहाँसम्म पुगेको भए डुङ्गा निश्चित पल्टिने थियो र हामी सबैको इहलीला समाप्त हुने थियो। ईश्वरको करुणा भनौँ कि के ? पारि उभिएका ती माझी यति चाँडो पौड्दै आएर डुङ्गालाई समाते र सही दिशातर्फ बिस्तारो घिस्याउन लागे। डुङ्गा चलाइरहेको माझी पनि बुद्धिमानीपूवर्क खियाउँदै थिए। केही मिनेटको मृत्यु अनुभव अन्त्य भयो र हामी पारि पुग्यौँ। मन मुटु थरर कामिरहेको थियो। बुद्धि दाइ भन्दै हुनुहुन्थ्यो- पूँजीघाटमा अब एक पटक डुङ्गा तर्नुपर्छ, आत्तिनु पर्दैन तर मेरो मनले सम्पूर्ण पितृदेव, मातृदेव, कुलदेवता, इष्ट देवता स्मरण गरिरहेको थियो।

भोलिपल्ट सान्नेको दुष्कर उकालो चढ्नु पर्ने रहेछ। मुगिटारबाट सखारै हिँडेका थियौँ। पानी कतै थिएन। तिर्खाले सारा शरीरमा आगो बालेको थियो तर धारो कतै थिएन, तल कोशीमा पानी बगिरहेको छ। के गर्नु लङ्कामा सुन छ कान मेरो बुच्चै भने जस्तो। हपहपती हुँदै उकालोको टाउकोमा पुगियो। वर पीपलको छहारीमा केही सुस्ताएपछि लाग्नु पर्ने ओरालो। क्रमशः ओरालो पनि उस्तै पट्यार लाग्दो।

सुनकोशीको त्यो पूँजीघाट निकै अफ्टेरो छ भन्ने अघिल्लो दिन धेरैको

मुखबाट सुनेको थिएँ। मनमा डर व्याप्त थियो तर घाट सजिलै पार भइयो। छोटो बाटो मूल कोट निस्कने निर्णय बुद्धि दाजुले गर्नु भएपछि डरलाग्दो भीर पार गर्नुपर्ने भयो। पहरामा ससाना खोपिल्टा रहेछन्, तल सुनकोशीको हरियो दह। मलाई त रिङटा लागे जस्तो भयो अनि पछाडि पट्टिको झोललाई छातीमा सारेर बिस्तारो खुड्किलामा पाइला सार्दै करिब पन्ध्र मिनेटमा भीरको पल्लो मुखमा पुगियो। जीवनको स्मृति पत्रमा यस्ता अनेक प्रसङ्ग छन् कुनै दिन पुनः अवसर मिले प्रस्तुत गर्ने छु।

बुनपा १० कपन, काठमाडौं।

---

**http://www.nepalipublisher.com** वा
**http://www.khabarinepal.com** को **Hotlink** वा
**http://nepalipublisher.com/downloads-vajyanti\dayitwa**

**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है।**

**शब्दार्थ प्रकाशन**ले
**२२** थरि **शब्दकोश** प्रकाशन गरिसकेको छ र अझै अरू प्रकाशन गर्दै छ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान-२०७७**
२०७७ विद्यानाथ उपाध्याय
२०७८ प्राडा. वीरेन्द्र मिश्र
२०७९ डा. गोविन्दशरण उपाध्याय

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान-२०७७**
२०७७ नारायण तिबारी
२०७८ श्रीओम श्रेष्ठ 'रोदन'
२०७९ प्राडा. कपिल लामिछाने

**१३. 'आमोई पद्याख्यान पुरस्कार-२०७७**
२०७७ होमनाथ सुवेदी
२०७८ श्रीहरि फूयाँल
२०७९ नरेन्द्रराज पोडेल

# नाज्माको अघोरी बूढो



बिनोद खड्का

अफिसबाट फर्केलगत्तै हातखुट्टा धोएर म भान्सातिर पसिहाल्थे । भान्सा पस्नु पहिल्यै यदी ल्यापटपमा पसे भने मलाई त्यसबाट निस्कन गाह्रो भइहाल्थ्यो । कहिले फेसबुकतिर हल्लियो कहिले लेखाइतिर लाग्यो त कहिले अनलाइनका अनेक समाचारहरूको टाउको पढ्यो । बस् घडीका सुईहरू टाप ठोकिहाल्थे । त्यसपछि भने भान्सा पस्न अल्छी लागथ्यो । त्यसैले ल्यापटपभित्र पस्नु पहिले भान्साको काम सकिहाल्थे ।

शुक्रबार र शनिबार सप्ताहन्तको छुट्टी । बिहान एककप चिया लिएर ल्यापटपको चौतारीमा हाजिर भएपछि तीन चार घन्टा त्यसैमा जान्थ्यो । धन्न मेसेन्जरमा त पस्दै पस्दिन । जसै नुहाइ धुवाई पूजापाठका लागि निक्लन्थे तब भने भान्साको काम नसकी ल्यापटपमा फर्किन्नथे । ल्यापटपमा फर्किनु भनेको बाँकी दिन त्यतै ड्वाम पार्नु हो । फेरि भान्सा पस्ने जाँगर चल्दैन । झुमारातको खाना मेरो भान्सामा पाक्दैनथ्यो । अफिसबाट आएपछि ल्यापटपभित्र पस्थे र नौ बजेतिर पाँचौ तलाको अपार्टमेण्टबाट तलतिर झर्थे भोजनको खोजीमा ।

भान्सा नपसेपछिको विकल्प भनेको कि त गोरखा रेष्टुरेन्टतिर पसेर नेपाली थाली लुड्याउने कि त ज्वाहर मालबारी रेष्टुरेन्टमा पसेर चिकेन कुर्मा र भात हसुर्ने । त्यो भन्दा अर्को खानेकुरा मन पनि पर्दैनथ्यो त्यो वेला । थियो नि छ न त अरबमा खानेकुराहरूको भण्डार नै, खानाको के दुःख र ?

मरुभूमिको देश भनेर के भो खानाका लागि त स्वर्गै हो । रातारात आइपुग्छन् विभिन्न देश देशावरदेखि अनेक प्रकारका खाद्यान्नहरू । मैले कतारमै देखें जिन्दगीमै नदेखेका खानेकुराहरू । फलफूलहरू त कति देख्न बाँकी रहेछ कति जिन्दगीमा । म त ठान्थें स्याउ, सुन्तला, अनार, अम्बाहरू मात्रै हुन् फलफूल ।

माछालगायतका सामुद्रिक जीवहरूका त नामै लेखे पनि कापीका कतिवटा पन्ना भरिएलान् । संसार नै माछामै मरिहत्ते गरे जस्तो । जता हेऱ्यो माछा पसलमै

भिड । म त ठान्थे हाम्रो बेसी खाडीतिर पाइने लकडी माछादेखि बाहेक त्यही जनकपुरे रोहु मात्रै हो माछा भन्ने जात । चामलको कुरो त्यस्तै, ताइचिन, पोखरेली मसिनो र हाम्रो काँठतिर पछि सुनेथेँ मनसुली । चामलै कति थरी रहेछन् कति । भो कुरा नगरौँ कतारमा पाइने खानेकुराहरूको, किसिम किसिम र रङ रङमा अनेक ।

त्यो दिन, शुक्रबारको बिदाको दिन थियो । दिन छिप्पिँदै थियो र दिनसँगै मोटाउदै थियो गर्मी पनि । अगष्ट महिना जो चल्दै थियो । भान्सामा अरू कोही पनि थिएनन । सामान्यतया त्यो समयमा अरू भेटिँदैनन् भान्सामा । बिहानको एघार जति बज्दै थियो । म आफ्नै सुरमा खाना बनाउँदै थिएँ । रमाइलो कुरो के भने मेरो आफ्नै कुनै चुल्है थिएन त्यो भान्सामा । एउटै कम्पनीमा काम गर्ने एउटा हैदराबादी साथीको चुल्हो प्रयोग गर्थेँ । यदि त्यो चुल्हो खाली छैन भने नेपाली भाइहरूको चुल्हो प्रयोग गर्थे ।

भान्सा कोठामा चारवटा चुल्होहरू थिए चार विभिन्न समूहको तर मेरो भने थिएन । न चुल्हो थियो न त ग्याँस सिलिण्डर नै । थियो त एउटा राइस कुकर, एउटा प्रेसर कुकर, एउटा कन्ती र केही प्लेट, चम्चा र कचौराहरू । बस, भान्साका मेरा सम्पत्ति भन्ने त्यत्ति नै थिए कतार देशमा ।

कहिलेकाहीँ पल्लो कोठामा बस्ने भाइहरूले उनीहरूसँगै खाना खानको लागि निम्तो दिन्थे । धेरैजसो त म अस्वीकार नै गरिदिन्थे । कुनै कुनै शुक्रबार चाँहि म आफै गएर टाँसिन्थे । जीवन बूढाथोकी, लक्ष्मण सापकोटा, दर्शद मिया, बलबहादुर ब्रो, शरद अधिकारी, प्रदीपराज भाइहरू म कहिल्यै बिर्सिन्न । लक्ष्मण र जीवन त उनीहरूको भान्सामा केही मीठो तरकारी पाकेको छ भने ढोकामा ढ्याक ढ्याक गर्न नै आइपुग्थे 'दाइ कचौरा दिनुस् त । तपाईंले तरकारी पकाउनु पर्दैन आज ।' भन्नका लागि ।

आफैले पसिना बगाउँदै खाना बनाउनु पर्ने जरुरी छैन मलाई भन्ने उनीहरूलाई राम्रैसँग थाहा थियो । मेरो कमाईकै हिसाबले पनि । पैसा बचाउनैका लागि म भान्सामा पसिना बगाउँथेँ भन्ने पनि उनीहरूको सोचाइ थिएन । त्यसो त म पैसा बचाउनका खातिर आफै खाना बनाउने चाहिँ होइन । त्यसैले उनीहरू कसैले पनि मलाई कहिल्यै लोभी दाजु भनेर मनले पनि भनेनन् मुखले त परै जावोस् । स्वास्थ्यलाई मध्यनजर गरेर सकेसम्म बाहिर खाँदैनन् यी दाजु भन्ने उनीहरूको बुझाइ थियो ।

साँझमा बनाउँथे खाना एकैपल्ट त्यो साँझ र भोलिपल्ट बिहानका लागि । बट्टामा हालेर फ्रिजमा राख्यो अनि भोलिपल्ट बिहान अफिस जाँदा झोलामा हालेर लिएर गयो । दिउँसोको खाना खाने समयमा माइक्रोवेभ ओभेनमा तताओ,

खायो । यही थियो नियमितता खाडीमा मेरो जिन्दगीको ।

नाता सम्बन्धले के फरक पार्छ र ती भाइहरूले मलाई आफ्नै दाजुलाई भन्दा पनि बढी माया गर्थे । मलाई पनि तिनीहरू कहिल्यै बिर्भाएनन् । प्रदीपराज त उहिल्यै अमेरिका पस्यो । उसलाई मैले सान फ्रान्सिस्कोमा पनि भेटेँ केही वर्षपछि । उसैको कारमा बसेर क्यालिफोर्नियाको कुनो कुनो खोस्रियौं हामी दुई भाइले । पछिल्लो साल जीवन पनि पस्यो अमेरिकातिरै । उनीहरू उतै रोपाईं गरि रहेछन् जीवनका बाँकी असारहरू सम्बृद्ध मङ्सिरको सपनासँगै ।

गर्मीबाट बच्नका लागि कोठैमा बसेर केलाउँथे तरकारीहरू । एसीको चिसोले कोठाभित्र गर्मीलाई निषेध गरेको थियो । भान्सामा त केवल पकाउने समयमात्रै हुन्थेँ म । तरकारीका अलावा बढीमा बढी प्रेसर कुकरमा दाल पकाउँथे । भातले भने कोठैमा गुजुगुजु गर्थ्यो राइस कुकरमा बसेर ।

एकप्रकारले अनौठो जीवनशैली थियो मेरो । डेराकोठामा एक्लै बस्थे । एकान्तको साथी बनेको थियो मेरो ल्यापटप । कोही कोठा सेयर गरौं खर्च बचाऔं भन्न आइपुग्थे तर म मान्दैनथेँ । पैसाको फूरफूर पनि होइन, सामान्य काँठे त थिएँ, कति न थियो र सम्पत्ति फुरफुर गर्न ? तर पनि मेरा आफ्नै खालका नियम र मान्यताहरू थिए आफ्नो जीवन चलाउनका लागि । मनलाई बाँध्नमा मलाई कसैले सिकाउनु पर्दैनथ्यो ।

अरूले आउँदो वैशाख एक गतेदेखि रक्सी छोड्नु पर्छ भन्ने गरेको सुनेको छु मैले । मैले एकै निर्णयमा नपिउने निर्णय गरेको कोक, पेप्सी, फान्टा, मिरिन्डा र अङ्गुर मेरो पेटमा नपसेको १६ वर्ष भइसक्यो । कुनै वैशाख एक गतेदेखि सुरु गरेको निर्णय थिएन यो । खाउँ खाउँ पनि कहिल्यै लागेन गएको यो लामो अवधिमा ।

गर्मीको महिनामा त एउटै तरकारी पकाउँदा पनि गर्मीले पसिनाले निथ्रुक्कै भिजाउँथ्यो । त्यो बिहान पनि गर्मीले निचोरिरहेको थियो । गर्मीले जतिसुकै निचोरे पनि जाँगर भने घटेको थिएन । त्यसै बीच मालबारी बूढो भान्साभित्र पस्यो । मजेत्रोले छोप्थ्यो ऊ उसको चुल्हो अरूले प्रयोग नगरुन् भनेर । मजेत्रो हटायो र ऊ पनि पकाउनतिर लाग्यो । म बोल्दैनथे त्यो बूढोसँग जबसम्म ऊ मसँग सुरु हुँदैनथ्यो । सामान्य अभिवादन पनि गरिँदैनथ्यो किनकि ऊ अलि बटारिएको थियो स्वभावका हिसाबले । के हुन्छ उसको मुड कतिवेला भन्नै नसकिने । कहिल्यै खुसीले बहकिएर गफ गर्थ्यो । कहिले रिसले चुर भएको हुन्थ्यो र झगडा गर्न जाइलाग्थ्यो ।

अर्को मालबारी भेट्यो भने मालबारी भाषामा बोल्न थाल्थ्यो । उसले बोल्दा 'नेपाली' भन्ने शब्द बेलाबेलामा निक्लिन्थ्यो । त्यो राम्रो सन्दर्भमा निक्लेको

होइन भन्ने पक्का हुन्थ्यो मलाई । उसको स्वभावै यस्तो थियो कि ऊ कसैसँग कुरा गर्दैछ भने अर्को कसैको सिकायत गरिरहेकै हुन्थ्यो । त्यसैले उसले अरूसँग बात मार्दा 'नेपाली' भन्ने शब्द प्रयोग गऱ्यो कि मलाई झनक्कै रिस उठ्थ्यो त्यो बूढोसँग । अर्को अर्थमा भन्नु पर्दा कुनै पनि समय भेट्दा म ऊसँग पहिला बोल्दैनथेँ । उसले नै कुरा सुरु गरिहाल्यो भने पनि म छोटो उत्तर दिन्थेँ र ऊसँगको बात टार्न खोज्थेँ । ऊसँग पहिले बोल्यो भने ऊ मुडअनुसार पेस हुन्थ्यो जुन मलाई पटक्कै मन पर्दैनथ्यो । उसले नै कुरो सुरु गऱ्यो भने अब कसैको खोइरो खन्छ भन्ने हुन्थ्यो । त्यसैले झनै मन पर्दैनथ्यो । खासगरी उसलाई म ऊसँग बोल्न इच्छुक छैन भन्ने देखाउन चाहन्थेँ । उसको नाम मैले अघोरी बूढो राखिदिएको थिएँ । हामी सबै नेपालीहरू उसलाई उसको पछाडि अघोरी बूढो भन्थ्यौँ । उसको अगाडि चाहिँ भाइसाब नै भन्थ्यौँ ।

बूढो एउटा कोठामा बस्थ्यो जसमा कुनै झ्याल थिएन । वास्तवमा त्यो स्टोर थियो । रफिकेले त्यो कोठामा पहिले एउटा युवकलाई राखेको थियो जसलाई हामी टेक्सी भन्थ्यौँ । सायद ऊ टेक्सी चलाउँथ्यो कि कसो । टेक्सी हिँडेपछि अघोरी बूढो आएर बस्न थालेको थियो महिनाबारी नौ सय रियाल भाडा तिरेर । त्यो कोठाको एसीको कम्प्रेसर लिभिङ रुमतिर फर्केको थियो । बूढोको एसी चल्न थालेपछि लिभिङ रुमले तात्नु पर्ने हुन्थ्यो । हामी लिभिङ्ग रुम छोडेर हिँड्नु पर्ने हुन्थ्यो । बिग्रिरहन्थ्यो बूढाको एसी । पन्ध्र दिनमा एकदिन मेकानिकलाई निम्तो गरिहालथ्यो त्यो एसीले । महिनामा कम्तीमा पनि दुईपटक त्यो बूढोले एसी मेकानिकलाई पोस्नै पर्थ्यो । एकदिन एकजना नेपाली भाइले बूढाको एसी बिग्रिरहेकोमा सहानुभूति जताएछ । बूढो खनिएछ त्यो भाइमाथि । कुटौंला झैं नै गरेछ । भाइले पनि बूढाको घिच्रोमा समातेर जुरुक्कै उचालिदिएछ । हामीले पछि त्यो भाइलाई सम्झायौँ त्यस्तो हर्कत फेरि नगर्नु भनेर ।

त्यो अपार्टमेन्टमा तीनवटा बाथरुमहरू थिए । संयोगले बूढो र म एउटै बाथरुम सेयर गर्थ्यौँ । रफिक र उसको सालोले त्यो बाथरुम प्रयोग गर्ने अरूलाई मेरो पछिमात्रै उनीहरूको पालो आउँछ भनेर उर्दी लाएको थियो । मानौँ म जहाँ उभिन्थे त्यहीबाट लाइन सुरु हुन्छ भने जस्तो । त्यसैले कहिलेकाहीँ बूढो मलाई सोध्थ्यो बाथरुम पस्नु पहिले । खासगरी बेटायममा बाथरुम पस्नु पऱ्यो भने वा म कोठाभित्र छु भने ढोका ढकढकाइकन मलाई सोध्थ्यो र मैले जा भनेपछि मात्रै बाथरुमभित्र पस्थ्यो ।

रफिक र उसको सालोले मलाई अलि बढी नै उचाई दिनुको एउटै कारण थियो । त्यो के त भने म कहिल्यै सिकायत गर्दैनथे । बत्ती, पानी केही मतलब थिएन मलाई । उसले जति भयो बिल भन्थ्यो र मेरो भागमा जति पऱ्यो भन्थेँ म

खुरुक्क तिर्थें । अरूको जस्तो बिल परीक्षण गर्दैनथें । भाडा पनि तोकिएकै दिन सहज तरिकाले दिन्थें । बस त्यत्ति नै थियो म उनीहरूको आँखाको नानीमा राख्दा पनि नबिझाउने ग्राहक बन्नुमा । त्यही कारणले गर्दा मलाई असुबिधा नहोस् भन्ने उनीहरूको चाहना रहन्थ्यो । होइन भने ऊ बाउपट्टिको काका पनि थिएन र आमापट्टिको मामा पनि होइन ।

रफिक को थियो ? रफिक थियो अर्को मालबारी । त्यो अपार्टमेन्टको भाडा हामी उसलाई तिर्थ्यौं । हाम्रा लागि उही थियो त्यो अपार्टमेन्टको मालिक वा आधिकारिक प्रयोगकर्ता । उसले पनि भाडा लगेर बुझाउँथ्यो एउटा बङ्गालीलाई रे ! बङ्गालीले लगेर घरको वास्तविक साहुलाई बुझाउँछ रे ! भन्ने मैले विशेष सूत्रबाट सुनेको थिएँ । हामीले न त त्यो बङ्गालीलाई देख्यौं न त वास्तविक घर साहुलाई नै । रफिके र बङ्गालीले छोयाँफोयाँ निकालेर खान्थे भन्ने सहजै बुझ्न सकिन्थ्यो । रफिकेले बेस्सरी सिकायत सुन्नु पर्थ्यो हरेक महिना । ती सिकायत एउटै पूरा गर्दैनथ्यो । ती सिकायतहरूमध्ये कति सिकायत उसले बङ्गालीलाई बिसाउँथ्यो र कति क्यास गर्थ्यो ? अपार्टमेन्ट प्रयोगकर्ता हामी कसैलाई पत्तै हुँदैनथ्यो ।

त्यो बिहान अघोरी बूढो मसँग बोलिरहेको थिएन तर पनि उसको अनुहारमा केही खुसी दौडिरहेको आभास मिलिरहेको थियो । ऊ केही बोल्न खोजिरहेको थियो मसँग । म ऊसँग बोल्न इच्छुक छैन भन्ने जनाउ दिइरहेको थिएँ मैले मेरो प्रस्तुतिले । ऊ र म बीचमा एउटा समानता थियो । हामी दुवै हिन्दी सही तरिकाले बोल्न सक्दैनथ्यौं । दुवै भाँच्चेकुच्चेको हिन्दी बोल्थ्यौं । ऊ मालबारी, म नेपाली । भाँच्चेकुच्चेकै हिन्दी बोले पनि हामी दुवैले के भन्न खोजेको हो एक अर्काले बुझ्थ्यौं । धेरै मालबारीहरू हिन्दी भाषा नै बुझ्दैनन् रे !

परदेशमा धेरै वर्षसम्म हिन्दीभाषीहरूसँग सहकार्य गर्दा पनि हिन्दी भाषा फिटिक्कै नबुझ्ने भारतीय भनेको चाहिँ मलाई अनौठै लाग्छ । मान्छेको ओठ चल्दा र शरीरको चालले हामी फिलिपिनो, श्रीलङ्कन, स्पेनिस, अरबी सबैको भाषाको अर्थ बुझ्छौं भने मालबारीले किन हिन्दी नबुझ्ने । हामीले पनि त उही हिन्दी फिल्म हेरेको र सहकर्मीहरूले बोलेको हिसाबले भाँच्चेकुच्चेको हिन्दी बोलेका हौं । खैर यो प्रसङ्गलाई यही छाडौं ।

रफिक अपार्टमेन्टमा देखियो भने दुवै मालबारी भएकाले मज्जाले मालबारीमा बात मार्छन् । त्यो बूढोले बात मार्दा नेपाली भन्ने शब्द पटक पटक प्रयोग हुन्छ । उसले हामी नेपालीहरूमध्ये कसैको सिकायत गरेको हो भन्ने बुझिन्छ । त्यसैले बूढोसँग पानी बाराबार नै गर्न मन लाग्छ । 'नेपाली नेपाली मत बोलो सिकायतका हिसाबसे । प्यार से भाइ बोलो । नेपालीको गुस्सा आया तो वो

ठीक लगादेगा । भनेर उसलाई एक दुईपटक मैले सचेत पनि गराएको हो तर पनि बूढो त्यस सवालमा कहिल्यै सुध्रिएन, कहिल्यै सच्चिएन ।

मपछि बूढो नभएको बेलामा सोध्थें रफिके मोरालाई के भनेको हो त्यो बूढोले 'नेपाली नेपाली' भनेर । रफिके भन्थ्यो त्यो बूढो पागल हो, केही न केही सुनाइरहन्छ । सिकायत गरिरहन्छ । त्यसले जसको सिकायत गरोस् म ध्यानै दिन्न, सुन्ने हो उडाउने हो ।

एक साँझ भान्सामा उफ्रिन लागेको रहेछ त्यो बूढो । म पुगें, अरू पहिल्यै थिए । म पुगेपछि रोकियो बूढो । अरूले सोधे तैंले यसको चुल्हो प्रयोग गरेको हो कि भनेर । म सात दिन खान नपाए पनि भोकै बस्छु तर त्यो बूढोको चुल्हो प्रयोग गर्दिनँ भनेर हिन्दीमा भनेको बूढोले सुन्यो र बुझ्यो पनि । बूढो ठण्डा भयो । बूढोले शङ्का गरेको रहेछ कि मेरो आफ्नै चुल्हो नभएकाले उसको पो प्रयोग गऱ्यो कि भनेर । त्यसको चुल्हो खासमा कसले प्रयोग गरेछ कुन्नि थाहा भएन । त्यसो त कहिलेकाहीँ आफ्नो ग्यास सकिएको बेलामा कसैले सँगैको चुल्होमा पकाएरै खायो भने पनि के पाप गऱ्यो भन्नु ? त्यो पनि कतारमा जहाँ ग्यास सिलिन्डरको पाँच सय रूपैयाँ पनि पर्दैन ।

अर्को एक दिन पनि बूढो उफ्रिन लागेको थियो । बूढाले भनेअनुसार कसैले उसको भर्खरै खोलेको ग्यास सिलिन्डर लगेर सकिन लागेको राखिदिएछ । मलाई बेस्सरी हाँसो उठ्यो त्यहाँ । अरूले सोधे किन हाँसेको भनेर । मैले भनें चोर्नेले पनि अरूको चोरेको भए हुने नि सायद मतलवै गर्ने थिएनन् किन यही बूढाको चोरेको होला भनेर । त्यसपछि अरू सबै मरी मरी हाँसे । खोई ! चोरे पनि के भन्नु ? कोठाको ढोका खुलै हुँदा पनि कोही पसेको केही उठाएको भन्ने कहिल्यै सुनिएन । बूढाको ग्याँस चोऱ्यो कसैले भनेर पनि के पत्याउनु ? मलाई बूढोदेखि बेस्सरी रिस तब उठेको थियो जब उसले एकपटक हाम्रो माछा खाने योजनालाई पानी पानी बनाइदिएको थियो । हामीले साना माछा खाने विचार गरेर एक केजी माछा ल्याएका थियौं कर्नेसदेखि । भान्सामै बसेर सफा गर्दै थियौं । बूढोले देख्यो । उसले सोध्यो कि हामीलाई साँच्चै माछा बनाएर खान आउँछ क्या । नत्र भए उसले बनाइदिन्छ रे ! मालबारी बूढोको हप्ताको चौध छाकमा दश छाक त म माछै देख्छु । माछै बनाइरहेको हुन्छ जुन वेला पनि । त्यसैले हामीले उसको प्रस्ताव स्वीकार गऱ्यौं । मस्तको स्वादिलो माछा खाने रहर पालेर बस्यौं । उसले माछा बनाउन थाल्यो, फिस करी हाम्रै फर्मायसअनुसार । पछि कोठामा बसेर माछा करी र भातको स्वाद लडाउन खोज्दा माछाले त हामीलाई नै लडाइदियो । मेरी आम्मै माछाको पहिलो टुक्रो मुखमा हाल्ने बित्तिकै जिब्रो झन्डै झन्डै चट भएको ।

'कति पीरो हालेर मरेछ नि अघोरीले ।' मुखले रोक्नै सकेन प्रतिक्रिया । मैले त पानीले पखालेरै खाँदा पनि पीरोले डस्यो । अरूले पनि जसोतसो अलिअलि खाए । मैले अझैसम्म पनि बुझ्न सकेको छैन कि त्यो 'माछा करी' त्यो बूढोले जानी जानी पीरो पारिदिएको थियो वा उनीहरूले खाने पनि त्यस्तै हो र उसले आफूले खाने जस्तै बनाइदिएको थियो । मलाई भने अघोरीको षडयन्त्र पो थियो कि जस्तो लाग्छ किनकि उसले जिन्दगीमा कसैको बारेमा वा कुनै पनि कुरामा सकारात्मक टिप्पणी गरेको सुनेकै थिएन ।

त्यो बिहान उसको पहिरन पनि अलि फरक थियो । सधैं उसको चौथाई शरीर छोप्नु पर्ने त्यो लुँगीले त्यो दिन छुट्टी पाएको थियो । लुँगीले पनि भाग्य अजमाएको दिन थियो त्यो । अचम्मकै थियो उसको लुँगी पहिरन । ड्युटीबाट फर्किने बित्तिकै डाँग्रे किलामा झुन्डिन्थ्यो र काममा जोतिन्थ्यो ओछ्यानमा बेपर वाह फ्याँकिएको लुँगी । एउटै लुँगी । एउटै रङको धेरै भए उही जानोस् तर एउटै रङको भएकाले पनि एउटै हो भनेर ठोकुवा गरिदिएको मैले । कोठामा बस्दा पनि लुँगी, बाहिर निक्लँदा पनि लुँगी, भान्सामा पस्दा पनि त्यही लुँगी, बाथरुमबाट निक्लँदा पनि त्यही लुँगी, निधारको पसिना पुछ्ने पनि त्यही लुँगी, हात धोएपछि हात पुछ्ने पनि त्यही लुँगी, मुख धोएपछि मुख पुछ्ने पनि त्यही लुँगी । गजबकै लुँगी हुँदो रहेछ कतिपयको कहिल्यै फुर्सद नै नपाउने तर आज बूढाको लुँगीले फुर्सद पाएछ । कसैले त्यसलाई धोती भन्छन् तर म चाहिँ लुँगी भन्थें ।

त्यसो त त्यस्तो एउटै लुँगी धस्ने मैले देखेको ऊ मात्रै पहिलो होइन । मैले त्यही किसिमका एउटै लुँगी जिउमा धसारिरहने इन्जिनियरसम्म पनि देखेको छु । पसिना र पानीको मिश्रणले खटमोल अर्थात् उडुसको अति प्रिय हुन्छ रे ! त्यस्तो लुँगी भन्ने पनि मैले सुनेको छु र हल्का देखेको पनि छु । बूढो आफ्नै सुरमा थियो । भान्सा पस्ने ढोकाको विपरीत दिशामा फर्किन्थ्यो उसको अनुहार । त्यसैले उसले ढोकाबाट कोही बिरालाको चालले भित्र पस्यो भने पत्तै पाउँदैनथ्यो । मेरो भने ढोकाबाट को पस्यो ठ्याक्कै देखिन्थ्यो । मैले टाउको उठाएँ ढोकातिर कसैको उपस्थितिको आभास पाएर । ढोकाको एउटा छेउमा अडेसो लागेर उभिएकी थिई एउटी युवती । त्यो दृश्य अनायास थियो र अस्वभाविक पनि । म छक्क परें कि हाम्रो अपार्टमेन्टमा कोही युवती आइपुगेकी थिई । सामान्यतया पुरुष ब्याचलर आवासमा महिला र महिला ब्याचलर आवासमा पुरुषको उपस्थिति सामान्य मानिंदैन । त्यसैले त्यो दृश्य असामान्य पनि थियो । त्यो युवतीका आँखाहरू भान्साका चारैतिर दौडिरहेका थिए । सायद लाग्यो होला त्यो भान्सा त्यति सफा भान्सा होइन । वास्तवमै चुल्है चुल्होहरू नारिएको हाम्रो भान्सा सफा पनि देखिँदैन । त्यसो त अरू पुरुष ब्याचलरहरूको भन्दा कम सफा पनि थिएन ।

प्रत्येक हप्ता एउटा कोठाले भान्सा सफा गनुपर्ने गरी पालो लगाइएको थियो ।

त्यो युवतीले कुर्ता सलवार लगाएकी थिई । हल्का कालो वर्णकी निकै सुन्दरी देखिएकी थिई ऊ । सफा थिए उसले पहिरेका लुगा कपडा र त्यो सेतो सल । मैले सोध्नै सकिनँ उसले कसलाई खोजेकी हो भनेर । आँखा चार भएर जुध्दा ऊ हल्का लजाएकी थिई । म चार दोब्बर लजाएँ ऊ लज्जाएको देखेर । मेरो मुखबाट शब्दै झरेनन् । उसले पनि उसको मुखबाट एउटै शब्द निकालिन् । म के भनेर बोलौं ऊसँग भनेर सोच्दै थिएँ तरकारीको भाँडोतिर हेर्दै ।

'मेरी बेटी हे ।' बूढाले खिस्स हाँस्दै परिचय गरायो ।

मैले ऐंसेलुको बोट सम्झिएँ । बाउ काँढा भए पनि छोरी ऐंसेलु जस्तै रसिली महसुस भयो । कुनै रिस राग वा घमण्डको कुनै छिटा पनि देखिँदैनथ्यो त्यो बूढाकी छोरीमा । लक्ष्मण भाइले एकपटक भन्थ्यो अघोरी यस्तो भए पनि छोराछोरीहरूलाई निकै राम्रो शिक्षा दिएको छ रे ! अझै पढ्दैछन् रे ! एउटी छोरी यही हमाद हस्पिटलमा काम गर्छे रे ! भनेर सुनाएको थियो रे ! मैले सोचेँ- अस्पतालमा नर्स भएर काम गर्दै गरेकी छोरी उही होली ।

'कहाँ काम करती है ?'

'हमाद मे' उसको जवाफ ।

'पिताजी अच्छा है । खुद बनाके खाता है । मिहेनती आदमी है । मैले बूढाको प्रशंसा गरिदिएँ उसकी छोरीको सामु । ऊ केवल मुस्कुराई मात्रै । बूढो छोरी भएतिर गयो । दुवैजना त्यहाँबाट निक्लिए ।

शुक्रबारको दिन । म साँझ नढल्दै बाहिर निक्लिने सुरसार गरेर कोठाबाट निक्लिएँ । बूढाकी छोरी त्यही लबीमै टुप्लुकिई । कताबाट आई कता जाँदै थिई थाहै भएन । बिहान एक झुल्को देखिएकी फेरि देखिई अर्कोपटक ।

'अङ्कल, क्यान यु प्लिज टेल हिम टु बि रिटायर्ड एण्ड गो ब्याक टु होम । आई हर्ड हि ईज प्लानिङ टु एक्सटेन्ड हिज जब ।' मैले टक्क रोकिएरै सुनें उसको कुरा । पूरै सुनें । झट्टै सम्झिएँ अस्ति भर्खर बूढाको क्रोध । ऊ भान्सामा ठूलो ठूलो स्वर गरेर कसैमाथि रिस पोख्दै थियो ।

'साला हमको क्या समझता है । क्या हम गरीब हे । हम गरीब नही हे । हमारे पास सब कुछ हे उपरवाला ने दिया । इसने क्या समझा हमको ।'

मैले लक्ष्मण भाइलाई सोधेँ- 'बूढाको बिहान बिहानको होहल्ला के हो ?'

'मेनेजरले एक्सटेण्ड नगर्ने भयो रे काम भनेर मेनेजरलाई गाली गर्दैछ बिहानैदेखि । अर्को हप्ता काम सकिन्छ रे ! रिटायर्ड हुने रहेछ अघोरी बूढो' लक्ष्मण भाइले बताएको थियो ।

'नो हि इज गोइङ्ग ब्याक टु होम । आई हर्ड हिज मेनेजर इज नट एक्सटेन्डिग हिम' मैले जवाफ दिएँ ।

'नो अङ्कल । हि अलरेडी म्यानेज्ड टु टक टु मेनेजर एन्ड एक्सटेन्डेड । हि रिक्वेस्टेड ।' उसले बताई ।

'अघोरी बूढो' फ्याट्टै फुत्कियो मुखबाट ।

'ह्वाट्स द्याट अङ्कल' उसले सोधी ।

'नथिङ नथिङ' म ढोकातिर हुत्तिएँ । उसले मलाई रोकिन आग्रह गरी । मैले रोकिन करै लाग्यो ।

'यहाँ बसेका सबै मान्छेहरूसँग भेटेँ । सबै असल र मिलनसार लाग्यो तर खोई किन हो किन हरेकपल्ट बालाई भेट्दा यो अपार्टमेन्टमा बस्ने मान्छेहरूकै बारेमा बताउनु हुन्छ । कसले के चोऱ्यो, कसले गाली गऱ्यो, कोही कुट्न आयो भनेर बताइरहनु हुन्छ । हामीलाई चिन्ता लाग्छ । मलाई त लागेको थियो कि मेरो बा राक्षसहरूको बीचमा हुनुहुन्छ । त्यस्तो त केही देखिनँ मैले यहाँ । सबैजना असल र मिलनसार हुनुहुँदो रहेछ । मेरो बालाई माफ गरिदिनु है यदि उसले कसैको चित्त दुखाएको छ भने । मलाई मेरो बा असाध्य प्यारो लाग्छ ।' उसले मलाई रोक्दै यति सुनाई र बाई बाई अङ्कल भनेर अगाडितिर बढ्न दिई । मलाई हाँसो उठ्यो, हाँसो थामेरै पुगेँ लिफ्टसम्म र लिफ्टमै हाँसेँ बेस्सरी ।

हाम्रो अगाडि रफिकलाई गाली गर्छ । रफिकको अगाडि हामीलाई गाली गर्छ । मालबारी भेटे नेपालीलाई गाली गर्छ, नेपाली मात्रै भेटे मालबारीको खोइरो खन्छ । त्यसको ढोका खुल्लै छ भने पनि कसैले हेर्दासम्म हेर्दैन । चोरेकोसम्म आरोप लगाएछ अघोरीले । अनौठो चरित्र थियो त्यो अघोरी बूढोको । मैले त्यसलाई कसैसँग कुरा गर्दा त्यस्तो देखिनँ कि त्यसले कसैको नकारात्मक कुरो नगरेको होस् । त्यत्ति धेरै नकारात्मक चरित्रको मान्छे मैले पहिलोपटक देखेको हुँ भन्दा फरक नपर्ला । पछिल्लो वर्ष बूढो रिटायर्ड भएर गयो । म पनि नाज्माको त्यो डेराबाट निक्लिएँ । मसँग धेरै कुराहरू संस्मरणमा छन् उसँगको अर्थात् नाज्माको अघोरी बूढाको । संस्मरणमै सही ऊ हामीहरूसँगै छ जस्तो लाग्छ एउटा फरक चरित्रका साथ । कहिलेकाहीँ कुनै फरक चरित्र नहुँदा पनि एक प्रकारको अभाव महसुस हुँदो रहेछ जीवनका लयहरूमा ।

दुवाकोट, भक्तपुर, हाल, दोहा कतार ।

---

**गीत, गजल, म्युजिक भिडियो, विवाह, कार्यक्रम आदिको लागि**

हामीलाई सम्झनुहोस्

Four Cube Entertainment

9860660925/9841466812

# रातो बिहे र सेतो बिहे



**रञ्जुश्री पराजुली**

काठमाडौंबाट केही सङ्ख्यामा सङ्गै अमेरिका उड्ने तरखरमा थियौं । हवाईजहाजको टिकट बुक गरियो । लुगागहनाको जोरजाम त गर्न नै पऱ्यो, सबैले गरे । नेपालमा भन्दा अमेरिकामा चाडबाड भव्यताका साथ मनाइन्छ । यो बिहे त झन् जेठो छोराको थियो । केटा स्वयम् राम्रो विषयमा उच्च शिक्षा पास गरेको, राम्रो कम्पनीमा काम गर्ने थिए । दुलही पनि त्यस्तै उच्च शिक्षा प्राप्त गरिसकेकी राम्रो कम्पनीमा काम सुरु गरेकी थिइन् । केटा नेपालीमूलका अमेरिकन थिए भने केटी पूरापूर गोरी अमेरिकन मूलकी । ती दुई माध्यमिक विद्यालयदेखिका प्रेमी थिए । नेपाली मूलका नै भए तापनि यहाँका केटाकेटी आफै जीवनसाथी खोज्छन् । उच्च माद्यामिक विद्यालय पास गरेपछि उनीहरू बुवाआमासँग प्रायः बस्दैनन् । शिक्षा आर्जन गर्नका लागि ऋण लिन पाइन्छ । त्यो लिएर स्वतन्त्र भएर बसेर पढ्छन् । सक्ने बुबाआमाले केही सहयोग पनि गर्छन् तर छोराछोरी नै बुवाआमासँग लिन मान्दैनन् ।

बिहे मान्न अमेरिका आउने मध्ये म पनि एक थिएँ । टिकट तयार थियो तर दुर्भाग्य कोरोना १९ को महामारी फैलियो । जुन महामारीको नाम रास्ट्रपति डोनल ट्रम्पले 'चाइना भाइरस' भनेर राखे । उनले बोल्दा सधैं चाइना भाइरस नै भने अनि उनले मुखमा मास्क पनि लगाएनन् । अमेरिकाको बिहेको मिति सऱ्यो । हाम्रो हवाई टिकटको पनि मिति बदल्यौं । कोरोना जाने वाला त थिएन तर साम्य हुँदै गयो । मान्छेहरूको त्रास पनि कम हुँदै गयो । बिहे पनि टुङ्गो लाग्यो ।

बिहेको मिति तोकिएपछि तयारी भव्यताका साथ हुन थाल्यो । विश्वका विभिन्न देशमा नेपालीहरू पुगेर त्यहाँ सानो नेपाल नै सिर्जना गरेका छन् भने अमेरिकामा त झन् धेरै अगाडिदेखि नेपालीहरू आएर अमेरिकी नागरिक भएर बसेका छन् । यहाँका ठूला कम्पनीहरूमा पनि नेपालीहरूको सहभागिता रहेको छ । पचासौं वर्ष अगाडिदेखि आएका नेपालीहरू पनि यहाँ भेटिन्छन् । काम गर्न

सक्ने अर्थात् खटिन सक्नेका लागि अमेरिकामा धन कमाउँने धेरै उपाय छन् । लगनशीलता र अनुशासन यो देशमा नभई नहुने कुरा हो । यहाँ लेटेस्ट मोडेलका गाडी चढ्ने, ठूला र महगा घरमा बस्ने नेपाली पनि प्रशस्त भेटिन्छन् । कसैको ग्यास स्टेसनमा काम सुरु गरेका नेपालीहरू कोही आज आफ्नै दश वटासम्म ग्यास स्टेसनको मालिक भएर कयौंलाई रोजगारी दिएर बसेका छन् । त्यस्ता धनाढ्य नेपालीहरू म्यानसन जस्तो घरमा बसेर, लेटेस्ट मडेलका नयाँ गाडी चढेर बसेका छन् ।

बिहेको मिति टुङ्गो लागेपछि बिहे घरमा बिहेको माहौल सुरु भयो । पाहुनाहरूको आऊजाऊ, खाजा बनाउँने खुवाउँने सबै नेपामा गरेजस्तै मौलिक तरिकाको भयो । बिहेको लागि नेपालमा नै जस्तो गरी फुरन्दाना बनाउँने, सेल पकाउने, साइतको पात गाँस्ने, कसार बटार्ने कामहरू निधारमा रातो दही चामलको टीका लगाएर सगुन लिएर गरियो । जुन घरको बिहे थियो त्यो घरको नाता गोताहरू यहाँ विभिन्न राज्यमा धेरै नै भएको र बिहे मनाउँन मिलेसम्म सबै सहभागी भएकोले हुनाले सहभागिता पनि ठूलो नै थियो । गफगाफ रमाइलो, कोही तास खेल्ने, कोही गीत सङ्गीतमा रमाउँने माहौल बन्यो । यहाँ स्कुल अफिस जुन वेला पायो त्यही वेला नजाने गर्न नमिल्ने भएकोले प्रायः यस्ता कार्यहरू लामो सप्ताहन्त भएको वेला या शनिबार, आइतबार पारेर गरिन्छ ।अरू धेरै कार्य गर्नुपर्‍यो भने साँझ पख गरिन्छ । बिहे गरेको परिवार विभिन्न राज्यबाट आउने भएकाले रमझम ठूलो नै थियो । टाढाबाट आएकाहरू मिल्नेको घरमा राति सुत्न गए । कोही एक दुई रात लजमा पनि बसे । सेतो बिहेको लागि स्वास्नी मान्छेहरूले त्यहींकाले लगाउने जस्तो ड्रेस, पुरुषहरूको लागि सुट पाइन्ट लगाउन पर्ने सूचना थियो । यो कुरा ड्रेस कोड भनेर बिहेको निम्ताको कार्डमा नै लेखिएको थियो । बिहेको सुखद उपलक्ष्यमा दुलहाकी आमाले आफन्तहरूलाई बिहे भाग भनेर लुगा, शौभग्यका साधन उपहार दिइन् । पुरुषहरूलाई पनि केही न केही सौगात पनि दिइन् ।

बिहे तीन दिन लामो थियो । पहिलो दिन सेतो बिहे थियो । निम्तालुहरूलाई दुलाहा र दुलहीको तर्फबाट पूरा अमेरिकन तरिकाले ठाउँ र समय तोकिएको र बेलुकाको भोजन तयार भनिएको थियो । बिहे चार बजेदेखि आठ बजेसम्मको थियो । दुलाहा सुट पाइन्टमा र दुलही लामो सेतो लुगामा तयार थिए । त्यो बिहे पूरापूर सबै दुलाहा र दुलहीको खर्चमा थियो । अमेरिकनहरूको लागि बिहे त्यति मात्र हुन्छ । त्यसपछि अदालत गएर कानुनी तवरले बिहे गरेर प्रमाणपत्र लिनुपर्छ तर यो बिहे त नेपालीको पनि थियो । त्यसैले रातो बिहे त हुन बाँकी नै थियो । त्यो दिन मान्छे सय जना जति थिए । बिहे बाहिर बगैंचामा फूलैफूलले सजाएको

ठाउँमा थियो । दुलहीका चारजना साथीहरू उस्तै लामो सिल्कको हलुका प्याजी रङको ड्रेस लगाएका थिए । एउटा सानो नौ वर्ष जतिको सुट लगाएको केटो रिङ ब्वाय थियो । त्यस्तै एउटी दश वर्षकी सेतो राम्रो ड्रेस लगाएकी ब्राइड्स मेड थिइन् । अरू सबै पुरुष, नारी निम्तालुहरूले अमेरिकन लुगा लगाएका थिए । जम्मा दुईजना नेपालीले सारी लगाएका थिए जसमध्ये एक म नै थिएँ । अगाडिको लाइनमा एकातिर केटीतर्फका थिए जसमा केटीका बाबु, उनकी दोस्री श्रीमती, केटीकी आमा, उनका दोस्रो श्रीमान् आदि थिए । दाहिनेपट्टि केटातर्फका पाहुना थिए । त्यो बिहे गर्ने ठाउँ न त चर्च थियो न त अरू कुनै धर्मसम्बन्धित ठाउँ । त्यो त एउटा भव्य अकेजन मनाउने स्तरीय ठाउँ थियो ।

एक जना पुरुषले वाइवल पढेर दुलहा दुलही बीच औँठी साटासाट गर्न लगाए । तालीको गडगडाहट भयो, बिहे सकियो । त्यहीँ पार्क जस्तो बगैँचामा ककटेल पार्टी भयो । ककटेल पार्टी सकेपछि बाँकी कार्यक्रम माथि हुन्छ भन्ने जानकारी पाएर सबै हलमा गयौँ । हामी सबैलाई नम्बर दिइएको थियो । प्रत्येक टेबुलमा टाडैबाट देखिने गरी नम्बर राखिएको थियो । सबै आआफ्नो नम्बर भएको टेबुल वरिपरिको मेचमा बसे । मधुर सङ्गीत गुञ्जिरहेको थियो । पहिलो कोर्स खाना सुप र साना साना डल्ला पाउरोटी र वटर आइपुग्यो । त्यसपछि मेन डिनर गृल्चिकेन, हरियो सालाद अनि म्याकिनचिज थियो । साकाहारीहरूलाई बेग्लै थियो । खानापछि हेर्दै चिटिक्क परेको सुन्दर विडिङ केक काट्ने रमाइलो भयो । बिहेको नाचगान हल्लाखल्ला रमाइलो बढ्दै गयो । आठ बजे पार्टी समाप्त हुनुपर्ने सूचना झुन्ड्याइएको थियो । केक खाएपछि फेरि केही बेर नाचगान भयो । अङ्ग्रेजी र नेपाली गानामा अमेरिकनहरूले पनि ताल मिलाएर रमाएर नाचे । दुलाहादुलहीलाई घर जाने बेलामा बाहिर दुई लाइन मान्छेहरू उभिएर आतसबाजी उडाउँदै उनीहरूको त्यसवेला गाउने गीत गाउँदै 'जस्ट म्यारेड' झुन्ड्याएको गाडीमा राखेर बिदा गरे ।

भोलिपल्ट सङ्गीतको कार्यक्रम थियो । यो दिन खास साइत केहीको पनि थिएन । त्यो दिनलाई सङ्गीत कार्यक्रम भनिएको थियो । अमेरिकन नेपाली महिलाहरू को भन्दा को कमको लुगा गहनामा सजिएर आए । केटाहरू पनि कुर्ता शेरवानीमा सजिएका थिए । केही अमेरिकन महिलाहरू पनि लेहङ्गा, सारी, कुर्थामा आए भने तिनले निदारमा रातो टीका पनि लगाएका थिए । अमेरिकाका विभिन्न इन्डियन स्टोरहरूमा सारी, लेहङ्गा गहना, टीका चुरा किन्न पाइन्छ । केटाहरूको शेरवानी, कुर्तासुरुवाल, चप्पल आदि मात्र नभई सक्कली सुनका गहनाहरू पनि यहाँ किन्न पाइन्छ । सङ्गीतको दिन दुलहीकी आमाले रातो सारी लगाएकी थिइन् । त्यो दिन अमेरिकनहरू धेरै निम्त्याइएका थिए । बाह्र बजे सुरु भएको सङ्गीत पार्टीमा लन्चको तयारी थियो ।

मीठो स्वादिलो हाम्रो आफ्नै स्वादका तथा अमेरिकन भेराईटीका खानाका परिकारहरू, मिठाईका परिकार, केक, आइस्क्रिम तयार थिए । खान नाच्न कुनै छेकथुन थिएन । चार बजे हलजस्तो लिएको हो त्यस्तै सफा अवस्थामा छोड्नुपर्ने थियो । चार बजे त्यहाँ अर्को कार्यक्रम थियो ।

रातो बिहे पनि त्यस्तै ठूलो रिसोर्ट जस्तो शहरको हल्लाखल्लाबाट केही टाढा हुँदै थियो । त्यो दिन बिहान बाह्र बजेदेखि राति दश बजेसम्मको बिहेको कार्यक्रम थियो । बिहानको खाजा ब्रेकफास्टमा फुरन्दाना, सेल, नेपाली चिनी दूध हालेको चियासहित अमेरिकन, एसियन परिकारका साथै चिसो पेय बियर आदि पनि थियो । हलबाट अलि पर पण्डितजी मण्डपमा रेखी हाल्दै थिए । मण्डप बाँस, केराको थाम, आँप, पीपलका पात र ध्वजापताकाले सिँगारिएको थियो । नेपाली तरिकाको सुन्दर बाँसको जग्गे बनाइएको थियो । दुलाहा पञ्चे बाजाको सङ्गीतमा दौरा सुरुवाल लाएर नाच्दै मण्डपमा आए । त्यहाँ मलाई अचम्म लागेको कुरा केटाका केही अमेरिकन साथीहरूले पनि नेपाली दौरा सुरुवाल ढाकाको टोपी लगाएका थिए । सबैले ताली बजाएर जन्तीको स्वागत गरे । जुता फुकालेर दुलाहा जग्गेमा बसेपछि जुत्ता लिन यति पैसा चाहिन्छ बनेर मोलमोलाई गरे । सय डलरमा कुरा पक्का गरेपछि कुरा मिल्यो । त्यसै बीच दुलहाका बैनीहरूले रातो बनारसी सारीमा सजिएकी सुन्दरी दुलहीलाई समाएर ल्याई जग्गेमा राखे । सेती दुलही रातो परिधानमा अति सुन्दरी देखिएकी थिइन् । दुलहाले सेती दुलहीलाई सिँदूर र हरियो पोतेको तिलहरी लगाइदिए । एक जना दोभाषेले अङ्ग्रेजीमा पण्डितले पाठ गरेका विवाहका मन्त्रोच्चारण अर्थ्याएर बुझाइदिए । केटीतर्फकाहरू मन्त्रको कुरा सुनेर खुसी भए ।

त्यही बीच दुलहीको मुख हेर्ने काम नेपालकै जस्तो गरी भयो । यति सबै काम गर्दा दुलहीले कुनै केही झिँझो मानिनन् । झन् सबै सङ्ग मिलेर छमछम नाचिन् । कुनैले त 'मेरी छोरीले पनि नेपाली केटासँग बिहे गरे हुन्थ्यो' पनि भने रे ! त्यो दिन पेय पनि खुल्ला थियो, मस्त पिउँदै नाच्दै गर्दा समय बितेको पत्ता नै भएन । समय भएपछि उज्यालो बत्ती कम गर्दै गएर छोड्ने वेला भयो बन्ने सङ्केत दिँदा रहेछन् । अब जानुपर्छ भनेर सबै बिस्तारै आआफ्नो गाडी राखेको ठाउँतर्फ लागे । त्यो दिन राति दश बजेसम्मको समय थियो । सबैले मीठो मानेर नाचे, झुमे र मस्ती गरे । बीस मिनेटमै सकिएको सेतो बिहे पनि आफूले पहिलोपल्ट देखेकोले रमाइलो लाग्यो । सात समुद्रपारि जन्मजात अमेरिकी नेपाली केटा र अमेरिकी स्थानीय केटी बीचको सेतो र रातो दुवै किसिमको बिहेमा सहभागी हुँदाको अनुभव मेरो लागि सदैव अविस्मणीय रहने छ ।

---

# अक्षरयात्रामा अमराई



**लक्ष्मण अर्याल**

जीवन पर्यन्त बिर्सन नसकिने नाममध्ये एउटा नाम हो रहेछ जन्मभूमि । बिर्सन हुँदैन बिर्सदा पहिचान सकिन्छ । बिर्सन सकिँदैन किनकि स्मृतिको एउटा कुनामा आश्रयस्थल बनाएर बास बस्छ । म मेरो जन्मभूमि छाडेर खत्र्याकखुत्रुक सबै कुरा बोकी चितवन हिँडेको आज २७ वर्ष सकिएर २८ वर्ष लागेछ । यतिका वर्षमा पनि मभित्र बसेको जन्मभूमिको प्रतिच्छाया अलिकति पनि धुमिल भएको छैन । म बिर्सन्न मेरो अमराईलाई । अमराई अर्थात् मेरो जन्मभूमि । अमराई जहाँ मेरा बा जन्मे । मेरा हजुरबा अनि बूढा हजुरबा पनि त्यहीँ जन्मेका हुन् तर त्यो ठाउँमा बूढा हजुरबाभन्दा माथि कति पुस्ता बस्यो यो ज्ञान छैन । ज्ञान हुने बूढापाकाहरू पनि हामीले गुमाइसक्यौं ।

वंशावली भन्छ- तेरा नाता शक्तिवल्लभ अनि उदयानन्दसँग जोडिन्छ । शक्तिवल्लभ भनेका तिनै गोरखाली राजाका पुरोहित हुन् जसले 'तनहुँ भकुन्डो' भन्ने कविता रचेथे अनि उदयानन्द भनेका प्राथमिक कालीन समयमा वीर धाराका कविता रच्ने उनै ख्यातिनामा कवि हुन् । हाम्रा पुर्खा गोर्खाबाट धादिङको मैदीमा आएका थिए रे ! त्यहींबाट फैलियौं हामी । मेरो अनि बा, हजुरबा, बूढा हजुरबाहरूको जन्मभूमि भए पनि पुर्ख्यौली भूमि भने होइन रहेछ अमराई ।

मैले देख्दादेख्दै पनि देशको व्यवस्था पटक पटक फेरिएको छ, व्यवस्था सँगसँगै शासकीय संरचनाहरू फेरिएका छन् । अवस्था फेरियो कि फेरिएन ? यतातिर म जान्न । यो विषयमा बरु अन्तै लेखुँला, तपाईंसँगै बसेर मजासँग कुरा गरौंला । पञ्चायत कालमा सिङ्गो मैदी गाउँपञ्चायत थियो, २०४६ को जनआन्दोलनपश्चात् यो गा.वि.स. बन्यो तर यसले त्यति वेला पनि आफ्नो शीर्ष नाम भने गुमाएन । २०७२ को संविधानले गा.वि.स.को अवधारणा खारेज गरिसकेको छ । अहिले मैदीले सिङ्गो स्थानीय निकायको साझा नाम बन्ने सौभाग्य भने गुमाएको छ । आज यो ज्वालामुखी गाउँपालिकाको एउटा भौगोलिक हिस्साका रूपमा मात्र चिनिन्छ ।

मैदी जसलाई नेपालको इतिहासले सम्झँदै भन्छ- यो त एकीकरणका नायक पृथ्वीनारायण शाहको व्रतबन्धस्थल हो । यसबारेमा अलिअलि अस्पष्ट सङ्केत गर्छ इतिहास तर त्यहाँ ताम्रपत्र छ, शिलापत्र छ र हस्तलिखित गन्थहरू छन्- प्रमाणका अकाट्य दस्तावेजहरू । मैदीको इतिहासबारे पुरातत्त्व विभागको रिसर्च पनि छ । मेरा हजुरबुबा (मामाघर) देवीप्रसाद लम्सालका अगुवाइमा बलराम चित्रकार, राधेश्याम भट्टराईसहितको टोलीले जुटाएको प्रमाण र गरेको अनुसन्धानले टट्कारो इतिहास बोलेको छ मैदीमा ।

गोर्खाबाट धपाइएका दलु शाहको दरबार यसै मैदीकोटमै थियो । हो, त्यही दलुको दरबारमै भएको हो रे पृथ्वीनारायण शाहको उपनयन संस्कार अनि गोर्खा छाडी मैदीमा नै किन भयो होला पृथ्वीनारायण शाहको उपनयन ? अहिले जस्तो यातायातका साधन थिएनन् । हिँडेर नै आउनुपर्थ्यो गोरखाबाट मैदी । रोचक छ इतिहास । कुरा के भएको रहेछ भने नरभूपाल शाहभन्दा माथिका युवराज र राजकुमारहरूलाई परम्परागत रूपमा मिश्र घरानाले मन्त्र सुनाउने काम गरिरहेका रहेछन् तर नरभूपाल शाहलाई भने गोकुल निवास पाण्डेले सुनाएका रहेछन् । यसैले पृथ्वीको उपनयनमा पनि पाण्डे खलकले नै मन्त्र सुनाउने चाह राखेका थिए । मन्त्र सुनाउनुको मतलब थियो दरबारमा हुने हालीमुहाली । शाह परिवारमा गुरु वंश फेर्नुहुन्न भन्ने कुरा पनि उठ्यो । मिश्र घरानालाई फेर्दा राम्रो नभएको तर्क पनि चल्यो । यसैले रानी (चन्द्रप्रभा) ले श्रीहर्ष मिश्रलाई बोलाएर मन्त्र सुनाउन लगाउने प्रबन्ध मिलाइन् तर गोर्खामै ब्रतबन्ध गर्दा पाण्डेहरूको बाधा खेप्नुपर्ने भयले रानी चन्द्रप्रभाले शिकारको बहानामा पृथ्वीलाई मैदीकोटस्थित दलु शाहको दरबारमा लगी व्रतबन्धको व्यवस्था मिलाएकी थिइन् । मैदी कोटमै खड्गदेवीको मन्दिर छ । त्यही मन्दिर नै दलु शाहको इष्टदेवी हो भनिन्छ । मैदीमा अर्यालको आगमन पुजारी, पुरोहित यस्तै यस्तै रूपमा दलु शाहसँगै भएको हो । अर्याल शब्द थिएन त्यति वेला । अर्ज्याल, अर्जेल हुँदै अर्याल भएको देखिन्छ । मैदीमा अर्यालहरू (हाम्रा पुर्खा) आएका कुराहरूलाई पुष्टि गर्न बिर्ता आदि प्राप्त गरेका कागजातहरूसहितका बलिया प्रमाणहरू फेला पर्छन् ।

नेपालभित्र बाहुनहरू कि पूर्वबाट कि पश्चिमबाट नेपाल पसेका हुन् तर हामी भने पश्चिमबाट पसेका होइनौं किनकि पूर्वीया बाहुन भन्ने हाम्रो पहिचान छ । नेपालको पश्चिमतिरबाट महाकाली नदीपारि कुमाउ र गढवालतिरबाट नेपाल पस्नेहरू कुमाइँ हुन् रे ! यसरी हेर्दा हाम्रो पुर्ख्यौली भूमि गोर्खा नै हो भन्ने पनि ठहर हुँदैन ।

हेक्का राख्नु भयो कि भएन, नराखेको भए यसबारे थेरै टाउको नदुखाउनुस्म खोलुवा दिन्छु- अमराई नेपालको एउटा गाउँ हो । यो गाउँ धादिङ जिल्लामा छ ।

धादिङको ससाहाबाट पश्चिमतिर लाग्नुपर्छ अमराई जान । मलेखुबाट धादिङको सदरमुकाम धादिङबेसी जाने बाटामै पर्छ ससाहा । ससाहाबाट अमराई जान पहिले टुप्पी कसेर हिँड्नुपर्थ्यो तर आज मोटरबाटो छ । बाटामा ग्राबेल बिछ्याइएका छन् । बर्खायाममा आज पनि त्यो बाटामा गाडी गुड्दैन । हुन त म थाहा पाउँछु मलेखुबाट धादिङबेसी जाने बाटो पनि पहिला ग्राबेल नै थियो । गाडी हिँड्ने बाटो भए पनि कतिपटक म लेफ्टराइट नै गरेको छु त्यस बाटामा । कति पटक त सामान लोड गरिएका ट्याक्टरका थाप्लामा बसेर पनि यात्रा गरिएको छ ।

ससाहादेखि अमराईसम्मका बाटामा मैदी भञ्ज्याङ, धौखोला, किँदेरी, हटिया भन्ने ठाउँ छन् । ससाहाबाट पश्चिमको सानो थुम्को उकालेर यात्रीलाई थरक मार्न लगाउँछ मैदी भञ्ज्याङ । पहाडका दुई चुलीका माझको घाटी भएकैले यसलाई भञ्ज्याङ भनिएको हो र मैदीतिर जाने मूल बाटामा भएकाले यसलाई मैदी भञ्ज्याङ भनिएको हुनुपर्छ । पहिला पहिला त्यो अनकन्टार बाटो हिँड्न धेरै डराउँथे । गौँडा ढुकेर मान्छे लुट्नेहरूले त्यो बाटालाई बदनाम गराएका छन् । म पनि कैयौँ पटक हिँड्दा डराएको छु त्यस बाटामा । कति पटक त असीनपसीन बन्दै सास नफेरी कुदेको छु । समय बदलिएको छ, कम्तिमा आज त्यो त्रासदीको न्यूनीकरण भएको छ । त्रासदीको निर्मूलीकरण भन्न मैले अझै सकेको छैन । मान्छेको लुटाहा प्रवृत्ति अझै सकिएको छैन । सायद यो मान्छे भन्ने जीव रहुन्जेल पृथ्वीमा रहिरहने स्थायी भाव हो ।

मैदी भञ्ज्याङबाट पश्चिमी पाखो झर्दा एकाएक एउटा मनमोहक फाँटले स्वागत गर्छ । त्यो फाँटैफाँट अघि बढ्दा पुगिन्छ धौखोला । धौखोलाको नामकरण कसरी भयो, भन्न सकिन्न । त्यो फाँटमा पहिला दुई बाली धान लगाउँथे । कसै कसैले गहुँ लगाएका हुन्थे । पहाडी क्षेत्रमा दुई बाली धान लगाउनेहरू समृद्ध भनी गनिन्थे । उनीहरूको रवाफ गाउँमा हेर्न लायक नै हुन्थ्यो । खोलामा पानी कम भएका वेला पानीले नभेट्ने ठाउँमा बर्खे धान मात्र लगाइन्थ्यो । आजकल समय फेरिएको छ । हिउँदमा फाँटभरि तरकारी लगाइन्छन् । किसानहरूको आम्दानी बढेको छ । कतिपयले तरकारीको आम्दानीबाटै आफ्नो केटाकेटीलाई राम्रो शिक्षा दिएका छन् । कतिपयले शहरबजारमा घरघडेरी पनि जोडेका छन् ।

एकापट्टि ढोला अर्कोपट्टि नलाङको पाखो लमतन्न पसारिएको छ । बीचमा बग्ने खोलाले छुट्याएको छ दुई वटा पाखालाई । नलाङको पाखापट्टिबाट खोलाको किनारै किनार ससाना बुट्यान भएका जङ्गल छेडेर अगाडि नै तन्किरहन्छ यात्रा । जङ्गल उराठलाग्दो छ । वनमाराको मिचाहा प्रवृत्तिले जङ्गललाई अझ बिरसिलो बनाएको छ । झ्याउँकिरीको एकसरो आवाजको नीरवतामा खोलाले कुलुकुलुको सङ्गीत भर्दा यात्रीले अलिकति त्राण पाउँछ । खोलापारि कताकति

ससाना फाँटले चियाउँछन् । खोलाको किनारै किनार तेर्सिंदै काटिने बाटो एउटा पाखाको नाकमा गएर ठोकिन्छ । त्यो ठाउँ नै किंदेरी हो । मेरो मन अलिकति उडान भर्न थाल्छ । म सोच्छु- 'किँदेरी' शब्दको मूल 'किनारा' र त्यही किनारा शब्दमा 'ई' प्रत्यय जोडिएर बनेको 'किनेरी' शब्द नै कालान्तरमा अपभ्रंश हुँदै किँदेरी बनेको होला ।

हिजो यात्रामा विकल्प थिएन आज छ । हिँड्नु पर्ने विकल्पमा गाडीहरू गुड्छन् । हिँडेरै यात्रा गर्नेहरूलाई किँदेरीको उकालाले बेस्सरी गलाउँछ । यो यदाकदा हिँड्नेहरूको कथा हो । तल ओर्लिएर खेतीपाती गर्नेहरूका लागि यो उकालो जीवनको एउटा निरन्तरता हो, अभ्यास हो । उकालो छ । जङ्गल छ । जङ्गलमा ठाउँठाउँमा चौताराहरू छन् । यी पहाडी जीवनका मीठा सम्झना हुन्, हाम्रा पूर्वजहरूका दूरदर्शी सोच हुन् । थकाइ मार्ने बिसौनी जहाँ हिँड्नेलाई एकछिन रोकेर चिसो बतास हम्कन्छन् चौताराहरू । ती चौताराहरूमा कतिले थरक मारे, कतिले पसिना सुकाए अनि कतिले ममता बिछ्याए कुनै लेखाजोखा छैन अनि ती कति वर्षदेखि ठडिएका छन् त्यसको हिसाबकिताब कसैले राखेको छैन । ती जिउँदा इतिहास बनेर पाखाभरि ठडिइरहेका छन्, ठिङ्ग उभिइरहेका छन् । मान्छेका विषालु आँखा नपरून्जेल ती यसैगरी उभिइरहनेछन् पाखाभरि अनि छाइरहनेछन् हेर्नेहरूका आँखाभरि ।

चौताराहरूको शृङ्खलाहरूकै बीचमा एउटा ढलेको यथार्थता साक्षात्कार हुँदा विश्वास नभए पनि विश्वास गर्नुपर्छ किनकि बाटामा ढलेर पनि जिउँदो छ एउटा विशालकाय वट वृक्ष । हामी त्यो 'ढल्या बर' देखेरै हुर्कियौं, त्यसका हाँगाहाँगामा सोइसालो खेलेरै मच्चियौं । ढलेर पनि जिउँदो बनिराख्न सिकाएको छ त्यसले । ढल्नासाथ ढल्ने सम्झनाभन्दा यो निकै गर्विलो छ, जीवन्त छ ।

बाटो त्यर्सो छ अब । अलिकति हिँड्नासाथ आइपुग्छ एउटा विद्यालय । होस समालेदेखि मैले देख्दै छु यसलाई । यसले वेलावेलामा नामको फुर्को भने फेर्दै आएको छ । यो कहिले अमरावती प्रा.वि. बन्यो त कहिले अमरावती नि.मा.वि. बन्यो । एकताका यो अमरावती मा.वि. र उच्च मा.वि. पनि बनेको थियो । हाल यसले उच्च मा.वि. को पगरी फुकालेर पुनः मा.वि. को पगरी गुथेको छ । मेरो औपचारिक गुरु बन्दा यो अमरावती प्रा.वि.को नामले व्यवहृत थियो । मेरा पिताजीले स्थापना गरेको विद्यालय । पिताजीको गौरवगाथा उहाँ नभएर पनि जिउँदो छ । पुराना मान्छेहरू प्रायःले शिवहरि गुरु भनेर पिताजीलाई चिन्छन् । उहाँकै नामबाट म पनि चिनिन्छु किनकि म मेरो गाउँमा बस्नुपर्ने जति समय बसेको छैन, मैले मेरो गाउँमा दिनुपर्ने र दिनसक्ने जति योगदान दिएको पनि छैन । पिताजीका नामबाट गाउँमा अनि जिल्लाभरि कैयौं पुराना मानिसहरूबाट

चिनिँदा असीम आनन्दको वर्षा हुन्छ स्मृतिमा किनकि आफ्ना पितापुर्खाबाट चिनिने सन्तानहरू भाग्यमानी हुन् रे ! विद्यालयका कुरा गर्दा म सम्झन्छु दण्डपाणि सर र बैदार माडसापलाई । उहाँहरू आज यो पृथ्वीतलमा हुनुहुन्न तर मेरा आरम्भिक शिक्षाका जगहरूमा उहाँहरूको अविस्मरणीय योगदान छ ।

विद्यालय छाडेर अलिकति अगाडि बढ्ना साथ देब्रेतिर गङ्गामानको पसलले स्मृतिमा खल्तीभरि मालागेडीको मिठाइ भरिदिन्छ । आजकल पाइने महँगा चकलेटहरूले पनि मालागेडीको तिर्सना मेटाउन सकेको छैन । बेच्न त गङ्गामानले धेरैथोक बेच्थे होलान् तर उनले बाल्यकालमा हामीलाई बेचेका मालागेडीको स्वाद कहिल्यै सकिएको छैन र सायद जीवन छउन्जेल सकिने पनि छैन । बीचमा ठूलो बाटो छ । बाटाका दायाँबायाँ बाक्ला घरहरू छन् । एउटा मनोरम गाउँले बस्ती जसलाई स्थानीय जनजिब्रोले हटिया भनेर बोल्छ । प्रायः त्यहाँ नेवार छन् । एकाध गुरुङ, क्षेत्री, बाहुनका घरहरू पनि छन् त्यहाँ । नेवार र गुरुङहरूले आफ्नो जातीय मातृभाषा त्यागेर नेपाली भाषालाई नै मातृभाषा बनाएका छन् । त्यहीँ छ गोपालमानको खुद्रा पसल । आज पनि म बाटामा खोजिरहन्छु गोपालमानका पसलमा किनमेल गर्न जाँदा झरेर हराएका कैयौँ डबलहरूलाई ।

मर्दलका घरअगाडि पुग्दा उनै कहाँ त्यतिवेला पालिएका कुकुरहरूले सातो खाएको स्मृति आज पनि जिउँदै बौरिएर आउँछ । आज मर्दल छैनन् र छैनन् उनका सातो खाने कुकुरहरू पनि । मर्दलको नाम के थियो आज पनि मलाई थाहा छैन । उनी महेन्द्र दल गणमा जागिर खान्थे रे ! महेन्द्र दल गणमा जागिर खाएकैले उनी मर्दल भए भन्ने सुनेको हुँ ।

मूल बाटामा घर भएका मूलबाटे दाइ, ठकुरी चौतारैनेर बसेकी जयन्ती दिदी अनि त्यहीँ बस्ने थाङ्ने न्यार (नेवार), बर्सौँदेखि पठनपाठनलाई नै कार्यक्षेत्र बनाएका केसी सर, श्रमशील मुखिया बा र ग्याँमी दाइ, सिरानघरे र गोपाल दाइ यी सबै स्मृतिमा छन् । गोपाल दाइ र थाङ्ने न्यारले धेरैपटक कुचाले ढाडमा ठोकेर कैयौँलाई सन्चो बनाए भने सिरानघरेले कसैको बिगार गरेनन् । उनी जेजति बाँचे आफ्नै एक्लो पाखुरीले बाँचे । म सम्झन्छु- मुखिया बाका बारीमा पाकेर बास्निएका नास्पातीका दानाहरू अनि लप्सीका ठूला ठूला रूखहरू । बाघमुर्छा देवीको मन्दिर जहाँ पुगेपछि आस्थाले शिर सदा निहुरिन्थ्यो । म सम्झन्छु- कान्छ्यामाले पकाएका सेलरोटीका स्वादहरू, उहाँले ओढाएका वात्सल्य र ममताका पछ्यौरीहरू । म सम्झन्छु कान्छोबाले प्रदान गर्नुभएको अभिभावकीय नेतृत्व । यसकारण पनि म कान्छोबा सम्झिरहन्छु कि कान्छोबा र मेरो उमेर अन्तर निकै भए पनि उहाँ मेरा असल साथीजस्तै हुनुहुन्थ्यो । त्यतिखेर यसबारे गहिरिएर हेर्ने दृष्टि थिएन तर अहिले सोच्दा लाग्छ- पुस्तान्तरको कमीले नै उहाँ र मेरा बीच यस्तो प्रगाढ आत्मीयता बनेको रहेछ । म बलराम दाइ र

भाउजूलाई पनि सम्झिन्छु अनि काले-बाङ्गेलाई पनि। काले-बाङ्गेका वास्तविक नाम मलाई आज पनि थाहा छैन तर उनीहरूलाई स्मृतिमा जिउँदो राख्न यो नाम नै काफी छ। उनीहरू जुवाका नामुद खेलाडी थिए, टाढाटाढाका मानिसहरू पनि उनीहरूलाई यही नामबाट चिन्थे। यसै नामबाट ती दुई पात्र मेराजस्तै धेरैका स्मृतिमा आज पनि जिउँदा छन्। यी र यस्तै सन्दर्भहरू झमझम बर्सिरहेका छन् स्मृतिमा। सम्झिएकाहरू धेरै कीर्तिशेष भइसके। कीर्तिशेष भएर पनि स्मृति विम्ब बनेर बसेकाहरू निश्चय नै म बाँचुन्जेल जिउँदा नै रहिरहनेछन्।

म त्यहीँ पुग्छु, जहाँ जीवनको प्रभाती काल मलाई डाक्छ। चनौटे पाटाको डिलमा लस्करै ठिङ्ग उभिएका लाँकुरीका बोटहरूमा सुरिलो खेल्दै टुप्पा ताकेका दिनहरू, टारी खेतका फाँटहरूमा गरागरा हाम्फाल्दै सिरानदेखि पुछारसम्म बुर्कुसी मारेका क्षणहरू, बूढो खनायोका फेदमा पाकेर बास्निएका खनायोका दाना खोज्दै हिँडेका पलहरू, काँडादार कटुसका झुप्पाहरू छोडाउँदा औंलामा घोचेर दुखेका प्रियतम दुखाइहरू, पहेँला डुमराईहरू खल्तीभरि भरेर सूर्यास्तपश्चात् पसिनै पसीना घरतिर उक्लिएका संझनाहरूले मन रसिलो भएर आउँछ। स्वतन्त्रता, स्वच्छन्दता र यायावरी सम्झनाहरू बाँसका तामा बढे झैं मनभित्र बढ्छन्। बारीका कान्लाभरि उभिएका डुम्रीका विशालताले डाक्छन्, कटहरका बोटहरूले नजिक आउन इशारा गर्छन्, कर्साको लटरम्म सुनौलिएका जामुनाहरूले कानेखुसी गर्छन्- जससँग मेरो प्रगाढ आत्मीयता थियो, हाँगा हाँगाले चिन्थे, पात पातले बोलाउँथे। छुट्टै नाम थियो, छुट्टै मान थियो, पुर्खाको नामले चिनिंदाको मज्जा। खासमा जीवनको अनुपम आनन्द थियो।

जालझेलले प्रवेश नपाएको गेल्माको मगर गाउँ, झपक्क झप्किँदै इतिहासको साक्षी बनेर शीतल पङ्खा हम्कने ठकुरी चौतारो, अकला र बाघमुर्छा माइका अघिल्तिर श्रद्धाले नुहेका शिरहरू, थुम्कोमा थुपुक्क सजिएकी अटल आस्थाकी देवी- खड्गदेवी, दक्षिणतिर पानीढलो बनेर सुतेको बाँसबोटे वन, धागो तानेजस्ता बाटोका दायाँ बायाँ लस्करै सजिएका हटियाका बेगिन्ती घरहरू। एकातिर ढोला, अर्कोतिर नलाङ- माझमा लुटुक्क निदाएको कोलडाँडा- तिकडमशून्य मानिसहरूको वस्ती, वस्ती वस्तीका सजीवता र जीवन्तता। आहा ! म आफैलाई बिर्सन्छु। कहिले म पाकेका तिँदू बन्छु, कहिले रूख रूखमा कटुस फुल्छु, कहिले लप्सी कहिले आँप अनि कहिले लहलहाउँदा तामाका मुना बन्छु। म धानका पहेँलपुर फाँट बन्छु। लिस्नेको उकालो अनि ओरालो पनि बन्छु। म अमराई बन्छु, मैदी बन्छु र बन्छु एउटा सिङ्गो नेपाल, जननी र जन्मभूमिको अनुपम पर्याय सुन्दर शान्त र विशाल।

टाँडी, चितवन।

---

# लकडाउन अनुभूति



समिना खनाल पृथा

प्रकृतिमय संसारलाई नजिकबाट नियाल्दा लाग्यो संसार भनेकै विविधताको सङ्गम हो । सबै चिज-वस्तु खुला राखेर आफ्नो भण्डारको संरक्षण र विनाश दुवै गर्ने अधिकार प्रकृतिले संसारमा रहेका प्राणीलाई नै सुम्पेकी रहिछन् । चेतनाको खेलले विकास र विनाश दुवै गराएको छ, जसको परिणाम आजको अवस्था हो । यसका लागि सबभन्दा बढी जिम्मेवार चेतनशील भनिएको मान्छे नै हुन्छ । जीवनको लगभग आधा शताब्दी पार गर्दैगर्दा संसार सधैं विचित्रमय भएर रहेको रहेछ भन्ने अनुभव गर्ने अवसर लकडाउनले जुरायो । सबै कुरा सधैं एकनासले चल्दो रहेनछ । हिजो नभएका जे जति आज भएका छन् ती सब नयाँ हुन्छन्, पुरानो कुरा कि विस्थापित हुन्छन् कि ओझेल पर्छन् र इतिहास बन्छन् ।

माधवप्रसाद घिमिरेले गौरी काव्यमा विफरका बुट्टा भनेर लेखिरहँदा विफरले पक्कै महामारीको रूप लिएको हुनुपर्छ । विफरलाई स्वीकार्दै र निर्मूल पार्दै अगाडि बढेको समाज, राष्ट्र र विश्व आज कोरोनासम्म आइपुग्दा कयौं किटाणुसँग पौंठेजोरी खेल्न भ्यायो होला । दादुरा, टाइफाइड, स्वाइनफ्लु, वर्डफ्लु, एच.आइ.भी., अर्वुदरोगलगायत कोरोनाले ठुलै रूप लेला जस्तो छ ।

हावा महसुस गर्ने कुरा हो, देखिने कुरा होइन, न छुन नै मिल्छ । कतिवेला बगेको हावाले कोरोना बोकेको हुन्छ र कति बेलाको हावा रोगरहित हुन्छ छुट्याउन गाह्रो भएको छ । हावासँग सक्रिय रहन्छन् रे कोरोनाका जीवाणु । आफू चाहिँ वायुसँग चलायमान रहिरहने यो जीवाणु चलायमान जीवन बाँच्ने मानव जीवन लगभग ठप्प भएर अघि बढिरहेको छ । सर्जक यसबाट अछुतो रहने कुरै भएन । परिस्थितिले दुवै उपहार दिन्छ नै सकारात्मक र नकारात्मक । जे होस् जीवनका पानाहरू पल्टाउने मौका यथेष्ट मिलेको छ । कहिलेकाहीं विगत पल्टाउन पनि मजै हुन्छ ।

मान्छे सधैं समस्यापूर्ण अवस्थाबाट गुज्रिएको नै हो, अहिले समस्या फरक किसिमले आएको न हो । हुन त समस्यासँगसँगै समाधान पनि आउँछ भनिन्छ । कुनै समाधान छिटो आउँछ कुनै अलि ढिलो गरी आउँछ । यसको पनि उपायको खोजी चलिरहेको छ । एकदिन अवश्य पत्ता लाग्नेछ यसको रोकथाम । मानिस आशावादी छ आशाले बाँच्न सिकाउँछ । त्यसैले त मानिस बाँचिरहेछ । स्वतन्त्रताको उपभोग गर्दै आएको मानव जीवनलाई कोरोनाको साङ्लोले बाँधिदिएको छ । आफ्नाहरूसँग चारभित्ताभित्र सिमित गराउन र आफ्नाको महत्त्व सिकाउने समय आएको होला सायद । पूर्वीय दर्शनले सिकाएका धेरै कुराहरू आजको समयसम्म आइपुग्दा सत्य सावित हुँदै गएको छ । नमस्कार गर्नु, आशौचमा बस्नु, मलामीबाट फर्केर नुहाएर सफा कपडा लगाएर मात्र घरभित्र छिर्नु, सुनपानी छर्कनु, गहुँत खानु आदि इत्यादि कुरा पक्कै पनि स्वास्थसँग जोडिएको हुनुपर्छ । प्रत्येक प्राणीलगायत प्रकृति पुजासम्मका कुराहरू साच्चै महत्त्वका विषय रहेछन् भन्ने कुरा प्रमाणित हुँदै गएका छन् । संसार चल्न प्रत्येक जीवजन्तु र वनस्पतिको आवश्यकता रहेछ भन्ने कुरा मानिसले बिस्तारै बुझ्दैछ ।

समय नरोकिएपछि उमेर रोकिने कुरै भएन नरोकिने उमेरले धेरै कुराको सङ्केत गर्छ । शिशुबाट बालक, बालकबाट युवा, युवाबाट प्रौढ हुँदै वृद्ध, यो नियमित कुरा हो । प्रकृतिमाथि विजय प्राप्त गर्न सकेको छैन मान्छेले । लकडाउन एउटा यस्तो अवस्थाको रूपमा भित्रियो विश्वमा, समय यथावत चलिरह्यो परिस्थिति फरक भएर उभियो । मान्छेसँग मान्छे प्रत्येकपल डराउन थाल्यो । हिजो मान्छेको चरित्रसँग मात्रै डराउँथ्यो मान्छे । जमघट, मेला, पर्व, होटेल, रेष्टुरालाई खुम्च्याएर घरभित्र सीमित गरिदियो । आफ्नाको स्नेहलाई फेरि एकपटक स्पर्श गर्ने मौका दियो । कुनै परिस्थितिले कतै जुटाउने काम गर्छ भने कतै अवसरबाट बञ्चित गराउने काम गर्छ । यस्तै भयो, भर्खर भर्खर एउटा तयारीमा जुटिँदै थियो । सार्क स्तरको एउटा साहित्यिक कार्यक्रममा सहभागिता हुने अवसर मिलेको थियो, जुन कार्यक्रम इण्डियामा हुँदै थियो । जो अनुभव बटुल्ने ठुलो अवसर थियो तर कोरोनाको कहरले लकडाउन निम्तियो । अवसर गुम्यो, अनुभव शून्य रहनपुग्यो । त्यसपछिका कार्यक्रमहरू क्रमशः आफ्नै मनभित्र प्रश्नको रूपमा रुमल्लिरह्यो ।

कोरोनाका कारण नयाँवर्ष २०७७ नलाग्नु पर्ने थिएन, लागि नै हाल्यो । समयले आफ्नो धर्म छोड्ने कुरै भएन । सधैं घरमा गरिने पूजा पनि भगवान्को सम्झनामा पत्रम् पुष्पम्मा टऱ्यो । यही नयाँवर्षलाई लक्षित गरेर एउटा आफ्नै पुस्तक निकाल्ने तयारी पनि थियो । कृतिमा दोस्रो तर पहिलो कथा सङ्ग्रह, यो पनि कताकता बाँधमा थुनिएको पानी जस्तै भएर रह्यो आवश्यकतामा खुल्ने, होइन भने थुनिएर बस्नुपर्ने । त्यसैले भनिएको रहेछ सोचेजस्तो हुन्न जीवन भनेर ।

प्रत्येक महिनाको त्यस्रो शनिवार आख्यान वाचन कार्यक्रममा सहभागिता जनाउँदै आइएकोमा त्यो पनि स्थगित भयो । रहरले होस् वा कहरले महिनाको एउटा केही न केही लेख्ने तयारी हुन्थ्यो जो छुट्यो । त्यसले गर्दा सङ्ख्यात्मक हिसाबले आख्यान लेखनमा आफैसँग पछि परियो । यात्रा थन्किएपछि सिर्जना पनि ओझेल पऱ्यो । सडकको माटो मेरो आफ्नो सिर्जनाको मूल, लकडाउनका कारण यात्रा स्थगित भएपछि माटोको स्पर्शले फुरिरहने मेरो सिर्जना पनि ओझेल पर्ने नै भयो । यात्राले मलाई चलायमान गराउँथ्यो । मसँगै मेरो कलम पनि चलायमान हुन्थ्यो । लाग्छ कलम पनि मलाई नै कुरिरहेछ । सजीव भए त्यसैले मलाई चलाएमान बनाउँथ्यो होला । त्यो आशावादी भयो म हुतिहारा भएँ कि जस्तो लाग्छ यो लकडाउनको समयमा ।

उमेर बढेर गए पनि मनभित्रको चाह त रहिरहँदो रहेछ । गान, बजानको रहर कतै मनैभित्र थन्किएर रहेको थियो । फुर्सद निकालेर मनभित्रको कुरालाई उजागर गरेर सिक्ने चाँजो मिलाउँदै थिएँ, हारमोनियममा औंला चलाउन सिक्ने वातावरण मिलाउँदा मिलाउँदै हारमोनियमको सारेगमभन्दा पनि कोरोनाको सारेगम ठूलो भएर मेरो गान बजान ओझेलतिर पऱ्यो । प्रत्येक ठाउँ प्रतिबन्ध लागे झैं भयो । समयभन्दा बलवान् के रहेछ र यहाँ ? साहित्य र सङ्गीतले आफैभित्र बाँच्न सिकाउँछ, त्यही मनन गरेर त्यतै लाग्दै थिएँ, परिस्थितिलाई मञ्जुर भएन सायद । दिन रात, बार महिना, ऋतु वर्ष गर्दै समयले आफ्नो धर्म नछाडे जस्तो प्रकृति प्रदत्त शरीरले पनि आफ्नो धर्म छोड्ने कुरै भएन । आफूले चलाउने शरीरका कलपूर्जा आफ्नो नियन्त्रणमा रहे पनि जन्मजात नै चलायमान शरीरका भित्री कलपूर्जाले कहिले आफ्नो धर्म छोडेनन् चलायमान हुन छोड्दै छोडेनन् जसका कारण पेटले खान माग्ने नै भयो । अति महत्त्वपूर्ण र जरुरी भनेकै त्यही रह्यो । जसलाई सधैं सँगै बोकेर हिंड्नुपर्छ । यो प्राकृतिक नियम हो । त्यसैले पेटलाई लकडाउन लाग्ने कुरै भएन । आवश्यकता आविष्कारको जननी हो । त्यसैले चल्नुपर्ने कुराहरूलाई चलाउँदै अघि बढ्नुको विकल्प हुने कुरै भएन । पेट पाल्न फरक ढङ्गले भए पनि दैनिकि चलाउनुको विकल्प रहेन ।

सधैं बाहिर निस्कनुपर्दा कहिलेकाहीं घर बस्न पाए पनि हुन्थ्यो भन्ने रहर वा चाह कोरोनाले राम्रै पूरा गरिदियो । सबै बेफुर्सदीहरूले फुर्सदमा रम्ने मौका पाएपछि घरपरिवारका सदस्यकै राम्रोसँग नियल्न नपाएको अनुहार राम्रैसँग हेर्ने फुर्सद मिल्यो । यथावत चलिरहेको परिस्थितिभन्दा फरक किसिमले चल्ने बित्तिकै नेपालीको खाद्यान्न थुपार्ने बानीले यो अवस्थामा पनि राम्रै भूमिका खेल्यो । राहत बाड्ने र लिनेको होडबाजी पनि ठाउँठाउँमा देखियो । संस्थागत हिसाबले मैले पनि यो कार्यमा सहभागिता जनाउन पाउँदा केही नयाँ ठाउँ देख्ने मौका पाएँ ।

संस्थाको कार्यक्षेत्र अन्तर्गत पर्ने अठारओटा स्थानीय निकायमध्ये ललितपुरका वागमती र महाङ्काल गाउँपालिका पुग्दा लाग्यो यो उपत्यकाभित्र पर्ने ठाउँ होइन । प्रकृतिले न्याय गरे पनि देशको बागडोर सम्हाल्नेहरूको आँखा पुग्न बाँकी रहे झैं लाग्यो । ती ठाउँ पुग्दा विकासको 'व' अझै ब्यूँझिन बाँकी छ झैं लाग्यो ।

लकडाउनले छोराहरूलाई अभिभावकसँग नजिक हुने मौका मिल्यो भने विवाहित छोरीहरूलाई आफ्ना आमाबाबुबाट भौतिक रूपमा टाढा राखिदियो । कसले के पाउँछ कसले के गुमाउँछ थाहै हुँदैन परिस्थितिलेगर्दा । उमेर पुगेका आफ्नाहरूलाई बिसञ्चो हुँदा अस्पतालसम्म पनि पुग्न नसक्दाको छटपटी साँच्चै कति पीडादायी हुँदो रहेछ, यसको अनुभूति पनि लकडाउनले गरायो । आफूले साधन चलाउन नजान्दा र ठाउँ नजिक नहुँदा आफ्नै मामालाई धेरै बिसञ्चो हुँदा पनि भेट्न जान सकिएन तर भगवान्को कृपाले मामा स्वस्थ हुनुहुन्छ । भगवान्प्रति कृतज्ञ छु । संसारबाट यस समयमा बिदा लिनेले कति मलामी गुमाए, विवाहबन्धनमा बाँधिनेले कति जन्ती । समयले लेखाजोखा गर्ला नै । समयलाई आफ्नै रफ्तारमा चल्ने त हो नि, कहिले पो कुरेको छ र भनिरहँदा साच्चै समय चलिरह्यो । फागुन सकियो, चैत, वैसाख, जेठ हुँदै असार पनि सकियो । छ छ महिनाको प्रगति विवरण बुझाउनु पर्ने कुरालाई आ होस् भन्दै थाती राख्दा विश्वविद्यालय खुल्ने टुङ्गो लागेन, पढाइ थन्कियो । ओझेल नपरे हुने कलम कापी पनि ओझेल पर्दै गए केही समयकोलागि भए पनि ।

शरीर त जस्तो बनायो त्यस्तै बन्ने हो, अल्छीअल्छी हुँदै गयो । सुताइ उठाइको समय बेथितिमा चल्न सुरु भयो । चल्नुपर्ने कुरा नचलेपछि आम्दानीको स्रोत पनि सुक्दै गयो र खर्च पनि कटौतीमा अघि बढ्यो । कुन कुरा प्राथमिकतामा पर्छ कुन पर्दैन भनेर जान्न पनि त मौका चाहिँदो रहेछ । प्राथमिकताका कुरा किनबेचमा पऱ्यो । बाँकी कुरा थातीमा रह्यो । अनावश्यक कुरा कति जम्मा गरिँदो रहेछ भनेर जान्ने अवसर मिल्यो, ती कुरामा त आँखै गएका रहेनछन् ।

कामको प्रकृति अनुसार कार्यालय पनि खोलियो । समय र दिन दुवै कटौती गर्दै सम्बन्धित व्यक्तिहरूलाई सेवा दिनुपर्ने कुरा पनि प्राथमिकतामा नै रह्यो । यो अवस्थामा स्वास्थ्यसेवामा कार्य गर्ने व्यक्ति परिवारको सदस्य हुँदाको पीडा छुट्टै रहने भयो । अस्पतालबाट आफ्नो काम सकेर घर फर्केका सन्ततिलाई छुन डराउनु पर्ने अवस्थाले मनमा एक किसिमको त्रास त रहिरहँदो रहेछ । घटनाक्रमले कहिले कहिले कस्तो विषय र क्षेत्रमा छोराछोरीलाई लगाइएछ भने झैं भयो । अस्पतालबाट बिरामीको रिपोर्ट नआउञ्जेल कोठामै थुनिनु पर्ने, खाएका भाँडा, लगाएका लुगासम्म पनि कैदीबन्दीको झै राख्नु पर्ने अवस्थाले त्रसित पनि बनायो । विधिको विधान कसले टार्न सक्छ र ? परिस्थितिसँग

सम्झौता गर्नुको विकल्प केही हुने कुरै भएन ।

परिस्थिति जे भए पनि समयले जस्तो ऐना देखाए पनि कर्तव्यले ढकढकाउने ढोका त सधैँ खुलै रहिरहँदो रहेछ । कोरोनालाई समयले घच्याट्न सक्ने कुरै भएन । जे हो सो यथावत चलिरहन्छ । मान्छे भएर संसारमा आउनु र संसारमा आएपछि बनेको सम्बन्धलाई व्यवस्थित गर्न बनेको सामाजिक नियमलाई पालना गर्नु पनि कर्तव्यभित्रै पर्छ । कोरोनाले कर्तव्यलाई पछाडि धकाल्न सक्ने कुरै भएन । जुन संस्थाहरूलाई चलायमान हुनुपर्ने बाध्यता थियो र निर्णयहरू समयसापेक्ष गर्नुपर्ने आवश्यक्ता थियो तिनले जुम प्रणालीमार्फत बैठक सञ्चालन गरेर भए पनि कामलाई सुचारु नै गरेँ । जसमा प्रविधिले साच्चै फड्को मारेको रहेछ भन्ने अनुभूत भयो । प्रकृतिले किनारा लगाइदिएको कुरा प्रविधिले जोडिदिएको छ । मान्छेसँग मान्छे डराए पनि प्रविधिले निर्भिक बनाइदिएको छ ।

समग्र मानव समुदायले भोगेको कुरामा को अछुतो रह्यो होला र ? परिस्थितिसँग सम्झौता गर्दै अधि बढ्नुको विकल्प कसैसँग पनि हुने कुरा भएन । आवश्यकताअनुसार जुम मिटिङ बस्दाको नौलो अनुभव भयो । नेटले दिने साथ र धोकाले पनि मिटिङ सहज र असहज बन्यो । मिटिङमा संलग्न व्यक्तिहरू कोही देखिन चाहने कोही आवाजमै सीमित रहन चाहनेहरू पनि भयौँ । जो आफैमा नौलो प्रयोग भयो । केही नगर्नेका कुरा भने जस्तै लक्ष्य त कहाँ पुग्नु थियो कहाँ तर लकडाउनले थचारिदियो भन्ने अवस्थामा पुगियो । एउटै सन्तानको विवाह पनि मन फुकाएर गर्न सकिएन । विधि गर्नलाई त केहीले छेकेन तर जजसकोमा गएर खाइएको थियो पैचो तिर्न पाइएन भने झैँ भयो । आमाका र मामाकासम्म पनि जुट्न नपाउनुको अभाव र खालीपनले विवाहको कार्य सम्पन्न गर्दा पनि के गर्दैछौं भने झै लाग्यो । समयले धैर्य गर्न सिकाए पनि कुर्न नसिकाए झैँ लाग्यो ।

समय जे जस्तो भए पनि प्रकृति यथावत हिजो जस्तै आज छ र भोलि पनि रहने नै छ । त्यसैले छोराको उमेरले एक दुई वर्ष असर नगरे पनि छोरीको उमेर ले वंश सञ्चालनको निम्ति ठुलै भूमिका खेल्छ । समय घर्किन लागेपछि विशेष अर्थ राख्ने उमेरलाई ख्याल गर्न लकडाउनको परवाह नगरी कर्तव्यको एउटा ठूलो फड्को मारियो, छोरीको लगनगाँठो बाँध्ने काम पनि सकियो । पैदल यात्राको बजार र सम्पर्कको किनमेल आवश्यकता परिपूर्तिका लागि मात्र भए । जो आफैमा फरक अनुभव थियो । जीवनको सबभन्दा ठूलो र कहिल्यै नदोहोरिने अनुभव यही नै रह्यो ।

परिस्थिति अनुकूल मान्छेले आफूलाई ढाल्न सिक्छ नै । अनुभवबाट बञ्चित हुनु, जुम मिटिङमा सहभागी बन्नु, आवश्यकता र चुनौतीलाई स्वीकार्दै

अघि बढ्नु त छँदै थियो र गरियो पनि तर हालसम्मकै लकडाउनको सबभन्दा ठूलो अनुभूति भनेकै साहित्यमा सहभागि हुन नपाउँदा कलमसँगै स्थगनमा परेका सिर्जना र आफ्नी एकमात्र सन्तानको विवाह जसलाई लकडाउन विवाह भनेर चित्त बुझाउन पर्ने वातावरण बन्यो जुन कुराको अनुभूति 'न भूत न भविष्य' नै भयो । न मेरो अर्को सन्तान छ, न धेरै वर्षपछि फेरि कोरोना झैं अर्को महामारी नै फैलिन्छ । जो अनिश्चित छ, जीवनमा सायदै फर्किएर आउँछ । कोरोनाको पर्दाले ओठको हाँसो ओझेल परे पनि यी दुई आँखाले मुस्कुराउन सिकेका छन् । मुस्कुराउन सिक्नु नै सबभन्दा ठूलो लकडाउनले दिएको उपलब्धी भयो ।

बत्तीसपुतली, काठमाडौं ।

---


# के तपाईंलाई थाहा छ ?

**हामी २०८० को**
**वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी टिप्पणीसहित**
**परिचय प्रकाशन गर्दछौं ।**
**त्यसका लागि**
**हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**
**mail:** shabdarthaprakashan@gmail.com
**web:** www.nepalipublsher.com

# सहस्राब्दी कार्यक्रममा अपहरित यात्रीसँग



**हरि थापा**

त्यो दिन एउटा ऐतिहासिक दिन थियो । जसले इस्वी संवत् १९९९ वर्षको अन्तिम दिन पार गर्दै थियो भने एक डेढ घन्टापछि सन् २००० को पहिलो बिहानीले धर्तीलाई चुम्बन गर्न गइरहेको थियो । नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावास परिसरमा दूतावासका कर्मचारीका बालबच्चाहरूले सन् १९९९ लाई दाहसंस्कार गरेर सन् २००० को जन्मोत्सव मनाउने कार्यक्रमको आयोजना गरेका थिए । जाडोको समय भएकाले बाहिर चौरमा ठूलाठूला मुडा जोतेर आगो बालिएको थियो । मतलब क्याम्पफायरको व्यवस्था गरिएको थियो । पालभित्र रहेका मेचहरू तान्दै आगोको वरिपरि बसेर फ्यान्टा, कोक, स्प्राइट तान्दै थियौं हामी । युएनको मोटरबाट खुत्रुक खुत्रुक झरे आठ दिन अपहरित भारतीय विमानमा बन्दी जीवन बिताएर फर्केका जनकलाल श्रेष्ठ र उनकी श्रीमती शान्ति श्रेष्ठ । सबैको ध्यान त्यतै आकृष्ट भयो ।

हामी सबैले दुवै दम्पत्तिलाई पुनर्जन्म प्राप्त गर्न सफल भएकोमा बधाई दियौं । बदलामा धन्यवाद हात पार्‍यौं । 'युएनडिपीको जागीर खाएर थुप्रै मानिसलाई विमानमा उडाएँ तर आफ्नी श्रीमतीलाई कहिले पनि विमानको यात्रा गराउन सकेको थिइनँ । बल्लबल्ल उडाएको यस्तो भयो ।' जनकलाल श्रेष्ठको गुनासो थियो । 'जिन्दगीमा पहिलो पटक प्लेन चढेको यस्तो भयो तर एउटा टिकटले धेरै ठाउँ पुगें । कहाँ कहाँ पुगियो ठाउँ भने थाहा भएन । खाली बसेको र उडेको मात्र थाहा हुन्थ्यो । कति पटक मरेजस्तो भयो भयो ।' आँखा आँसुमा पौडाउँदै श्रीमती शान्ति श्रेष्ठले पनि भन्नुभयो ।

उनीहरूका प्रत्येक भनाइले हामी सबैको मुटु छुन्थ्यो । अवरुद्ध भएर आउँथ्यो गला । शान्ति श्रेष्ठले घरमा छोराछोरीसँग टेलिफोनमा कुराकानी गर्दाको दृश्यले त झन् मेरा आँखालाई पनि नपौडाइ छाडेन । आँखाबाट धरधरी आँसुका धारा बगाउँदै टेलिफोनको ह्यान्डसेट कानमा जोडेकी शान्ति हलो सिवाय बोल्नै सक्नु भएन । उताबाट उस्तै रूवासासीको डाँको आएर बर्सिरहेछ उहाँको कानमा

अनि कसरी बोल्न सक्नु ? त्यो दृश्य सम्झँदा अहिले पनि गला अवरुद्ध भएर आउँछ मेरो । अलिबेरपछि सन्जय धिताल, रोजिना धिताल (पाठक), रोशन विक्रम दाहालहरू पनि आइपुगे । त्यसपछि हितकुमारी श्रेष्ठ (सवनम) आइपुगिन् । गजेन्द्रमान ताम्राकारको अभाव खड्कियो हामीलाई । उनी नै थिए भारतीय सञ्चार माध्यमका कुख्यात तस्कर र विमान अपहरणकर्तामा गनिएका नेपाली सिनेकर्मी । थुप्रै गाली खाएका थिए त्यसअघि उनले समाचारका भरमा । त्यस्तै आधा घन्टा जतिपछि उनी पनि आइपुगे एउटा मोटरमा बसेर । नीलमप्रसाद चापागाईं भने कता उछिटिए कता । भेटिनसम्म सकेनन् विमानस्थलमा स्वागतार्थ जाने दूतावासका कर्मचारीहरूले । जसमा नियोग उपप्रमुखको नेतृत्व थियो । आठै जना नेपाली यात्री सकुसल फर्किएकोमा खुसी थियो दूतावास परिवार । त्यति मात्र होइन, नेपाल नै खुसी थियो आफ्ना नागरिकहरू सकुसल पाउँदा ।

जाडोको समयमा दिल्ली कम चिसिन्न । कठाङ्ग्रिएको थियो कक्रक्क परेर । रातको आधाउधीमा नकक्रने कुरा थिएन पनि । त्यो कक्राइबाट आफूहरूलाई मुक्त गर्न बालिएका काठका गिँडहरूले निकै मद्दत गरेका थिए । ढाडले चिसोको अनुभूति प्रशस्तै बटुल्न परे तापनि ह्याकुल्ला भने मस्तसँग तताउँदै थियौं हामी ।

हामी उत्सुकता जाहेर गर्थ्यौं । उनीहरू अनुभूति पोख्थे हाम्रा उत्सुकता पुर्न । 'कस्तो अनुभव हुन्थ्यो त्यस वेला तपाईंहरूलाई ?' मैले सोधेँ ।

'खोइ के भन्नु । कति पटक मरियो मरियो । कुरा गरेर साध्य छैन ।' एक जनाले भन्नुभयो । जीवन र मृत्युको दोसाँधले धेरै पटक अलमल्यायो उनीहरूलाई । कहिले घन्टा, कहिले मिनेट गर्दै सेकेन्डसम्म पनि झर्थ्यो उनीहरूको आयु । दुई बजेसम्म माग पूरा नभएमा एक एक गरेर मार्दै जाने धम्कीदेखि लिएर तीस सेकेन्डभित्र विमान ध्वस्त पारिनेसम्मका धम्की सहनु पऱ्यो उनीहरूले ।

आफूभन्दा मोटोघाटो र बलियो मानिस देख्दा जसको पनि मन तर्सन्छ । अपहरणकारीहरू पनि मानिस नै थिए । उनीहरूको मन पनि त कहाँको ढुङ्गामाटोले बनेको थियो र ? उनीहरूकै भनाइअनुसार गजेन्द्रको शरीरले तर्सायो अपहरणकारीहरूलाई । उसको शरीरले मात्र होइन ऊ जस्ता थुप्रैका शरीरले तर्सायो उनीहरूलाई । त्यसैकारण पनि बलिष्ठ शरीर हुनेहरूले पाता कसिएर प्रथम श्रेणीमा बस्न बाध्य हुनु पऱ्यो ।

'तँ को होस् ?' भन्दै गजेन्द्रको कठालो समातेर उठाए ।

'म विदेशी हुँ ।' भन्दै आफ्नो परिचय दिए गजेन्द्रले । विदेशी भएर दुःख नपाउन चाहन्थे सायद उनी । उनीहरूले हिन्दीमा बोलेको र भारतीय विमान अपहरण गरिएकाले भारतीय नागरिकबाहेक अरूलाई विदेशी नागरिकको दर्जामा राख्ने गजेन्द्रको भनाइ सतप्रतिशत ठीक थियो तर 'नेपाली पनि कहीं विदेशी

हुन्छ ।' भनेर थचाऱ्यो गजेन्द्रलाई । जेहोस् नेपाली भएको कारण सिट छाड्नु परेन उनले । हिन्दी सिनेमा 'सोले'को अमजद खानको उपनाम पाए उनले' गब्बरसिंह ।

'मलाई ओ गब्बरसिंह ! तँ जोक सुना भन्थे उनीहरू । म जोक सुनाउँथें निर्धक्कसँग ।' नेपाली गब्बरसिंहको कथन थियो ।

'तपाईंलाई कठालोमा समातेर उठाएपछि नेपाली भन्ने चिनेर अन्यत्र नलगी जब त्यहीं बस्न दिए । तपाईंलाई नेपालीलाई केही नगर्ने रहेछन् भन्ने लाग्यो र तपाईं निर्धक्क हुनुभयो अनि निसङ्कोच तपाईं किस्साहरू सुनाउन थाल्नुभयो होइन ?' भन्ने मेरो सोधाइप्रति सकारात्मकता जाहेर गर्दै- 'एकदम ठीक भन्नुभयो हो' उनले भने ।

आठ दिन लामो विमानभित्रको बन्दी जीवन वास्तवमा बन्दी जीवनजस्तो थिएन उनीहरूका लागि । जसरी कारागारका बन्दीहरूलाई सताउने र दुःख दिने काम हुन्छन् कारागारहरूमा । त्यस्तो केही पनि थिएन त्यहाँ । एक प्रकारको पिकनिक थियो । खिस्साहरू सुनाएर रमिता गराइन्थ्यो । पारिवारिकता मौलाएको थियो । उच्छृङ्खलता थिएन कत्ति पनि । पारिवारिक अनुशासन थियो, सुरक्षा थियो । न कसैको सम्पत्ति लुटियो न त इज्जत नै । यति हुँदाहुँदै पनि एउटा कुरादेखि त्रसित थिए बन्दी यात्रीहरू । त्यो थियो कति वेला मरिने हो भन्ने त्रास । जबसम्म अपहरणको आठौं दिन (१९९९ को अन्तिम दिन) ले उनीहरूलाई साथ दिएन ।

आठ जना मुक्त नेपाली यात्रीहरूमध्येकी रोजिना धिताल भने सारै उदासीन देखिन्थिन् । उनको मन भने तर्सिरहेकै पाएँ मैले । भरखरै सञ्जय धितालसँग विवाह बन्धनमा बाँधिएर पाकिस्तानसम्मको यात्रामा जुटेकी रोजिनालाई के थाहा यसरी दाम्पत्य जीवनको शुभसन्ध्यामै विमानभित्रको आठ आठ दिन लामो बन्दी जीवन बिताउनु पर्ला भनेर । सम्भवतः पहिलो हनिमुन विदेश भ्रमणको अवसरमै अपहरणको अनुभूति बटुल्न पुगे यी दुई दम्पती ।

दिल्लीको राम्रो अस्पतालका चिकित्सकसँग जँचाएर औषधोपचार गरी आफ्नी श्रीमतीको जीवन लम्ब्याउने चाहना राखेर पहिलो पटक विमानको यात्रा गराउन पुगेका शान्ति श्रेष्ठका पति जनकलाल श्रेष्ठको ओठको कलेटी र सातो उडेको अनुहारले कसलाई नटिठ्याई छाड्दो हो ? मुख च्यापच्याप पार्दै आफ्नो अनुभव बताउँथे उनी । उता शनिवारदेखि सुरु हुने जाँचमा सम्मिलित भएर आफ्नो भविष्य सुधार्ने चाहना बोकेर आएका रोशनविक्रम दाहाललाई कति दिनसम्म तर्साउने हो माकल टोपी र माइकमा गुन्जने मानिसका आवाजहरूले । त्यस रमाइलो वातावरणमा पनि मित्र मोहनकुमार बस्नेतले लगाएको अनुहार मात्र देखिने टोपीले तर्साएको थियो रोशनलाई । तिनै अपहरणकारीको अनुहार

पढ्न पुगे उनी मोहन बस्नेतको माकल टोपी लगाएको अनुहारलाई र भनी पनि हाले- 'दाइ त्यो टोपी नलगाउनुहोस् न असाध्यै डर लाग्छ मलाई ।' कसैले माइकमा बोलेको आवाजले पनि तर्साउँथ्यो उनलाई । अगुल्टो झोसिएको मन बिजुली चम्किँदा पनि तर्सिने भएको थियो ।

सञ्जय धितालको बेथा आफ्नै ठाउँमा थियो । कति दिनसम्म पिरोल्ने हो तालेवान सरकारलाई दिनु पर्ने 'इन्डियन एयरलाइन्स आइसी ८१४ काठमाडौं दिल्ली उडान अपहरण' भनेर अङ्ग्रेजीमा लेखिएको संस्मरणात्मक उपहार र शरणार्थीहरूको सहयोगार्थ खरिद गरेर दिनु पर्ने औषधीको उपहारले । उनलाई यी दुई कुराको जिम्मा दिइएको थियो ।

विद्यालय बिदा भएकाले आफ्ना छोराछोरीका साथमा रमाइलोसँग बिताउन चाहेका दिनहरू विमानभित्र बन्दी भएर बिताउनु पर्दा हितकुमारी श्रेष्ठ (सबनम) लाई दुःख लाग्नु स्वाभाविकै हो । एकैछिन् बसेर बाहिर आफन्तकोमा बस्न गएकी सबनमसँग गफिने समय भने कमै मिल्यो हामीलाई । आठ दिनसम्म अपहरित विमानमा बन्दी जीवन बिताएका उनीहरूले दोस्रो जीवन पाएकोमा खुसीको सीमा थिएन । त्यही खुसीमा थपिएको सहस्राब्दीको कार्यक्रमले उहाँहरूको मन बहलाउन निकै मद्दत गरेको थियो ।

भोलिपल्ट अथवा भनौं सन् २००० को पहिलो दिनले अर्का छलिएका यात्रु नीलमप्रसाद चापागाईं होटेल सेन्टरमा बसेको कुरा पत्ता लागेपछि सम्पर्क गराइदिन आग्रह गरें उक्त होटेलका रिसेप्सनिस्टसँग । उनले मेरो लाइन जोडिदिए ।

'हेलो' उताबाट आवाज आयो ।

'नीलमजी बोल्नुभएको हो ?'

'हो, तपाईं को बोल्नुभएको ?' भन्ने टर्ररो स्वरले एक झापट दियो मेरो कानमा । सायद उनलाई अर्को अपहरणकारी लागें कि म ? त्यो भने उनै जानुन् । मैले आफ्नो नामसहित राजदूतावासबाट बोलेको भनेर उनको हालखबर सोधेपछि त झन् उनको पारो तात्यो ।

'के हुनु हालखबर, बेहाल छ नि ! तपाईंहरूले हामीजस्तालाई कहाँ वास्ता गर्नु हुन्छ र ? यत्रो विमान अपहरणजस्तो घटनाबाट मुक्ति पाएर आएको मानिसलाई राजदूतावासले कुनै वास्ता गरेन । जो पनि नेतामुखी न हुन् । म नेता अथवा नेताको मान्छे भएको भए हिजो मेरो विमानस्थलमा ठूलो स्वागत हुन्थ्यो । मैले पनि जानेको छु । यहाँ पत्रिकाले अन्तर्वार्ताका लागि समय मागेको छ । सब कुरा भनिदिन्छु । कन्दहार विमानस्थलमा सबै देशका प्रतिनिधिहरू पुगेका थिए । आआफ्ना देशको नाम लेखेको प्लेकार्ड बोकेर बसेका थिए । आआफ्ना नागरिकलाई स्वागत गर्न तर हाम्रो दूतावासको भने कोही थिएन त्यहाँ । आफ्ना

नागरिकमाथि यस्तो बेवास्ता।' यस्तै के के भनेर मलाई बोल्नै नदिई फलाक्नुसम्म फलाके उनले। थाहा नहुँदा उनका कुरा ठीक थिए। उनको ठाउँमा म नै भएको भए पनि त्यसै भन्ने थिएँ होला। यसमा म उनलाई दोष दिन्नँ।

'विमानस्थलमा तपाईंहरूलाई स्वागत गर्न नियोग उपप्रमुख नै जानुभएको थियो तर तपाईं भने भेटिनु भएन। उहाँहरूले तपाईंलाई निकैबेर खोज्नुभएको हो। तपाईं हिँडिसक्नुभएछ। तपाईंले पनि त यताउति हेर्नुपर्थ्यो। ठिकै छ। तपाईंलाई छाड्ने नियत होइन, छलिनु भएको हो। त्यसलाई बुझ्ने प्रयास गर्नुहोस्। तपाईं भरेको उडानबाट काठमाडौं जान सक्नुहुन्छ ?' मैले भनें।

'म भोलि मात्र जान्छु।'

'अनि हामीले केही गर्नुपर्छ कि ?'

'कुन्नि के गर्नुपर्छ। दूतावास नै जानोस्। बिरामी छु, औषधी खाइरहेको छु।' भन्दै आफूलाई बेवास्ता गरिएको गुनासो पोखे उनले फेरि पनि।

'अब तपाईंलाई कस्तो खालको सहयोग चाहिएको हो, त्यो त तपाईंले नभनी हामीले कसरी जान्ने त ? भन्नुस् न के गर्नुपर्छ ?' मैले सोधें।

'ठिकै छ, पऱ्यो भने भनौंला' भनेर फोन राखिदिए।

टेलिफोन वार्तामा निकै खरा र टर्रा लाग्ने चापागाई केही दिनपछि दूतावासमा भेट्दा भने नामजस्तै कन्चन मिजासिला नम्र लाग्यो मलाई। कुरा स्वाभाविकै हो, रिसको झोकमा कसले वेद पढ्छ र ? आठ जनामध्येमा जनकलाल श्रेष्ठ, श्रीमती शान्ति श्रेष्ठ र नीलमप्रसाद चापागाईबाहेक अरू पाँच जना सन् २००० को पहिलो दिन काठमाडौं गए। चार जना आरए २१८ डिको उडानबाट उडे भने रोशनविक्रम दाहाल नीलमप्रसाद चापागाईंलाई खोज्न जान परेका कारण ढिला भई आर.ए. २१८ बाट साँझ मात्र काठमाडौं पुग्न सके।

आइसी ८१४ का मुक्त यात्रीहरूका अनुसार भारत सरकारसँग वार्ता सफल भएपछि अपहृत विमानभित्र रमाइलो परिस्थितिको सृजना भयो। सबै बन्दीहरूको अनुहारमा खुसीको लहर छायो। पुनर्जन्मको अनुभूति बटुले सबैले। सबैका सामान फिर्ता गरिए। कसैको केही हराएको छ कि भनी हेर्न लगाइयो। कुनै समान नपुग भएमा तिर्न तयार भए अपहरणकारीहरू। सबैका सामानहरू जस्ताको तस्तै भेटिए।

बन्दी यात्रुहरूको ज्यान बच्नुमा तालेवान सरकारको ठूलो हात भएको बताउँदै तालेवान सरकारलाई उपहार दिनका लागि चन्दा सङ्कलन गरियो। बहत्तर हजार चानचुन सङ्कलित चन्दामध्ये एक जना भारतीय नागरिकलाई बीस हजार रूपियाँ दिएर एउटा खेलौना विमान किनी 'इन्डियन एयरलाइन्स आइसी ८१४ काठमाडौं दिल्ली उडान अपहरण डिसेम्बर २४, १९९९' लेखेर

तालेवान सरकारलाई उपहार पठाउन भनिएछ र नेपाली यात्री सञ्जय धितालालाई उनकै सुझावअनुसार बाँकी बाउन्न हजार चानचुन रूपियाँ शरणार्थीहरूको सहयोगार्थ अस्पताललाई औषधी खरिद गरी तालेवान सरकारलाई हस्तान्तरण गर्ने जिम्मेवारी सुम्पिएको रहेछ तर नयाँ दिल्ली विमानस्थल आइपुगेपछि भारतीय नागरिकले आफ्नो दायित्व पूरा गर्न नसक्ने असमर्थता जनाउँदै जे गर्नुपर्छ तैं गर म त सक्दिनँ भनी आफूले लिएको बीस हजार रूपियाँ पनि सञ्जयकै हातमा थमाइदिएपछि दोहोरो जिम्मेवारी थपिएछ सञ्जय धितालमाथि।

अपहरणकारीहरूले सबै बन्दी यात्रीहरूलाई विमानमा आठ दिनसम्म आफूहरूले जस्तो व्यवहार गरेको थियो सोही कुरा जस्ताको तस्तै अरूलाई बताइदिन आग्रह गरेको कुरा पनि बताए मुक्त यात्रीहरूले। पाँच अपहरणकारीहरू सबैसँग खुसीसाथ बिदा भएर हिँडे। आठ दिनपछि यसरी छुट्कारा पायो आठ सय बैसठ्ठी नियतिले र अपहरणको किस्सा समाप्त भयो।

राजदूतावासमा कार्यरत कर्मचारीका छोरीहरू सारिना थापा, कोपिला पाण्डे र आरती थापाको सक्रियतामा सन् १९९९ डिसेम्बर ३१ तारिखका दिन रात्रीभोजको आयोजना गरिएको थियो। यदि त्यस दिन उक्त कार्यक्रम नहुँदो हो त यो पङ्क्तिकारले यो संस्मरण ल्याउन सक्ने थिएन सायद। त्यसैले सारिना, कोपिला र आरतीलाई पोल्टा भरिभरिको धन्यवादसहित राम्रो काममा अग्रसर हुन सदा मन मात्तियोस्। यही मेरो शुभेच्छा नानीहरूलाई।

उक्त रात्रीभोजमा नियोग परिसरबाहिर बस्नुहुने पाँच परिवारहरूमध्येका नियोग उपप्रमुख श्री मदनकुमार भट्टराईको परिवार सम्मिलित हुनुहुन्थ्यो भने नियोग परिसरभित्र बस्ने प्रथम सचिव श्री धनसिंह कार्की, प्रथम सचिव श्री कालीप्रसाद पोखरेल, द्वितीय सचिव श्री भृगु ढुङ्गाना, तृतीय सचिवहरू क्रमशः श्री मोहनकुमार बस्नेत, श्री गङ्गाराम पाण्डे, श्रीमती रूनुनू चापागाई, सहचारीहरू श्री हरिकुमार थापा, श्री लव सुवेदी र यो लेखकका सपरिवार उपस्थित थियौं। उक्त रात्रीभोजको कार्यक्रममा ठीक रातको बाह्र बजे श्रीमती अम्बिका भट्टराईले केक काट्नुभयो। यसरी सन् १९९९ बिदा गरी सन् २००० को स्वागत गरियो।

उक्त रात्रीभोजमा सम्मिलित श्रीमती शान्ति श्रेष्ठले आठ दिनसम्म बन्दी बनेर कुँजिएका आफ्ना खुट्टाहरू नाची नाची तन्काउनुभयो। सबै महिलाहरू उफ्री उफ्री नाचेको दृश्यले मादलको तालमा रत्यौली खेलेको झझल्को ल्याउँथ्यो आँखामा झल्झली। यसरी रमाइलो कार्यक्रमका साथ बित्यो सन् १९९९ को अन्तिम रात भने खुसियालीका साथ सुरु भयो सन् २००० को बिहानी।

त्यसै अवधिमा भएको जर्मन विमान अपहरणको प्रयास असफल भएपछि भारतीय विमान अपहरणको घटनाले शताब्दीको अन्तिम विमान अपहरणको

उपाधि पाउन सफल भयो । उता शताब्दीको अन्तिम विमान दुर्घटनाको पीडा भने नेपालले व्यहोर्नु पर्‍यो । सात जना यात्रु बोकेर सिमराबाट काठमाडौंका लागि उडेको स्काइलाइन एयरवेजको विमान दुर्घटनामा तीन जना चालक दलका सदस्यसहित दशैजनाले ज्यान गुमाउनु पर्‍यो । शताब्दीको अन्तिम विमान दुर्घटना र विमान अपहरणको घटना दुवै नेपालमै घट्न पुगे । अपहरित विमान र दुर्घटनाग्रस्त विमानका गरी एघार जनाको नियतिलाई स्वीकार्न अनिच्छुक सहस्राब्दीले कतिको नियतिको पार लगाउने हो त्यो भने हेर्न बाँकी नै छ ।

▪▪▪

# रमाइला दिन



**आर्या घिमिरे**

म सानी थिएँ । त्यति वेला म तोते बोलीमा बोल्थें । मलाई सम्झना छ, एक दिन म मेरी ठूलीआमाको हात समातेर मामाघर गइरहेकी थिएँ । मैले बाटोमा एउटा कुकुर सुतिरहेको देखें । मैले आफ्नो औंला कुकुरतिर देखाएर तुतुल भनें । ठूलीआमाले तुतुल हैन छोरी कु..कु..र.. भन्नुभयो । मैले फेरि तुतुल भनें । ठूलीआमाले हाँस्दै कुकुर भन्नुभयो । मैले ठूली आमाको जस्तै कुकुर भन्न खोज्थें तर तुतुल नै हुन्थ्यो । अहिले सम्झँदा रमाइलो लाग्छ ।

पक्कै पनि ठूलीआमाले पनि मेरो तोते बोली सुन्न रमाइलो मानेर मलाई बारम्बार तुतुल भन्न लगाएको हुनुपर्छ ।

आजभोलि पनि बाटोमा कुकुर देखेपछि मलाई आफूले कुकुर बोल्दा तुतुल भएको शब्द र ठूलीआमाको अनुहार सम्झना आइरहन्छ ।

▪▪▪

पुछारको पातो

# संस्मरणको सैद्धान्तिक विमर्श



डा. रमेश शुभेच्छु

### विषयप्रवेश

साहित्यका प्रमुख चार विधामध्ये निबन्धको आत्मपरक भेदमा रही सूक्ष्म आख्यान पनि ग्रहण गर्ने निबन्धात्मक उपविधाका रूपमा संस्मरणको विकास भएको हो । यसमा स्मृतितत्त्व सबै भन्दा प्रधान भएर रहन्छ । यस विधामा प्रत्यक्ष अप्रत्यक्ष परिवेश रहनका साथै म पात्रको र अन्य पात्रको पनि भूमिका प्रधान रहन्छ । यस विधाको प्राचीन श्रुति स्मृति परम्परामै पृष्ठभूमि फेला परेको भए पनि आधुनिक कालमा आएर निबन्धात्मक उपविधा वा आख्यानेत्तर गद्य विधाका रूपमा विकास भएको हो । यस आलेखमा संस्मरण विधाको सामान्य सैद्धान्तिक अनुचिन्तन गरिएको छ । यस आलेखलाई संस्मरणको शाब्दिक एवम् पारिभाषिक अर्थ, निबन्धात्मक उपविधाका रूपमा संस्मरण, संस्मरणका तत्त्वहरू जस्ता मूल तीन पक्षमा केन्द्रित गरिएको छ । यिनै तीन पक्षको सैद्धान्तिक आधार प्रस्तुत गरी संस्मरणको पहिचानमूलक निष्कर्षण गरिएको छ ।

### संस्मरणको शाब्दिक एवम् पारिभाषिक अर्थ

सोझो अर्थमा संस्मरण अतीतको सम्झना हो । संस्मरणको पारिभाषिक अर्थ स्मृतिप्रधान साहित्यिक उपविधाका रूपमा र शाब्दिक अर्थ विगतको सम्झनाका रूपमा स्थापित छ । यसको शाब्दिक अर्थ सम्झना हो र साहित्यिक अर्थ सम्झनामा आधारित कलात्मक लेखोट वा निबन्ध हो ।

शाब्दिक दृष्टिले संस्कृत भाषाको सम्झना अर्थ वहन गर्ने 'स्मृ' धातुमा 'ल्युट्' प्रत्ययसँगै 'सम्' उपसर्ग लागेर बनेको 'संस्मरण' व्युत्पन्न संस्कृत शब्द हो । यसलाई स्मृति, याद, संस्मृति, झल्को, झझल्को, ख्याल, सम्झना जस्ता

पदबाट चिनाउन सकिन्छ । यो शब्दलाई अङ्ग्रेजी भाषामा प्रयोग हुने मेमोर, मोमोरी, कन्फेसन जस्ता पदले बुझाउन र चिनाउन सक्छन् । लेखकका मनमा स्मृतिमा आएका कुरालाई लेख्ने विधाका रूपमा संस्मरणको परिचय स्थापित छ ।

नेपाली साहित्यमा संस्मरण विधालाई आत्मकथा, नियात्रा, दैनिकी, रेखाचित्र आदि निकट राखेर हेरिन्छ । यी सबै किसिमका रचनाहरू एक किसिम निबन्धात्मक उपविधा हुन् भन्ने विश्वास गरिन्छ । यसमा सम्झन लायक व्यक्ति, वस्तु, ठाउँ, दृश्य, घटना, अनुभूति, कल्पना, प्रभाव, अवस्था, प्रकृति, चालचलन, समाज, संस्कृति, व्यवहार, परम्परा, मान्यता, बोलीवचन, आचरण, क्रिया आदि विविध पक्ष विषय बन्न सक्छन् । यी बहुविद् पक्षलाई विषय बनाएर लेखकले आत्मपरक शैलीमा संस्मरणात्मक निबन्धको सिर्जना गर्न सक्छ । यसमा स्मृति वा सम्झना पक्षको निकै ठूलो भूमिका रहन्छ । वर्णन गरिने विषयमा लेखक यसका माध्यमबाट पूर्ण रूपमा मिसिएको हुन्छ । अनुभूति मिश्रित भावना प्रयाप्त मात्रामा प्रयोग गरिने हुँदा यो कविताका हाराहारीमा आउँछ र आत्मवृत्तान्तका निकट रहेको देखिन्छ (पन्त, २०७९, पृ. ४४२) । यसरी हेर्दा संस्मरणको पारिभाषिक अर्थ साहित्यिक उपविधाका रूपमा र शाब्दिक अर्थ सम्झनामा आधारित लेखका रूपमा स्थिर बनेको छ ।

शाब्दिक र पारिभाषिक दृष्टिले हेर्दा संस्मरणको सम्बन्ध अनुभूति प्रधानताले कविता निकट र संस्मरण वा विगतको प्रस्तुतिका प्रधानताले आत्मकथा निकट हुने हुन्छ । यी पक्षले संस्मरणको साहित्यिक उपविधात्मक पारिभाषिक अर्थ र विगतको सम्झना भन्ने शाब्दिक अर्थ प्रधान बनेका छन् ।

**निबन्धात्मक उपविधाका रूपमा संस्मरण**

निबन्धको वर्गीकरण विभिन्न कोणबाट गर्न सकिन्छ । निबन्ध रचनालाई पाश्चात्य साहित्यमा दुई भागमा वर्गीकरण गरिएको छ– आत्मपरक र वस्तुपरक भनेर । यसै मूल वर्गीकरणलाई आजसम्मका निबन्ध चिन्तक र अनुचिन्तकले मान्दै आएका छन् । यस वर्गीकरणलाई टेकेर हेर्दा आत्मपरक भेदका रचनालाई तारानाथ शर्माले आफ्ना एक किसिमका रचनामा प्रयोग गरेको प्रबन्ध स्वरूप माने पनि हुने देखिन्छ । ईश्वर बरालले आत्मपरक र वस्तुपरक दुई भेदलाई मान्दै ती दुई भेदमध्ये आत्मपरक भेदलाई फेरि तीन उपभेदहरूमा बाँडेका छन् । उनले वर्गीकरण गरेका ती तीन भेदहरू वैयक्तिक, भावात्मक र विचारात्मक हुन् । संस्मरणलाई निबन्धको उपविधा मान्दा यहीँ कतै संस्मरणात्मक निबन्ध समेटिन सक्छन् ।

बरालले  निबन्धको वर्गीकृत व्याख्याका क्रममा वस्तुपरक भेदलाई चाहिँ दुई उपभेदमा बाँडेका छन् । ती दुई उपभेदहरू वर्णनात्मक र विरणात्मक हुन् । संस्मरणलाई वस्तुपरक निबन्धका नजिक राखेर हेर्न पनि सकिन्छ । यद्यपि वर्णनात्मक

र विवरणात्मक शैली आत्मपरक र वस्तुपरक दुवै निबन्धमा प्रयोग हुन सक्ने खालका पनि छन् । यसैले होला बङ्गला साहित्यमा वस्तुपरक निबन्धलाई वस्तु तत्त्व प्रधान र आत्मपरक निबन्धलाई अन्तरानुभूति तत्त्वप्रधान भनेर दुई भागमा मात्र विभाजन गरिएको । वास्तवमा सैद्धान्तिक मूल्यहरू पनि सिर्जनाका बलमा हुने हुँदा हामी आत्मपरक र वस्तुपरक भेदमै सीमित छौँ ।

निबन्ध रचनाको शिल्प विधानलाई ध्यानमा राखेर नै निबन्धको वर्गीकरण हुँदै आएको छ । यस परम्परामा निबन्धलाई मोटामोटी चार भेदमा वर्गीकृत गर्न सकिन्छ । आज ज्ञान विज्ञान, कला, संस्कृति, दर्शन र परम्पराका अनेकौ फाँटलाई निबन्धले समेट्दै समेट्तै आएको छ । जतिसुकै पृथकीकृत विशेषता देखाए पनि अन्य विधा भनिने सबै सबै नयाँ विधाहरू विस्तारै निबन्धका आँतमा समेटिन सक्ने देखिएका छन्। शिल्पगत आधारमा निबन्धात्मक रचनाका बान्कीहरू मोटामोटी व्याख्यातत्त्व प्रधान (Narrrative), वर्णप्रधान (Discriptive), भावतत्त्व प्रधान (Crtical expratory) र तर्कतत्त्वप्रधान (Argumentetive) देखिन्छन् । यस्तो वर्गीकरण शिल्प पक्ष केन्द्रित वर्गीकरण हुन सक्छ तर निबन्धले आख्यान नलिने हुँदा शिल्प नै यसको वर्गीकरणको आधार हो । त्यसरी नै विधागत मूल्यका आधारमा निबन्धलाई बालकृष्ण पोखरेलले गरेको वर्गीकरण स्मरण योग्य छ । उनले धर्काचित्र (Sketch), नियात्रा (Travel accougt), रूपबन्ध (Dramatic) भनेर चिनाएका छन् । विष्यवस्तु वा वस्तुलाई लेखकका आात्मप्रतिपादनका सीपमा गालेर सिर्जना गरिने निबन्ध आत्मपरक निबन्ध हो र वस्तुलाई वस्तुकै रूपमा प्रतिपादन गरिएको निबन्ध वस्तुपरक हो । यही केन्द्रबाट हेर्दा संस्मरणमा लेखकीय अनुभूति बढी हुने भएकाले यो आत्मपरक निबन्धको प्रकार विशेष हो र यसको विषयवस्तुचाहिँ अतीतको स्मरण हो ।

निबन्ध चिन्तनगत सर्वेक्षणका आधारमा हेर्दा भारतीय निबन्ध चिन्तक खेलचन्द्र आनन्दको वर्गीकरणले संस्मरणलाई निबन्धकै उपविधाका रूपमा देखाउँछ । उनले निबन्धकै भेदमा राखी संस्मरणलाई दुई प्रकारमा वर्गीकरण गरी प्रस्तुत गरेका छन् । उनकाअनुसार : १) कुनै अर्को व्यक्तिको स्मृति सन्दर्भलाई चित्रण गर्ने संस्मरण र २) आत्मवृत्ति निरूपक आत्मसंस्मरण गरी दुई प्रकारका हुन्छन् (सन् १९७४, पृ. १३१) । यी दुवै भेद संस्मरणप्रधान निबन्धका भेद हुन् ।

विहङ्गम दृष्टिले संस्मरण र आत्मकथाको झिनो मात्र अन्तर देखिन्छ । निबन्धको परिवेशका विषयमा उचि चर्चा गरिँदैन तर संस्मरणमा परिवेशका सम्बन्धमा पनि चर्चा गर्नुपर्ने हुन्छ । निबन्धका सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रता र भाषागत प्रौढता एवम् चमत्कृति प्रधान रहन्छ र यो संस्मरणमा पनि लागू हुन्छ । यसो भए पनि संस्मरणमा पात्रको र परिवेशको पनि प्रधानता देखिन थाल्छ । भाव, विचार र तर्कका आधारमा कुनै संस्मरणकारले आफ्ना विगतका घटनालाई प्रस्तुत गरिरहेको हुन्छ । त्यस क्रममा उसले सचेततापूर्वक सम्बन्धित समाजको

शासन, धर्म र संस्कृतिसापेक्ष मूल्यका सुकृति र विकृतिका प्रशंसा र आलोचना, व्यङ्ग्य र समर्थन आदि गरिरहको हुन्छ । यहाँ भौगोलिक, प्राकृतिक र अन्य परिवेश पनि संयोजित बनिरहेको हुन्छ ।

नेपाली संस्मरण परम्परामा आलोचनाको प्रवृष्टि ज्यादै कम देखिन्छ । त्यसै गरी विम्ब र प्रतीकसहितका अभिव्यञ्जना सामर्थ्य पनि कलात्मक वा वैचारिक निबन्धका तुलनामा संस्मरणमा कमै देखिन्छ । त्यसो भए पनि कुनै संस्मरणले प्रतिवेदनबाट साहित्य बन्न तिनको उच्च्व कलात्मक प्रयोगको अपेक्षा गरिरहेको हुन्छ । लेखकले देखे भोगेका विषयवस्तुमा केन्द्रित भावतरङ्गहरू, त्यसबाट सिर्जित सुमधुर झिल्का र मानवीय मनोवेगका गतिशील कणहरू संयोजित बनी संस्मरणका सिर्जनात्मक सूत्र बनेका हुन् । ती ज्यादै सूक्ष्म हुन्छन् तर तिनलाई जोड्दै जाँदा आत्मकथा वा कथाजस्तो आख्यान चूर्ण पनि विकास हुने हुनाले तिनलाई संरक्षित गर्दै निबन्धात्मक प्रस्तुति दिने क्रममा संस्मरणको जन्म हुन्छ । सम्भवत यसै मूल्यलाई हेरेर पारसमणि प्रधानले'संस्मरणलाई जीवनचरित वा आत्मचरितकै छोटकरी रूप' मानेका छन् (सन १९६९, पृ. ८३) । उनले निबन्धको वर्गीकरण गर्दा जीवनी, संस्मरण, दैनन्दिनी, रेखाचित्र, पत्रलेखन, यात्रा वर्णन, शिकार वर्णन, रिपोर्ताज, अन्तर्वार्ता, गद्य गीत, व्यङ्ग्यविनोद र गपसप भनेर निबन्ध परिवारमा पर्ने १२ उपविधा देखाएका थिए (सन् १९६९, पृ. ७८) यी र अरू पनि अग्रजका निबन्ध चिन्तन र वर्गीकरणले संस्मरणलाई निबन्धात्मक उपविधा वा निबन्धकै एक ढाँचाकाँचा विशेषका रूपमा चिनाउँछन् ।

नेपाली साहित्य र विश्वसाहित्य परम्परामा पनि संस्मरण र आत्मकथाका सीमा नरहेको र रहेको चिन्तन अनुचिन्तन हुँदै आएको छ । यस सन्दर्भमा मर्टिन ग्रेले संस्मरणलाई वितेका घटना, विषय, प्रसंग वस्तु र महत्त्वपूर्ण कुराको उल्लेख, भनाइ वा लेखाइ मानेका छन् । उनका अनुसार व्यक्ति लेखकले इमानदारीपूर्वक आफ्नो जीवनमा घटेका घटना र तिनले पारेका प्रभावहरू मनको कुनामा सञ्चित बनेर रहेका र तिनलाई पाठकसामु इमानदारीपूर्वक प्रस्तुत गरिएको आत्मकथात्मक ढाँचामा लेखिएको रचना संस्मरण हो (सन् २००८, पृ. १७२) । उनका दृष्टिमा लेखकका मनभित्र सञ्चित विगतमा भएका घटना र तिनका प्रभाव लेखनका माध्यमबाट इमानदारीपूर्वक पाठकसमक्ष राखिदिनु नै संस्मरण हो । ग्रेको चिन्तनले निबन्ध र आत्मकथाका बिचमा उति धेरै अन्तर देखाउँदैन ।

नेपाली साहित्य परम्परामा आत्मसंस्मरण वा संस्मरणको अभ्यास र विमर्श बाक्लै भइरहेको छ । यस सन्दर्भमा दुई अग्रज समीक्षक एवम् चिन्तकका चिन्तनलाई अगाडि सार्नु र यस विधाको स्वरूप बुझ्नु सान्दर्भिक हुन्छ ।

१) साहित्यशास्त्री वासुदेव त्रिपाठीका अनुसार संस्मरणलाई यसरी चिनाउन सकिन्छ :

आत्मजीवन प्रवाह वा आफ्नै जीवनयात्राका केही क्षण, सन्दर्भ, प्रसङ्गका पक्षलाई मात्र संस्मरणका अँजुलीमा उभाएर कथन गरिन्छ भने त्यो लघु कृति निजात्मक संस्मरणका फुटकर वा लघु रूपमै सीमित र त्यो संस्मरण र आत्मकथाको एक भाग जस्तो नै हुन पुग्दछ । (२०५५, पृ. ४३)

२) समीक्षक एवम् निबन्धशास्त्री र निबन्धकार राजेन्द्र सुवेदीकाअनुसार संस्मरणलाई यसरी चिनाउन सकिन्छ :

साहित्यका प्रमुख विधाहरूमध्ये निबन्धको आत्मपरकतासँग साधर्म्य निर्वाह गर्ने तर निबन्धको भन्दा केही स्थूल आख्यान अवलम्बन गर्ने प्रविधा संस्मरण हो । स्मृतितत्त्वको विशेषतामा जीवन्त रहने, परिवेश र पात्रतामा निर्भर रहने आख्यानेत्तर विधाको एक सबल प्रविधाका रूपमा स्थापित बनेको साहित्यिक रचना निसंस्मरण प्रविधा हो । (२०६८, पृ. ४०८-४०९)

केही विमर्श र खास खास चिन्तकका चिन्तनहरूको सर्वेक्षणबाट संस्मरणको स्वरूपलाई केही बुँदामा समेट्न सकिन्छ । त्यस्ता बुँदाहरू यसप्रकार छन् :

- वितेका घटना, विषय, प्रसङ्ग वस्तु र महत्त्वपूर्ण कुराको उल्लेख गर्ने विधा,
- स्मृतिमा आधारित सिर्जनात्मक विधा,
- लेखकका जीवनमा घटेका घटना र तिनले पारेका प्रभावहरूको प्रस्तुतिप्रधान विधा,
- आत्मकथात्मक ढाँचामा लेखिएको रचना,
- निजात्मक संस्मरणमा आधारित फुटकर वा लघु रूपमा प्रस्तुत हुने सिर्जना,
- आत्मकथाको एक भाग जस्तो निबन्धात्मक रचना,
- निबन्धको आत्मपरकतासँग साधर्म्य निर्वाह गर्ने रचना,
- निबन्धको भन्दा केही स्थूल आख्यान तत्त्व अवलम्बन गर्ने प्रविधा,
- स्मृतितत्त्वको विशेषतामा जीवन्त रहने रचना,
- आंशिक परिवेश र पात्रतामा निर्भर रहने आख्यानेत्तर गद्य विधाको रचना आदि ।

**संस्मरणका तत्त्व**

आत्मकथा-संस्मरण निबन्धात्मक उपविधा भए पनि यसमा विषयवस्तु, विचार, दृष्टिविन्दु र भाषाशैली जस्ता तत्त्व मात्र प्रधान रहँदैनन् । यस निबन्धात्मक प्रविधाले आख्यानका र अन्य विधाका पनि कतिपय तत्त्वहरूलाई आफूमा गर्भित गरेको देखिन्छ ।

नेपाली निबन्धशास्त्री राजेन्द्र सुवेदीले संस्मरणका आन्तरिक र वाह्य तत्त्वको चर्चा गरेका छन् । उनले अगाडि सारेका संस्मरणका आत्तरिक तत्त्वहरू स्मृति, श्रुति, ज्ञान, द्वन्द्व, उद्देश्य र सन्देश हुन् (२०६८, पृ.३९९) । यी तत्त्वले संस्मरणका सिर्जनामा सूक्ष्म उपकरणका रूपमा काम गरेका हुन्छन् । सुवेदीले

अगाडि सारेका बाह्य तत्त्वहरू : विषयानुस्यूति, भोक्ता, परिवेश, दृष्टिविन्दु, विमिश्रणका साथै भाषा र शैली हुन् (२०६८, पृ.४०१) । यी तत्त्वको संयोजित प्रयोग स्रष्टाले गर्न सके मात्र संस्मरण प्रबल हुने सुवेदीको ठहर छ । सूक्ष्म दृष्टिले यी आन्तरिक र वाह्य तत्त्वको प्रयोग संस्मरणका स्रष्टाले कुनै न कुनै ढङ्गले गरिरहेको हुन्छ ।

सुवेदीले अगाडि सारेका उक्त तत्त्व सबै संस्मरण तत्त्व मात्र नभएर अन्य विधा वा निबन्धात्मक प्रविधाहरूका साझा तत्त्व जस्ता देखिन्छन् । मोटामोटी रूपमा संस्मणका तत्त्वहरू : विषयवस्तु, पात्र (भोक्ता), परिवेश, दृष्टिविन्दु, स्मृति, भाषाशैली उद्देश्य वा सन्देश हुन् । यी तत्त्वहरूमध्ये पात्र र परिवेश आख्यानात्मक तत्त्व हुन् भने अरू निबन्धात्मक तत्व हुन् । स्मृति वा पूर्वज्ञान संस्मरणको मूल परिचायक तत्त्व हो । संस्मरणका प्रमुख तत्त्वहरूको थप सारभूत चर्चा तल गरिएको छ ।

**विषयवस्तु**

संस्मरण स्रष्टाका जीवनका विगतका घटनासंबद्ध अभिलेखन हो । संस्मरणले लिने विषयवस्तु लेखककै जीवनका पूर्वघटना र पूर्वअनुभवहरू हुन् । संस्मरणको विषयवस्तु विगत घटना, परिघटना र संस्मरणमा संश्लेषित भएर आउँछ । यसमा कतिपय विकीर्ण, सूक्ष्म र सङ्क्षिप्त विषय समेटिएका हुन्छन् । कतिपय ठोस विषयवस्तु पनि समेटिएका हुन्छन् ।

संस्मरणको विषय विगतका घटना, स्मृति, परिघटना, श्रुति, स्मृति आदिमा रहेको हुन्छ । त्यो घटना कुनै विषय केन्द्रित हुन पनि सक्छ र विभिन्न विषयलाई समेटेर आउने खालको पनि हुन्छ । संस्मरणको विषय स्मरण, घटना र अनुभूतिसमेतका अनुस्युतमा रहेको हुन्छ । त्यो विषयलाई कति मूर्त बनाउने र कति अमूर्त रूपमै प्रयोग गर्ने भन्ने कुरा संस्मरणकारमा भरपर्छ ।

संस्मरणमा विषयवस्तु आउँदा कतै आत्मकथा र कतै घटना वर्णन बनेर आएको हुन्छ । लेखकले विषयवस्तुलाई कतै सबल र कतै सामान्य सूत्रका रूपमा लिएको हुन्छ । संस्मरणको विषय मूलतः स्रष्टा स्वयम्को विगत हो । यो कतै आख्यान बनेर र कतै आख्यानमुक्त रूपमा नै विषयवस्तुका रूपमा रहन्छ ।

**पात्र (भोक्ता)**

संस्मरण निबन्धकै उपविधा हो । यसको संरचना निसंस्मरणका रूपमा रहे पनि यसमा आख्यानात्मक तत्त्वको संयोजन रहन्छ । त्यस्तो आख्यानात्मक तत्त्वले नै पात्र वा भोक्तालाई तत्त्वका रूपमा ग्रहण गरेको हुन्छ । पात्रको प्रत्यक्ष भूमिकामा लेखककै उपस्थिति रहन्छ । उसको प्रथमपुरूष पात्रका रूपमा उपस्थिति हुन्छ । अरूलाई अगाडि सारे पनि मूल परिचय उसकै रहन्छ ।

संस्मरणकार नै संस्मरण रचनाको नायक हो । आत्मपरक रूपमा संस्मरणकार आफ्ना भावना प्रस्तुत गरिरहेको हुन्छ । त्यस क्रममा उसको भूमिका कतै प्रमुख र कतै गौण हुँदै मूलतः प्रमुख भूमिकामा रहन्छ । उसका आन्तरिक अनुभूति र वाह्य अनुभूति प्रकट भएर नै संस्मरण हुन्छ । प्रायः नायक अनुकूल विन्दुमा उभिएर अनुकूल र प्रतिकूल पात्रका द्वन्द्वका बीच संस्मरणलाई गतिवान् बनाएको हुन्छ ।

कतिपय संस्मरणमा नेपथ्य पात्रहरू पनि आआफ्ना आवाज र आकृति लिएर आउँछन् । निबन्ध भए पनि यस उपविधामा आख्यानमा जस्तै निकै सशक्त ढङ्गले मञ्चीय र नेपथ्य दुवै पात्र आउँछन् । सत् र असत् पात्र पनि आउँछन् । उद्देश्यमूलक र अन्य पात्र पनि आउँछन् । पात्रहरू आन्तरिक र वाह्य दुवै द्वन्द्वमा फसेका हुन्छन् । त्यस्ता द्वन्द्वले आख्यानमा जस्तै विषयवस्तुलाई गतिवान् बनाउँछन् र कतै मात्रका द्वन्द्वभित्रै नाटकीय संवाद सामर्थ्य पनि संयोजित हुन्छ । लेखकले को र कस्तो पात्रलाई लिएर के र कस्तो सन्देश प्रवाह गर्न सकिन्छ भन्ने पक्षमा यिनै पात्रका केन्द्रबाट यथासक्य जोड दिएको हुन्छ । यस क्रममा नारी, पुरुष, प्रौढ, युवा, बाल, किशोर, सत् असत्, अनुकूल प्रतिकूल, नेपन्य मञ्चीय आदि सबै खालका पात्रलाई लेखकले आफ्नै नायकत्वमा सहायक, प्रसहायक वा गौण भूमिकामा प्रस्तुत गर्न सक्छ ।

**परिवेश**

संस्मरणले निश्चित परिवेश गर्भित गरेको हुन्छ । यस तत्त्वले संस्मरण रचनाको कार्यपीठिकाको भूमिका निर्वाह गर्दछ । संस्मरणले समयका हिसाबले भूतकालीक परिवेशलाई लिएको हुन्छ । यो पनि आख्यान तत्त्व रहेकाले यसमा आन्तरिक र वाह्य दुवै किसिमको परिवेश रहन्छ ।

संस्मरणले ग्रहण गर्ने परिवेशको क्षेत्र व्यापक हुन्छ । भौगोलिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक आदि बहुमुखी विषयक्षेत्रबाट परिवेश संयोजित बनेर संस्मरणको विकासलाई समेटेको हुन्छ । संस्मरणमा प्रत्यक्ष र परोक्ष रूपमा मञ्चीय र नेपथ्य दुवै किसिमका परिवेश समेटिएका हुन्छन् । कार्यको अनुकूलता निर्वाह र रचनाको स्वभावले माग गरेअनुसारको परिवेश लेखकका रुचि र क्षमता अनुसार संस्मरणमा संयोजित भएर रहन्छन् ।

संस्मरण रचनामा लेखकले आवश्यकताअनुसारको परिवेश उपयोग गर्न सक्छ । आख्यान वा नाट्य विधामा जस्तो परिवेशको प्रधानता नरहे पनि यस विधाका रचनामा मञ्चीय र नेपथ्यमध्ये कुनै एक र दुवै पनि परिवेश समेटिएर आइरहेका हुन्छन् । यसअन्तर्गत को, कहिले, कहाँ के जस्ता प्रस्नको जवाफ समेटिएको हुन्छ ।

### दृष्टिविन्दु

दृष्टिविन्दु संस्मरणलाई उपस्थित गर्ने परिप्रेक्ष हो । यो पात्र वा भोक्ताको उपस्थितिको कोण को । यसले पात्र वा भोक्ताको अवस्थितिलाई सङ्केत गर्दछ । संस्मरण रचनामा लेखमकै भोगाइ र स्मृति रहने हुनाले यो प्रत्यक्ष वा प्रथमपुरुष केन्द्रित हुन्छ । आख्यानमा जस्तो विषय र विचारको प्रतिनिधि नभए पनि भोक्ताको अवस्थिति सशक्त हुन्छ । यसलाई राजेन्द्र सुवेदीले संस्मरणको बाह्य तत्त्व मानेका छन् ।

मसिनो गरी हेर्दा संस्मरणमा अन्तरङ्ग प्रथमपुरुषात्मक र बहिरङ्ग प्रथमपुरुषात्मक दृष्टिविन्दुको प्रयोग भएको हुन्छ । अन्तरङ्ग बनेर मुख्य पात्र (म) ले भोगेका कुराहरू अनुभूतिसहित बताइरहेको हुन्छ । त्यस्तै कुनै गौण पात्रले प्रेक्षक भएर पनि मुख्य पात्रको कथा, व्यथा, समस्या वा अनुभूति नै भनिरहेको हुन्छ । संस्मरणमा म हामी पात्र नै मूल पात्रका रूपमा उभिएका हुन्छन् । यसमा जसले विषयवस्तुको उपस्थिति गर्छ उसैले त्यसको विस्तार गरिरहेको हुन्छ । यहाँ पात्र नै चेतनाको दर्पण बनिरहेको हुने हुँदा संस्मरणको सन्देशवहाक पात्रकै केन्द्रीयतामा संस्मरण अगाडि बढ्दछ । यस अर्थमा संस्मरणात्मक निबन्धहरू प्रथमपुरूष दृष्टिविन्दुमा संरचित हुन्छन् ।

### स्मृति

स्मृति संस्मरणको विधा पहिचायक तत्त्व हो । संस्मण रचनामा स्मृतिका माध्यमबाट पात्र वा भोक्ताले विषयवस्तुलाई जीवन्त बनाउँदै उपयुक्त परिवेशमा उभ्याउने प्रयास गर्दछ । यस तत्त्वले लेखकका पूर्वज्ञान, श्रुतिज्ञान र घटना, परिघटनालाई र चीनले जन्माएका कथा उपकथालाई पनि सँगसँलै गर्भित गर्दछ ।

संस्मरण रचनामा स्मृतिले नै विगत र आगतलाई जोडिरहेको हुन्छ । अनागत सन्दर्भ बोल्नु वा लेख्नु पऱ्यो भने पनि यो स्मृति तत्त्व नै प्रधान हुन्छ । स्मृति तत्त्वले विषयवस्तुको गहिराई, परिवेशको व्यापकता र पात्रको प्रबलतालाई नै मूलतः देखाउँछ । स्मृतितत्त्व सँगसँगै संस्मरणमा आवश्यक पर्ने स्रूति र पूर्वज्ञान पनि संयोजन बनेर आउँछन् । तिनले विषयवस्तुलाई गति प्रदान गर्नका साथै अभिव्यक्ति वा रचनाको सुगठनलाई प्रबल बनाउने काम गर्दछन् ।

स्मृति संस्मरण साहित्यको मूल तत्त्व हो । यस तत्त्वले नै लेखकका आन्तरिक अनुभूतिको गाँठो फुकाउने काम गर्छ । यसै तत्त्वले आप्तवाक्य, पूर्वज्ञान, श्रुति आदिलाई एकाकार गरी निबन्धमा लपेट्ने काम गर्दछ । यसले तात्विक भन्दा पनि निर्मित ज्ञानलाई बाहिर ल्याउँने भूमिका खेलिरहेको हुन्छ । स्मृतिकै माध्यमबाट संस्मरणकारले आफ्ना अन्तरमनका उतारचढावलाई प्रस्तुत गर्दै निबन्धलाई सुगठित बनाउँछन् । यसलाई राजेन्द्र सुवेदीले संस्मरणको पहिलो र प्रधान तत्त्व मानेका छन् (२०६८, पृ. ४००) । वास्तवमा संस्मरण भन्नु नै निबन्धको संस्मरणात्मक भेद देखाउने तत्त्व विशेष हो ।

**भाषाशैली**

साहित्यमा भाषाशैली भनिए पनि भाषाशैली एकै तत्त्व नभई दुई तत्त्व हुन् : एक भाषा र अर्को शैली । भाषा संस्मरणको अभिव्यक्ति माध्यम हो भने शैली त्यसको प्रस्तुतिको ढाँचा हो । संस्मरणमा आख्यानमा रहने भाषा भन्दा पनि निबन्धमा रहने भाषा निकटको भाषा र निबन्धमा रहने आत्मपरक शैलीका सूक्ष्म पक्षहरू समाहित हुन्छन् । यस विधाका रचनामा न्यून कल्पना रहेको संवेगात्मक भाषाको आवश्यकता पर्दछ । यस्तो भषाले संस्मरणको विषयसूत्र गठिलो बनाउँछ ।

संस्मरणलाई अभिव्यक्त गर्ने ढङ्ग नै शैली हो । संस्मरणको भाषा कल्पनाप्रधान भन्दा वस्तुपरक हुन्छ । यसमा काल्पनिक अमूर्त भाषाभन्दा यथार्थमूलक मूर्त भाषाकै प्रयोग गरिन्छ । साहित्यिक रचनाले रागात्मक भाषाको अपेक्षा गर्ने भए पनि यस विधाले सत्यतथ्यमा टेकेर प्रस्तुति दिनुपर्ने बाध्यता लेखकलाई रहन्छ । लोकोक्ति, उखान टुक्का, फरक फरक शब्दस्रोत, निपात, अनुकरणमूल आदि शब्दको  सान्दर्भिक प्रयोगले संस्मरणको भाषा प्रबल बनाएको हुन्छ । विम्ब प्रतीक र अन्य अलङ्करण प्रविधिको प्रयोग पनि अपेक्षित रहन्छ । यसमा आत्मपरक भाषा रहन्छ तर कविताका तुलनामा न्यून कल्पनाको संवेगात्मक भाषा र अनुभूतिप्रधान भाषा प्रयोग हुन्छ ।

संस्मरणमा लेखकले आफूलाई साधरणीकरण गरेर मूल पात्रका रूपमा उभ्याइरहेको हुन्छ । यस अर्थमा यसको शैली संस्मरणात्मक, आत्मलापात्मक, दैनिकीमूलक, भूतकालीक क्रियाबहुल अतीतोन्मुखी शैलीको हुन्छ । यसमा आख्यान र अन्य विधाका तुलनामा कल्पनाप्रधान शैलीले कम स्थान पाउँछ । कविता र निबन्धमा हुने काल्पनिक मर्दना वा अधिक कोमल शैली पनि यस विधामा खस्रो लाग्छ । अन्य पात्रसँगको संवाद र मञ्चीय एवम् नेपथ्य परिवेशको प्रस्तुतिका क्रममा नाटकीय शैलीको प्रयोग पनि संस्मरणमा हुन सक्छ । त्यस क्रममा छोटा छोटा संवादले संस्मरणलाई जीवन्त बनाउँछन् । मूलतः संस्मरण र चनाले उच्च कलात्मक निबन्धात्मक शैलीको नै अपेक्षा राख्छन् । निबन्धमा अधिक रुचाइएको र प्रयोग भएको व्यङ्ग्य विनोदी शैलीको प्रयोग पनि सुहाउँछ तर यथार्थ पात्र र परिवेश समेटिने हुँदा व्यङ्ग्य अटे पनि हास्यको संयोजनसहितको व्यङ्ग्यशैली उति सहज हुँदैन । बरु पत्रात्मक, संस्मरणात्मक शैलीको उपयोग सान्दर्भिक हुन्छ ।

**उद्देश्य वा सन्देश**

संस्मरण रचनाका उद्देशय विविध हुन सक्छन् । लेखकले पाठकलाई आफ्नो अतीत अनुभूतिसहित देखाउनु यसको एउटा उद्देश्य हो । स्मृतिसँग श्रुति ज्ञान र अन्य ज्ञान पनि रहने हुँदा तिनको विस्तार पनि अर्को उद्देश्य हो ।

अतीतका अनुभव र अनुभूतिको विस्तार पनि यसको उद्देश्य हो ।

संस्मरणकारले कुनै न कुनै विचार, सन्देश वा विश्वदृष्टि राखेको हुन्छ । तारानाथ शर्माको 'घनघश्याको उकालो काट्दा' निबन्धको मूल उद्देश्य वा सन्देश नेपालका विकट क्षेत्रको चिनारी दिनु हुन सक्छ । उनको 'आँसु छचल्किँदै जान्छ' संस्मरणात्मक निबन्धको सन्देश पिताको महत्त्व उजागर हुन सक्छ । यी र यस्ता रचनाले सम्बन्धित स्रष्टाको चेतनालाई देखाइराखेको हुन्छ । उसको दृष्टिकोण कति यथास्थितिवादी, कति अग्रगामी, कति क्रान्तिकारी, कति प्रगतिशील भन्ने कुरा पनि औंल्याएको हुन्छ । यस अर्थमा संस्मरण रचनामा मुख्य तत्त्वका रूपमा संस्मरणको सन्देश रहन्छ ।

संस्मरणको सन्देश आख्यान वा नाट्य विधाको जस्तो घुमाउरो पाराले नभई सोझो ढङ्गले प्रकट भएको हुन्छ । कविता जस्तो व्यञ्जनामूलक भन्दा पनि अविधा र लक्षणाका तहमा प्रकट भएको हुन्छ । लेखकले यस रचनाबाट कस्तो सन्देश प्रवाह गर्ने भन्ने उद्देश्यमा सचेत रहनुपर्छ । यहाँ कल्पना पनि मिसिन सक्छ तर कल्पनाले आख्यानको त्यस्तो स्वरूप लियो भने संस्मरण संस्मरण नै रहँदैन । यो कल्पित वा बनाइएको कथा नभई यथार्थको वर्णनबाट सिर्जित विषय वा विधा हुँदा लेखकले यसबाट दिन सक्ने सन्देश प्रयोजनमूलक रहन्छ । निश्चिन ठाउँ, घटना, परिवेश आदिको परिचय विस्तार नै यस विधाको मूल उद्देश्य बनिरहेको हुन्छ ।

**निष्कर्ष**

संस्मरण अतीतका लेखकीय अनुभूतिको निबन्धात्मक लेखन हो । यसमा लेखकले आफ्ना जीवनमा जोडिएका विषयको अभिलेखन गरेको हुन्छ । यसमा आउने विषयवस्तु लेखकका अनुभूतिले झपक्कै छोपिएर आउँछ । त्यस क्रममा लेखक नै प्रमुख पात्रका रूपमा र लेखकको अनुभूति र पूर्वज्ञान नै कथावस्तु र प्रकरीका रूपमा आएर अनुस्यूत बनिरहेको हुन्छ । स्रष्टाले जति बढी अनुभूति र विषयवस्तुलाई संश्लेषित रूपमा प्रस्तुत गर्‍यो संस्मरण त्यत्ति नै सफल र सबल बन्छ । संस्मरणको शाब्दिक अर्थ विगतको सम्झना भन्ने भए पनि यसको पारिभाषिक अर्थ साहित्यिक विधाका रूपमा स्थिर बनेको छ । यो साहित्यका प्रमुख चार विधामध्ये निबन्धात्मक प्रविधाका रूपमा साहित्य क्षेत्रमा स्थापित छ । यस विधाको प्रमुख स्वरूप बितेका घटना, विषय, प्रसङ्ग वस्तु र महत्त्वपूर्ण कुराको स्मृतिमा आधारित भएर लेखिने साहित्यिक विधाका रूपमा स्थिर बनेको छ । यस विधामा लेखकका जीवनमा घटेका घटना र तिनले पारेका प्रभावहरूको प्रस्तुति मूलतः आत्मकथात्मक ढाँचामा भएको हुन्छ । प्रबन्धात्मक रूपमा प्रस्तुत गर्दा आत्मकथातिर ढल्कने हुँदा यस विधालाई निजात्मक संस्मरणमा आधारित फुटकर वा लघु रूपमै प्रस्तुत गरिन्छ । यस विधाले निबन्धात्मक प्रविधा भएर

पनि निबन्धको भन्दा केही स्थूल आख्यान तत्त्व अवलम्बन गर्दै मूलतः स्मृतितत्त्वको टेको लिएको हुन्छ । यो आंशिक परिवेश र पात्रतामा निर्भर रहने आख्यानेत्तर गद्य विधाको रचना हो र यसको मूल स्वरूप निबन्धात्मक प्रविधाकै रूपमा जीवन्त छ ।

### सन्दर्भ सूची


आनन्द, खेलचन्द्र (सन् १९७४).*आधुनिक हिन्दी-गद्य.* दिल्ली : सूर्य प्रकाशन ।

ग्रे, मार्टिन (सन् २००८) *अ डिक्सनरी अफ लिटरेरी टर्म.* दिल्ली : डर्लिङ्ग किन्डस्ले ।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य सिद्धान्त, शोध तथा सिर्जनविधि.* काठमाडौं : पाठ्यसामग्री प्रकाशन ।

पन्त, जयराम (२०७९). 'आत्मवृत्तान्तको सैद्धान्तिक स्वरूप' पृ. ४३७-४६१). *रत्न वृहत् नेपाली समालोचना*

*(भाग ३).* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौं : रत्नपुस्तक भण्डार ।

प्रधान, पारसमणि (सन. १९६९). *नेपाली साहित्यको साउँ अक्षर.* कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८). 'संस्मरण सिद्धान्त' (पृ. ३९५-४०९) *रत्न वृहत् नेपाली समालोचना (भाग ३).* राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौं : रत्नपुस्तक भण्डार ।


---


**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Khabari Nepal**

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् ।**

**web : www.shabdarthaprakashan.com/**
**www.nepalipublisher.com**

**तपाईंले शब्दार्थ प्रकाशनका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

